# वेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनार्थ तयार पारिएको**

## शोधपत्र


**शोधकर्ता**

महेश्वर पन्थी

**क्याम्पस रोल नं.: ६९९ (२०६१-०६३)**

**दोस्रो वर्ष परीक्षा सि.नं. : २८०७२५**

**त्रि.वि. दर्ता नं. : ९-२-५०-१४३७-९९**

**नेपाली भाषा शिक्षा विभाग**

**त्रि.वि., कीर्तिपुर**


**२०६४**

**प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरुको तुलनात्मक अध्ययन**

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागका छात्र श्री महेश्वर पन्थीले ***प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन*** शीर्षकको शोध मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यप्रति म पूर्णरूपमा सन्तुष्ट रहेको छु र आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

**शोधनिर्देशक**

...............................

माधवप्रसाद पौडेल

(उप-प्राध्यापक)

त्रि.वि. शिक्षाशास्त्र सङ्काय

केन्द्रीय विभाग, कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय**
**नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

यस विभागका छात्र श्री महेश्वर पन्थीले तयार पार्नुभएको ***प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन*** नामक शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कनका समिति

| नाम | हस्ताक्षर |
|---|---|
| १. सहप्रा. भोजराज ढुङ्गेल | .............................. |
| २. प्रा.डा. रामचन्द्र लम्साल | .............................. |
| ३. प्रा.डा. हेमाङ्गराज अधिकारी | .............................. |
| ४. प्रा.डा. केदारप्रसाद शर्मा | .............................. |
| ५. डा. पारसमणि भण्डारी | .............................. |
| ६. श्री माधवप्रसाद पौडेल | .............................. |

मितिः २०६३/०९/१४

परिशिष्ट-१

**नमुना प्रश्नपत्र**

## प्रवेशिका परीक्षा २०६४ (2008)

(....................क्षेत्र)

**अनिवार्य नेपाली**

**विद्यार्थीले उत्तर दिँदा पाठ्यपुस्तकबट हु-बहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढङ्गमा आफ्नो कुरा अभिव्यक्त गरी सिर्जनात्मक उत्तर दिने गर्नुपर्दछ र अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन दिइनेछ ।**

समय :- तीन घण्टा | पूर्णाङ्क :- १००

उत्तीर्णाङ्क :- ३२

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।**

१. **तल दिइएका शब्दहरूको अर्थ लेख्नुहोस् :** ४

जन्जिर, आलोक, प्रजाति, अवमूल्यन, चिता, अदृश्य, दृष्टिगोचर, गन्तव्य

२. **कोष्टकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :** ३

(क) 'मकै' को लघुवाचक शब्द ................ हो । (घोगो, गेडो, बालो)

(ख) 'आकाश' को पर्यायवाची शब्द .................. हो । (सगर, सागर, ईश)

(ग) 'रासस' को विस्तारित रूप .................. हो । (राष्ट्रिय संवाद सचिवालय, राष्ट्रिय सङ्कलन समिति, राष्ट्रिय समाचार समिति)

(घ) पछिसम्मको कुरा देख्न सक्नेलाई ............ भनिन्छ । (पूर्वदर्शी, दूरदर्शी, पूर्णदर्शी)

(ङ) ........... शब्दहरू श्रुतिसमभिन्नार्थी शब्द हुन् । (जेठा-जेथा, धन-मन, दुःख-सुख)

(च) ............ अनेकार्थी शब्द हो । (माल, नयाँ, नवीन)

३. **अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्नुहोस् :** ५

वास्तुकला, घाँटी हेरी हाड निल्नु, अकबरी सुनलाई कसी लाउनु पर्दैन, पो, छपक्क

४. **तल दिइएको वाक्यलाई शुद्ध गरी लेख्नुहोस् :** ५

विदूरले भने, ओहो ढुङ्गा खोजदा चौता भेटाएँ । तपाईंका आस्रम न भेटाएर घुम्दा-घुम्दा कत्रो हैरान् ! खइ पाण्डव हरू कहाँ छ ?

५. **तल दिइएको वाक्यमा रेखाङ्कन गरिएका शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस् :** २

उनीहरू <u>बिहान</u> सबेरै उठ्छन् र <u>तातो</u> <u>चिया</u> पिएर गृहकार्य <u>गर्छन्</u> ।

६. **तल दिइएको वाक्यमा रेखाङ्कन गरिएका शब्दहरूको कारक छुट्याउनुहोस् :** २

<u>वर्षा</u>ले आफ्नो <u>झोलाबाट</u> एउटा <u>कलम</u> झिकिन् र <u>साथी</u>लाई दिइन् ।

७. **तल दिइएका उपसर्ग र प्रत्यय लगाई एक-एक वटा शब्द बनाउनुहोस् :** ४

उपसर्ग : उप, सम्, अति, परि

प्रत्ययः आइ, आलु, इय, अक्कड

**अथवा**

**तल दिइएका शब्दको आधारपद छुट्याउनुहोस् :**

प्रत्येक, विहार, खेलौना, अधिकार, प्रहार, कर्तव्य, नागरिक, दर्शक

८. **कोष्टकमा दिइएका सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** ५

(क) उर्मिला सुर्खेत ........................ । (जा : अज्ञात भूत)

(ख) कोइलीदेवी राम्रो गीत ..................... । (गाउँ : अभ्यस्त भूत)

(ग) सरीता उत्तीर्ण ..................... । (हु : पूर्ण वर्तमान)

(घ) निमेष चित्र ................... । (बनाउ : सामान्य भविष्यत्)

(ङ) सीता पुस्तक ................... । (पद : अपूर्ण वर्तमान)

**९. कोष्टकमा दिइएका निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** **५**

(क) हामीले किताब र कलम किनेका थियं ।                                  क्रमश :

(ख) मेरो निवेदन सुनियोस् । (कर्तृवाच्य)

(ग) हिमालमा हिउँ परेछ । (अकरण)

(घ) तिमीलाई पढ्न मन नभए नपढन त । (करण)

(ङ) उसले जाँच दिँदै छ । (प्रथम पुरुष)

**१०. निम्नलिखित अनुच्छेद पढी अन्तमा सोधिएका प्रश्नहरूको बढीमा दुई वाक्यसम्ममा उत्तर दिनुहोस् :** **५**

पश्चिमी मुलुकका महिलाहरू सामाजिक क्षेत्रमा निश्चय नै पूर्वीय समाजका महिलाके तुलनामा घरेलु र सामूहिक भूमिकामा प्रश्नमा बढी स्वाधीन र स्वतन्त्र छन् । वस्तुतः पश्चिमी महिलाहरूको यो सुदृढ, स्वतन्त्र र स्वाधीन स्थितिको श्रेय त्यहाँका पुरुषवर्गको उदात्त भूमिकामाथि नै जान्छ । अर्को अर्थमा पश्चिमी पुरुषहरू नारी समानताका प्रश्नमा प्रष्ट छन्, परम्परावादी र रुढ मान्यताबाट मुक्त छन् त्यसैले त्यहाँ नारी स्वतन्त्रताले स्थान पाएको छ । अवसर पाएमा वा दिइएमा सबैतिर महिलावर्गले पनि पुरुषले भन्दा राम्रा कामहरू गरेर देखाउन सक्छन् भन्ने कुरामा शङ्का छैन । यो तथ्य बारम्बार प्रमाणित हुँदै आएको छ । हामी कहाँ जति पनि महिला विकाससम्बन्धी गोष्ठी तथा कार्यक्रमहरू आयोजना गरिए पनि यस्ता कार्यक्रमहरूबाट निस्कने निष्कर्षलाई कार्यरूप दिनका लागि सामाजिक चेतनाको विकास हुनु नितान्त आवश्यक छ । यति गर्न सकेका खण्डमा पूर्वीय नारीहरू पनि सामाजिक क्षेत्रमा पश्चिमी नारीसरह हुनेछन् ।

**प्रश्नहरू :**

(क) पश्चिमी मुलुकमा महिलाहरू कुन अर्थमा बढी स्वतन्त्र छन् ?

(ख) पश्चिमी मुलुकहरूमा किन नारी स्वतन्त्रताले स्थान पाएको छ ?

(ग) यहाँ लेखकले नारीहरू पछि पर्नाको कारण के देखाएका छन् ?

(घ) सामाजिक चेतनाको विकास किन अनिवार्य छ ?

(ङ) 'उदात्त' र 'निष्कर्ष' शब्दको अर्थ लेख्नुहोस् ।

**११. तलको अनुच्छेदलाई एक तृतीयांश भावमा सारांश लेख्नुहोस् :** **५**

धेरै वर्ष पहिलेदेखि दक्षिण अफ्रिकामा अल्पसङ्ख्यक गोराहरूले शासनको बागडोर आफ्नो हातमा लिएका थिए । बहुसङ्ख्यक कालाहरूलाई पशुवत् व्यवहार गरिन्थ्यो । शिक्षा, स्वास्थ्य, रोजगार अदि विविध क्षेत्रमा काला र गोरा बीचमा व्यापक असमानता थियो । मुलुकका सहर, बजार एवम् विकसित ठाउँहरूमा गोराहरूको बसोबास थियो भने कालाहरू पिछडिएका ग्रामीण क्षेत्रमा बस्न बाध्य थिए । सरकारी स्तरका उच्चतहमा गोराहरूकै रजाइँ थियो । कालाहरू श्रमिक, मजदुर आदि जस्ता निम्न तहमा काम गर्न विवश थिए । कालाहरूको योग्यता र सीपको कुनै कदर थिएन । राजनीतिक एवम् प्रशासनिक क्षेत्रमा पनि गोराहरूकै एकाधिकार थियो । गोरा र कालालाई पढ्नका लागि फरकफरक स्कुलहरू खोलिएका थिए । प्राविधिक शिक्षाबाट कालाहरूलाई वञ्चित गरिएको थियो । ठूलाठूला उद्योग, कलकारखाना, महवपूर्ण खानी, उर्वरा भूमिजस्ता महवपूर्ण क्षेत्रमा गोराहरूले एकाधिकार जमाएका थिए ।

**१२. तलका कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

(क) दिइएका बुँदाहरूका आधारमा तीन अनुच्छेदमा कथा तयार पारी शीर्षकसमेत राख्नुहोस् :

एकादेशमा एउटा सानो गाउँ —– उक्त गाउँको एक झुप्रोमा एक दाउरे —– उसले दाउरा काटेर गुजारा —– एक दिन दाउरा काट्न ठूलो —– जङ्गल जानु —– जङ्गलको बीचमा पोखरी —– पोखरकिो छेवैमा ठूलो रुख —– उसले त्यो रुखमा चढेर दाउरा —– दाउरा काट्दा-काट्तै अचानक वन्चरो पोखरीमा —– दाउरे पोखरी डिलमा बसी रुनु —– त्यो सुनी पोखरीबाट जलदेवता प्रकट

भई रुनुको कारण सोध्नु —— दाउरेले बन्चरो हराएको बताउनु —— जलदेवताले सुनको बन्चरो देखाउनु —— यो बन्चरो आफ्नो नभएकोले दाउरेले लिन अस्वीकार गर्नु —— दोस्रोपटक जलदेवताले चाँदीको बन्चरो देखाउँदा पनि दाउरेले उक्त बन्चरो नलिनु —— तेस्रो पटक जलदेवताले फलामको बन्चरो देखाउनु ——उक्त बन्चरो देख्नासाथ दाउरे खुसी हुँदै सो बन्चरो आफ्नो भएको कुरा बताउनु —— दाउरेदेखि प्रसन्न भएका जलदेवताले उसलाई तीनवटै बन्चरा दिनु —— इमानदार व्यक्तिलाई ईश्वरले पनि सहयोग गर्छन् भन्ने सन्देश ।

(ख) दिइएका बुँदाहरूका आधारमा निबन्ध तयार पारी शीर्षकसमेत राख्नुहोस् :

वर्तमान युग विज्ञान र प्रविधिको युग —— विज्ञानको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको —— रेडियो, टेलिभिजन, टेलिफोन जस्ता सञ्चारको विकास —— रेल, मोटर, पानीजहाज, हवाइजहाज जस्ता यातायातका साधनको विकास —— वैज्ञानिक क्षेत्रमा भएको प्रगतिले घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्यआदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी र सुविधायुक्त हुनु —— वैज्ञानिक प्रविधिको सफलताको परिणामस्वरूप 'यन्त्रमानव' को आविष्कार—— यन्त्रमानव स्वचालित यन्त्र —— यसले मानिसका वैज्ञानिक औद्योगिक, घरायसी जस्ता विविध क्षेत्रहरूमा सहयोग —— कामको प्रकृतिअनुसार यसमा मानिसका जस्ता भुजा, हत्केला र औला जस्तै च्याप्ने र समात्ने अङ्गहरू हुने —— यसमा जडान गरिएको सञ्चालक यन्त्रका माध्यमबाट यसले सिधा, घुमाउरा र वाङ्गाटिङ्गा जस्तासुकै कार्यहरूको सञ्चालन —— यसको कार्यप्रणाली सञ्चालन वा नियन्त्रण गर्ने बौद्धिक यन्त्र भनेको कम्प्युटर —— यो मानवभन्दा उपयोगी —— आर्थिक दृष्टिकोणले पनि मितव्ययी हुने —— श्रम, शक्ति, सम्पत्ति र समयको बचत गर्न बहुउपयोगी यन्त्र ।

**१३. दाइजोको प्रलोभनमा परी विवाह गर्न लागेको आफ्नो साथीलाई उचित सल्लाह दिदैँ दश हरफसम्मको चिठी लेख्नुहोस् । ५**

**१४. तलका कुनै एक प्रश्नको (बढीमा १५० शब्दसम्ममा) उत्तर दिनुहोस् : ५**

(क) 'भाग्यभन्दा परिश्रम ठूलो' भन्ने शीर्षकको पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ख) आफ्नो जिल्लाको विद्यालयस्तरीय गजल प्रतियोगितामा आफू प्रथम हुँदा मनमा खेलेका तर्कनाहरूको समावेश गरी मनोवाद लेख्नुहोस् ।

**१५. कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई एउटा निबन्ध लेख्नुहोस् : १०**

(क) समाजसेवा (ख) बालअधिकार (ग) लोकतन्त्र

**१६. तल दिइएका मध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ५**

(क) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला ।

(ख) देश र जनताको कल्याणमा लाग्ने मानिस सानोतिनो प्रलोभन
र धम्कीमा परेर कहाँ आफ्नो स्वाभिमान गुमाउन चाहन्छ र !

**१७. तल दिइएका मध्ये कुनै तीन प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : १५**

(क) नेल्सन मन्डेलाले कसरी देश र जनतालाई स्वाधीन तुल्याए ?

(ख) 'जयभोलि' निबन्धमा नेपाली समाजका कस्ता विसङ्गतिहरू औंल्याइएको छ ?

(ग) 'देह र आत्मा' कविताको मूलभाव प्रस्ट्याउनुहोस् ।

(घ) पार्वतीले आफ्नो छोराको भविष्य कसरी निर्माण गरिन् ?

**१८. तल दिइएका मध्ये कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : १०**

(क) 'दोषी चस्मा' कथामा कथाकारले केशवराजको मानसिक अवस्थाको कस्तो विश्लेषण गरेका छन् ?

(ख) नेपालको शैक्षिक र पत्रकारिताको विकासमा जयपृथ्वीबहादुर सिंहको योगदानको चर्चा गर्नुहोस् ।

# विषयसूची

*पेज नं.*

## परिच्छेद–एक


शोधपरिचय १–९

१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ विषय प्रवेश १

१.४ समस्याकथन २

१.५ अध्ययनका उद्देश्यहरू ३

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ अध्ययन विधि ६

१.८ अध्ययनको महत्त्व ७

१.९ अध्ययनको सीमा ८

१.१० अध्ययनको योजना ९


## परिच्छेद–दुई


भाषिक प्रश्ननिर्माणका विविध पक्षहरूको सैद्धान्तिक विश्लेषण ज्ञण(घठ

२.१ मूल्याङ्कनसम्बन्धी अवधारणा १०

२.२ परीक्षा र मूल्यााङ्कन ११

२.३ भाषिक मूल्याङ्कन र परीक्षण १२

२.४ भाषिक मूल्याङ्कनको प्रकृति १४

२.५ परीक्षणका प्रचलित युक्ति १८

२.६ परीक्षाका अन्य युक्तिहरू २०

२.७ भाषिक परीक्षण योजना २२

२.७.१ परीक्षण उद्देश्यको निर्धारण १२

२.७.२ पाठ्यक्रम विश्लेषण २४

२.७.३ विशिष्टीकरणको तालिकाको निर्माण र प्रयोग २४

२.७.४ प्रश्न रचना २४

२.७.४.१ प्रश्नका प्रकार २५

२.८ प्रश्नहरूको सङ्गठन निर्देशन र अन्तिम तयारी २९

२.९ परीक्षण प्रशासन र अङ्कन विधि ३०

२.१० भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्कमापन ३२

२.११ प्रश्नविश्लेषणका आधारहरू ३३

२.११.१ तथ्याङ्कशास्त्रीय आधार ३३
२.११.२ सैद्धान्तिक आधार ३४
२.१२ सङ्क्षेप ३६

परिच्छेद-तीन

बाह्य आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन घड(टछ

३.१ निर्देशन ३८
३.१.१ शीर्ष निर्देशन ३८
३.१.२ प्रश्न-निर्देशन ३९
३.१.३ विकल्प-निर्देशन ४१
३.१.४ पृष्ठ-निर्देशन ४२
३.२ अङ्क विभाजन र समय निर्धारण ४३
३.२.१ पूर्णाङ्क र त्यसको वितरण ४३
३.२.२ उत्तीर्णाङ्क ४५
३.२.३ भाषिक सीप र अङ्क विभाजन ४६
३.२.४ समय निर्धारण ५५
३.३ प्रस्तुति अनुक्रम ५६
३.४ प्रश्नपत्रको स्वरूप ५७
३.५ भाषा ६०
३.६ सङ्क्षेप ६४

परिच्छेद - चार

आन्तरिक आधारमा प्रश्नको तुलनात्मक अध्ययन ६६-९४

४.१ पाठ्यक्रमअनुरूपता ६६
४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन ७३
४.३ प्रश्नमा हुनुपर्ने गुण ८२
४.४ भाषा ९०
४.५ प्रश्नका विविध पक्षहरू ९०
४.६ सङ्क्षेप ९३

परिच्छेद-पाँच

उपसंहार ९५-१०१

५.१ निष्कर्ष ९५
५.२ सुझावहरू ९९
सन्दर्भसूची १०२

# तालिकासूची

***पेज नं.***


| | | |
|---|---|---|
| तालिका नं १ | : प्रश्न र पूर्णाङ्क वितरण | ४४ |
| तालिका नं. २ | : विशुद्ध पढाइसीप परीक्षण र अङ्क विभाजन | ४८ |
| तालिका नं. ३ | : विशुद्ध लेखाइ सीप परीक्षण र अङ्क विभाजन | ४९ |
| तालिका नं. ४ | : पढाइ र लेखाइ (एकीकृत) सीप परीक्षण | ५१ |
| तालिका नं. ५ | : शब्दभण्डार परीक्षण र अङ्क विभाजन | ५२ |
| तालिका नं. ६ | : व्याकरण परीक्षण र अङ्क विभाजन | ५४ |
| तालिका नं. ७ | : मूल्याङ्कन अङ्कभार | ६९ |
| तालिका नं. ८ | : विशिष्टीकरण तालिका | ७२ |
| तालिका नं. ९ | : विशुद्ध पढाइ सीप परीक्षण | ७४ |
| तालिका नं. १० | : विशुद्ध लेखाइ सीप परीक्षण | ७५ |
| तालिका नं. ११ | : पढाइ र लेखाइ (एकीकृत) सीप परीक्षण | ७७ |
| तालिका नं. १२ | : शब्दभण्डार क्षमता परीक्षण | ७९ |

# परिच्छेद–एक
# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक *प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन* रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को आवश्यकता परिपूर्तिका लागि तयार पारिएको छ ।

### १.३ विषय प्रवेश

नेपाली भाषा राष्ट्रभाषा भएकाले यस भाषाको शिक्षण प्राथमिक तहदेखि उच्च तहसम्म हुँदै आएको छ । नेपाली भाषा शिक्षणलाई प्राथमिकतामा राख्नु पक्कै पनि सह्रानीय काम हो । नेपाली भाषा माध्यम भाषा भएकाले नेपाली भाषालाई अनिवार्य विषयको रूपमा विद्यालय स्तरको प्रारम्भिक तहदेखि उच्च तहसम्म पठन-पाठन गर्दै/गराउँदै आएको पाइन्छ ।

देशमा बदलिँदो राजनितिक परिवर्तनसँगै शिक्षामा पनि परिवर्तन आएको देखिन्छ । गुरुकुल प्रणालीबाट सुरु भएको नेपाली शिक्षा १९५८ को भाषा पाठशालाबाट कोल्टे फेर्दै वि.स. २०११ देखि विभिन्न आयोगको गठन र पुनर्गठनद्वारा विभिन्न समयमा परिष्कृत हुँदै आएको पाइन्छ । वि.स. २०२८ सालदेखि देशभर एउटै पाठ्यक्रम लागु भएपछि नेपाली भाषा शिक्षणमा सुधार आएको देखिन्छ । बदलिँदो परिस्थितिअनुरूप नेपाली भाषा शिक्षणका लागि पाठ्यक्रममा समेत सुधार गर्दै लगेको देखिन्छ । यही बदलिँदो परिस्थितिअनुरूप पछिल्लोपटक *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५* निर्माण गरी २०५६ श्रावण १ देखि कक्षा ९मा र २०५७ श्रावण १ देखि कक्षा १० मा लागु गरेको देखिन्छ । माध्यमिक तहका विद्यार्थीको उपलब्धि परीक्षण गर्न प्रवेशिका परीक्षाको व्यवस्था गरिएको देखिन्छ । प्रवेशिका परीक्षालाई मर्यादित बनाउन

२०५७ सालदेखि क्षेत्रीयस्तरमा प्रश्नपत्रको निर्माण गर्न थालेको देखिन्छ । प्रवेशिका परीक्षाका लागि निर्माण गरिने प्रश्नपत्र वस्तुगत, वैज्ञानिक र उपयोगी बनाउन २०६३ सालदेखि विशिष्टीकरण तालिकाको निर्माण गरी सोही तालिकाअनुरूप प्रश्नपत्रको निर्माण गर्ने कार्यको सुरुवात गरेको देखिन्छ । वि.सं. ०६२ सम्म प्रवेशिका परीक्षाका लागि निर्मित प्रश्नपत्रहरू कक्षा ९ र १० को संयुक्त पाठ्यक्रममा आधारित रहेको देखिन्छ भने ०६३ को प्रवेशिका परीक्षाका लागि निर्मित प्रश्नहरू कक्षा १०को पाठ्यक्रममा मात्र आधारित रहेको देखिन्छ । यसरी ०६२ र ०६३ का प्रश्नहरूमा रहेका सबलता र दुर्बलताहरू पहिल्याउन *प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन* गर्ने प्रयास यस शोधपत्रमा गरिएको छ ।

### **१.४ समस्याकथन**

कुनै पनि शोधका लागि समस्या प्रमुख सर्त हो । समस्यालाई पूर्ण परिभाषित नगरेसम्म शोधप्रकिया अगाडि बढ्न सक्दैन । कुनै खास तहका खास कक्षामा अध्ययनरत विद्यार्थीहरूको खास क्षमताको पहिचान शैक्षिक सत्रको अन्त्यमा लिइने मूल्याङ्नबाट थाहा पाउन सकिन्छ । यद्यपि यस्तो प्रकारको मूल्याङकन मात्र पर्याप्त भने हुँदैन ।

जबसम्म सम्बन्धित कक्षाका विद्यार्थीहरूको खास शैक्षिक क्षमताको पहिचान गर्न सकिँदैन, तबसम्म विद्यार्थीहरूले के सिके ? कति सिके ? अथवा उनीहरूको उपलब्धिको स्तर कस्तो छ भनी लेखाजोखा गर्न सकिदैन । यस्ता उपलब्धिस्तरको लेखाजोखा विभिन्न किसिमका परीक्षाहरू जस्तैः लिखित ⁄मौखिक परीक्षा, कक्षा अवलोकन आदि मार्फत गर्न सकिन्छ । परीक्षा मूल्याङ्कनको त्यस्तो साधन हो जसले विद्यार्थीहरूमा अन्तर्निहित क्षमताको जाँच गर्दछ । यसमध्ये सबैभन्दा प्रचलित रूपमा लिखित परीक्षा प्रणाली रहेको छ । लिखित रूपमा लिइने परीक्षाका लागि प्रश्नपत्र निर्माणको अनिवार्यता रहन्छ । जुनसुकै कक्षा वा तहको लागि तयार पारिने प्रश्नहरूको मह□व समान हुन्छ; त्यसैले प्रश्नहरूको निर्माण कार्य त्यति सजिलो छैन । जुनसुकै उमेर र तहका लागि प्रश्नको निर्माण गर्दा विद्यार्थीहरूको योग्यता र क्षमताअनुकूल

स्तरीय, विश्वसनीय र वैधसमेतको पूर्ण ख्याल गर्नु आवश्यक ठानिन्छ । प्रवेशिका परीक्षाका लागि माध्यमिक तहको पाठ्यक्रमको अपेक्षाबमोजिमको उद्देश्य परिपूर्ति गर्ने खालका प्रश्नहरूको निर्माण तयार गरिनुपर्छ । यसरी जुनसुकै तह वा कक्षाका लागि लिइने परीक्षाका प्रश्नहरू के, कति उपयुक्त वा अनुपयुक्त छन्, सोको अध्ययन-विश्लेषण समयसमयमा गरिएमा प्रश्नहरूको गुणस्तर वृद्धि भई अपेक्षाकृत उपलब्धि हासिल हुन सक्छ । २०६२ सालसम्मको प्रवेशिका परीक्षाका प्रश्नहरू कक्षा ९ र १० दुवैमा आधारित रहेको पाइन्छ भने २०६३ को प्रवेशिका परीक्षाका प्रश्नहरू कक्षा १०को पाठ्यांशमा मात्र आधारित रहेका छन् । जे जसरी प्रश्नहरू निर्माण गरिए पनि ती गुणयुक्त, वैध र विश्वसनीय किसिमका छन् कि छैनन् र तिनमा के-कस्ता सुधारको आवश्यकता छ भन्ने कुरा नै प्रस्तुत शोधको समस्या हो । अतः त्यसै समस्यामा केन्द्रित भएर प्रस्तुत अध्ययनलाई अगाडि बढाइएको छ ।

### १.५ अध्ययनका उद्देश्यहरू

यस शोधअध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु,
- २०६२ र ०६३ अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्नु,
- उक्त प्रश्नपत्रमा रहेका कमजोरीहरू पहिल्याउनु,
- प्रवेशिका परीक्षाका अनिवार्य नेपाली विषयका प्रश्नपत्रसुधारका लागि सुझावहरू दिनु,

### १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययनीय विषयको अध्ययन गर्दा उक्त विषयसँग सम्बन्धित पूर्व कार्यहरू के, कति भएका छन् वा कति हुन बाँकी छन् भन्ने कार्यको पहिचान गर्नु नै पूर्वकार्यको समीक्षा हो । यस सन्दर्भमा प्रश्नहरूको विश्लेषणत्मक अध्ययन केही मात्रामा भएको पाइए पनि त्यस्ता अनुसन्धानहरू पनि सङ्ख्यात्मक रूपमा ज्यादै कम मात्रामा रहेको देखिन्छ ।

माधवप्रसाद पौडेलद्वारा *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाविषयक प्रश्नहरूको विश्लेषण* शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । जुन शोधपत्रमा सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारको पहिचान गर्ने, भाषिक प्रश्न निर्माणका आधारमा जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा आठका नेपाली भाषाका प्रश्नपत्र एवम् प्रश्नहरूको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्ने, विश्लेषणका आधारमा देखिएका त्रुटि एवम् कमजोरीहरूको पहिचान गर्ने तथा निष्कर्ष र सुझावहरू दिने जस्ता उद्देश्यहरूमा आधारित रहेको देखिन्छ । क्षेत्रीय विधिद्वारा सामग्री सङकलन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित रहेको उक्त शोधपत्रमा प्रश्नपत्रमा दिइएको निर्देशन अस्पष्ट र त्रुटिपूर्ण रहेको, प्रश्नहरूमा एकरूपता नभएको, पूर्णाङकको स्थूल वितरणमा विविधता रहेको र प्रश्नहरूको प्रस्तुति - अनुक्रम अवैज्ञानिक र दुर्बल रहेको, प्रश्नपत्र निर्माणमा पाठ्यक्रमअनुरूपतालाई उपेक्षा गरिएको जस्ता निष्कर्षहरू रहेका देखिन्छन् ।

यस्तै महेन्द्ररत्न क्याम्पस ताहाचलमार्फत अम्बिकाप्रसाद रेग्मीद्वारा *कक्षा पाँचको नेपाली भाषा विषयक प्रश्नहरू (२०५४) को विश्लेषण* नामक शोधपत्रको तयार गरिएको पाइन्छ । यस शोधपत्रमा जिल्ला स्तरीय परीक्षा (२०५४) मा प्रयोग भएका कक्षा पाँचको नेपाली भाषा विषयक प्रश्नहरूको विभिन्न सैद्धान्तिक आधारबाट अध्ययन गर्ने, उपर्युक्त प्रश्नहरूमा पाइएका कमी कमजोरीहरू औल्याउने र सुधारका निम्ति सुझावहरू प्रस्तुत गर्ने जस्ता उद्देश्यहरूमा केन्द्रित गरिएको पाइन्छ । क्षेत्रीय अध्ययन विधिमा आधारित उक्त शोधपत्रमा स्वरूपका आधारमा प्रश्नपत्रमा एकरूपता नभएको, भाषिक सीपका आधारमा सुनाइ र बोलाइ सीप विकासका निम्ति प्रश्नहरू मौन रहेको र सैद्धान्तिक ज्ञानलाई बढी जोड दिइएको जस्ता निष्कर्षहरू रहेका देखिन्छन् ।

दिलिपकुमार आचार्यद्वारा *२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषा प्रश्नहरूको विश्लेषण* नामक शोधपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरूमा नेपाली भाषाका प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू

पहिल्याउने, सङकलन गरिएका प्रश्नहरूको तुलनात्मक अध्ययन गरी विश्लेषण गर्ने; प्राप्त त्रुटि तथा कमजोरीहरूका आधारमा सुझाव पेश गर्ने रहेका देखिन्छन् । उक्त अध्ययनमा क्षेत्रीय सामग्री सङ्कलन विधिद्वारा विविध क्षेत्रका प्रश्नहरूको प्रतिनिधि□व हुनेगरी सामग्री सङ्कलन गरिएको पाइन्छ । यस शोधमा प्रश्नपत्रको विश्लेषण आन्तरिक र बाह्य आधारका विविध उपआधारहरूमा आधारित रही अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको देखिन्छ ।

रामचन्द्र इटनीद्वारा *एस.एल.सी.टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयक प्रश्नहरूको अध्ययन* शीर्षकमा शोधपत्र तयार पारिएको छ । जुन शोधपत्रमा एस.एल.सी. टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयक प्रश्नहरूको विभिन्न आधारबाट अध्ययन गर्ने; प्रश्नमा पाइएका तहगत स्तर पहिचान गर्ने, सुझावहरू प्रस्तुत गरी जस्ता उद्देश्यहरू रहेका छन् । उक्त अध्ययनको सामग्री सङ्कलनमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । उक्त अध्ययनमा प्रश्नपत्रको सैद्धान्तिक परिचय, प्रश्नपत्रको स्वरूप, भाषिक सीप, व्याकरण र शब्दभण्डार आदि छुट्टिने गरी तालिकाबद्ध रूपमा प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ । निष्कर्षका रूपमा शिरोभागमा प्रयुक्त अक्षरको आकारमा एकरूपता नपाइएको, केवल विषयगत प्रश्नहरूको मात्र प्रयोग गरेको, प्रश्नपत्रको आकार प्रकारमा विविधता रहेको जस्ता कुराहरू दर्साइएको छ ।

*उच्च-माध्यमिक तह अनिवार्य नेपाली विषयका (२०५६-०५९) प्रश्नपत्रहरूको विश्लेषणात्मक अध्ययन* नामक शोधपत्र तयार पार्ने काम हिममाया पौडेलद्वारा भएको देखिन्छ । उच्च-माध्यमिक तहको नेपाली भाषा (अनिवार्य) का प्रश्नहरू (२०५६-०५९) को विभिन्न आधारमा सैद्धान्तिक अध्ययन गर्ने मुख्य उद्देश्यमा यो शोधपत्र केन्द्रित रहेको देखिन्छ । २०५६-०५९ सम्मका प्रश्नहरूको सङ्कलन गरी विश्लेषणात्मक विधिका आधारमा शोध प्रतिवेदन तयार पारिएको देखिन्छ । जुन शोधपत्रमा आन्तरिक र बाह्य आधारमा आधारित रही प्रश्नहरूको अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगिएको पाइन्छ ।

*कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएको प्रश्नहरूको अध्ययन* नामक शीर्षकमा कमलबहादुर बस्नेतद्वारा अनुसन्धान गरिएको छ । जुन अनुसन्धानमा भाषिक प्रश्ननिर्माणका आधारहरूको सैद्धाान्तिक आँकलन गर्ने, प्रश्नपत्रका बाह्य र आन्तरिक वैधताका आधारको अध्ययनबाट प्राप्त कमजोरीहरू औँल्याई सुधारात्मक उपायहरू दिने जस्ता उद्देश्यहरूमा शोधपत्र केन्द्रित रहेको देखिन्छ । यस शोधपत्रमा क्षेत्रीय सामग्री सङ्कलन विधिको आधार लिइएको छ भने निष्कर्षको रूपमा, वर्णविन्यास तथा विश्वसनीयता र वैधतामा समस्या देखिएको, पाठ्यपुस्तकलाई ज्यादा मह□व दिइएको भाषिक सीपमा जोड दिने प्रश्नहरूको समावेशमा कमी जस्ता कुराहरू देखाइएको छ ।

### १.७ अध्ययन विधि

यस शोधपत्रका लागि निम्न अध्ययन विधिहरूको प्रयोग गरिएको छ :

### (क) सामग्री सङ्कलन

२०६२ र ०६३ मा उपयोग गरिएका प्रवेशिका परीक्षाका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्न नेपालका तीन विकासक्षेत्र अर्थात् मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका २/२ प्रश्नपत्रहरू गरी जम्मा ६ वटा प्रश्नपत्रहरूको सङ्कलन विभिन्न माध्यमबाट गरियो ।

### (ख) अध्ययन विधि एवम् प्रक्रिया

यस शोधमा भाषिक प्रश्न निर्माणका पक्षहरूको सैद्धान्तिक विश्लेषण गर्दै भाषिक प्रश्न निर्माणका दुई आधारहरू बाह्य र आन्तरिक वैधताका आधारबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण र तुलना गरिएको छ । यसरी अध्ययन गर्दा प्रश्नहरूमा रहेका तथ्यहरूलाई उद्घाटित गर्न तालिकीकरण गर्नुपर्ने प्रमुख विषयवस्तुलाई जनाउन विभिन्न तालिकाहरूको प्रयोग गरिएको छ । प्रतिनिधि प्रश्नहरूलाई अध्ययन र विश्लेषणका क्रममा उदाहरणका रूपमा प्रस्तुत गर्नुपर्ने विषयलाई जस्ताको त्यस्तै उतार गरिएको छ । सङ्कलित प्रश्नहरूमा मध्यमाञ्चल क्षेत्र जनाउन RE - 505B; पश्चिमाञ्चल क्षेत्र जनाउन RE-505 र मध्यपश्चिमात्तचल

जनाउन RE - 505D लेखिएको भए पनि यस शोधपत्रमा मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल लेखी क्षेत्रहरूलाई स्पष्ट पारिएको छ । प्रश्नपत्रहरूलाई मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल ०६२ र ०६३ का क्रमानुसार राखिएको छ । प्रतिनिधि प्रश्नहरूलाई क्षेत्रअनुसार वर्णानुक्रममा राखी बाह्य र आन्तरिक आधारका विभिन्न उपआधारहरूमा आधारित रहेर पुस्तकालीय अध्ययन विधिबाट यो शोधपत्र तयार पारिएको छ, साथै सङ्कलित प्रश्नहरूलाई यसै शोधको परिशिष्टमा समावेश गरिएको छ ।

**१.८ अध्ययनको महत्त्व**

प्रश्नहरू भनेका परीक्षाका साधनहरू हुन् । प्रश्नहरूले शैक्षणिक उद्देश्य र पाठ्यवस्तुलाई प्रभावकारी रूपमा प्रतिनिधि□व गर्नुपर्दछ । सान्दर्भिक प्रश्नहरूको निर्माण गर्दा योजना बनाएर मात्र प्रश्न निर्माण गर्ने; प्रश्नहरू अपेक्षित परिणामहरूसँग दाँज्ने; प्रतिनिधिमूलक प्रश्नको नमुना छनोट गर्ने; उपयुक्त कठिनाइस्तरका प्रश्नहरूको छनोट गर्ने; उत्तरसँग असम्बन्धित बाधा अड्चनहरू हटाउने; उत्तरका अनपेक्षित कुराहरू हटाउने आदि कार्य गर्नुपर्दछ । भाषिक परीक्षणका सन्दर्भमा मुख्यतः पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका र भाषिक सीपमा आधारित प्रश्नहरूको निर्माण गरिनुपर्छ । यी र यस्तै कुराहरूमा प्रस्तुत शोध केन्द्रित रहेकोले यस अध्ययनको मह□व रहेको छ ।

प्रश्नहरू भनेका विद्यार्थीहरूमा अन्तर्निहित क्षमताको जाँच गर्ने साधनहरू हुन् । त्यस्ता साधनमार्फत विद्यार्थीको क्षमताको पहिचान गरिने हुँदा प्रश्नहरूले विद्यार्थीको मात्र मूल्याङ्कन नगरेर समग्र शैक्षिक कार्यक्रमकै मूल्याङ्कन गर्नमा मह□वपूर्ण भूमिका खेलेको हुन्छ । प्रश्नपत्रको निर्माणले मूल्याङ्कन परिपाटीलाई सरल र सहज तुल्याउने भएकाले प्रश्नपत्र निर्माणको अपरिहार्यतालाई नकार्न सकिँदैन । *फलामे ढोका* भनेर पनि चिनिने प्रवेशिका परीक्षा माध्यमिक तहकै सम्पूर्णताको परीक्षा भएकोले यस परीक्षाका लागि निर्माण गरिने प्रश्नहरू विद्यार्थीहरूको क्षमता र योग्यताअनुकूल, स्तरीय, विश्वसनीय र वैध हुनु आवश्यक ठानिन्छ । माध्यमिक तहको पाठ्यक्रमको अपेक्षाबमोजिमको उद्देश्यको परिपूर्ति गर्ने खालका प्रश्नहरूको निर्माण परीक्षण प्रश्नमा हुनुपर्छ । त्यसैले यस्ता प्रश्नहरूको आन्तरिक र बाह्य वैधताको सान्दर्भिक विश्लेषण

भइरहनुपर्दछ । यस्तै खालका सवालहरूमा आधारित रही अध्ययन गर्ने यस शोधको उद्देश्य रहेको हुँदा यस अध्ययनको मह□व रहेको छ ।

भाषिक प्रश्नहरूमा स्तरीयता छ या छैन, विद्यार्थीको क्षमताअनुकूल छ या छैन, प्रश्नहरू विश्वसनीय र वैध छन् या छैनन् आदि आधारमा प्रश्नहरूको विश्लेषण गर्ने र विगत र वर्तमानका प्रश्नहरूको तुलना गर्दै प्रश्नपत्रमा सुधार आयो वा आएन, आएको भए के कति मात्रामा आयो वा प्रश्नपत्रमा अरू सुधार ल्याउन के कस्ता प्रयत्नहरू गर्नुपर्दछ भन्ने सवालहरू भाषाशिक्षणमा अत्यन्त मह□वपूर्ण हुन्छन् र यिनै विविध पक्षमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार भएकाले यसको विशेष मह□व रहेको मान्न सकिन्छ । तुलनात्मक रूपमा दुई वर्षका प्रश्नहरूको अध्ययन विश्लेषण भएको नपाइएकोले पनि यस अध्ययनको मह□व अझ स्पष्ट भएको छ ।

### १.९ अध्ययनको सीमा

जुनसुकै अध्ययनको क्षेत्र, परिवेश, सामग्री आदिको संभाव्यता अध्ययन अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । कुनै पनि अनुसन्धानले सम्पूर्ण पक्षलाई समेट्न नसक्ने हुँदा अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । प्रस्तुत अध्ययन कार्य गर्न देशका मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल क्षेत्रका प्रश्नहरूमा मात्र प्रस्तुत शोध केन्द्रित रहेको छ । यस अध्ययनको सीमाङ्कन यसरी गरिएको छ :

क. प्रवेशिका परीक्षाका अनिवार्य नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन

ख. २०६२ र २०६३ सालमा सोधिएका प्रश्नहरूको मात्र अध्ययन

ग. २०६२ र २०६३ मा सोधिएका तीन विकास क्षेत्र (मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल) का प्रश्नहरूको मात्र अध्ययन

घ. प्रवेशिका परीक्षा २०६२ र ०६३ का नियमित र पूरा (एक्जाम्प्टेड) परीक्षाका प्रश्नहरूको मात्र अध्ययन

ङ. प्रश्नहरूको सैद्धान्तिक आधारमा मात्र अध्ययन विश्लेषण

च. वैधताका दृष्टिले विषयगत वैधता र रचनात्मक वैधताको आधारमा मात्र अध्ययन

### १.१० अध्ययनको योजना

*प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन* नामक शोधकार्य गर्दा मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका प्रश्नहरूको सङ्कलन गरी अध्ययन विश्लेषण एवम् तुलना गरियो । यस अध्ययनलाई पूरा गर्न यस शोधकार्यलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ, जुन निम्नलिखित रहेका छन् :

**१. परिच्छेद–एक**

यस परिच्छेदमा शोध परिचय राखिएको छ । यसमा शोध शीर्षक, शोधको प्रयोजन, विषय प्रवेश, समस्याकथन, अध्ययनका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, अध्ययनविधि, अध्ययनको मह□व र अध्ययनको सीमाजस्ता कुराहरूको समावेश गरिएको छ ।

**२. परिच्छेद–दुई**

यस परिच्छेदमा भाषिक प्रश्ननिर्माणका बाह्य र आन्तरिक आधारहरूको सैद्धान्तिक विश्लेषण गरिएको छ ।

**३. परिच्छेद–तीन**

यस परिच्छेदमा प्रश्नको विश्लेषणका बाह्य आधारअन्तर्गतका उपआधारहरू जस्तैः निर्देशन, अङ्क विभाजन, प्रस्तुति अनुक्रम, स्वरूप र भाषा (अर्थअघातक) का आधारमा प्रश्नहरूको अध्ययन गरिएको छ ।

**४. परिच्छेद–चार**

यस परिच्छेदमा प्रश्नपत्र विश्लेषणका आन्तरिक आधार अन्तर्गतका उप-आधारहरू पाठ्यक्रमअनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण र भाषा (अर्थघातक) आदिका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गरिएको छ ।

**५. परिच्छेद–पाँच**

यस परिच्छेदलाई उपसंहारका रूपमा प्रस्तुत गरिएको छ । यसमा अध्ययनबाट प्राप्त तथ्यहरूको निष्कर्ष र आवश्यक सुझावहरू प्रस्तुत छन् ।

अन्तमा सन्दर्भग्रन्थ सूची र प्रतिनिधि प्रश्नहरू र नमुना प्रश्नपत्र समेतलाई परिशिष्टमा समावेश गरी यस शोधलाई पूर्णता प्रदान गरिएको छ ।

# परिच्छेद–दुई

# भाषिक प्रश्‍ननिर्माणका विविध पक्षहरूको सैद्धान्तिक विश्लेषण

## २.१ मूल्याङ्कनसम्बन्धी अवधारणा

*मूल्य* + *अङ्क* + *अन* मिली बनेको *मूल्याङ्कन* शब्दको अर्थ कुनै पनि कार्यको सङ्ख्या वा अङ्कद्वारा मूल्य निर्धारण गर्नु भन्ने हुन्छ । मूल्याङ्कन शिक्षा र मनोविज्ञानका क्षेत्रमा नयाँ धारणा हो, जुन मापनभन्दा व्यापक स्वरूपको हुन्छ । *मूल्याङ्कन* शब्दको प्रयोग हाल प्रचलनमा भए पनि यसले बुझाउने अर्थलाई *परीक्षा* र *जाँच* जस्ता प्राचीन शब्दहरूमार्फत चिनाउने गरिएको पनि पाइन्छ ।

विद्यार्थीहरूले शिक्षक वा गुरुबाट दिइएका निर्देशन एवम् पढाइका आधारमा पाठलाई कण्ठस्थ गरी सुनाउने, पढेर सुनाउने आदि जस्ता कार्यहरू गरे वा नगरेको आधारमा सफल वा असफल भनी घोषणा गर्ने परम्पराबाट विकास हुँदै आधुनिक वैज्ञानिक धारणाका रूपमा *मूल्याङ्कन* शब्द प्रचलनमा आएको छ । मूल्याङ्कनसम्बन्धी विभिन्न विद्वानवर्गले दिएका परिभाषालाई तल क्रमशः उल्लेख गर्ने प्रयास गरिएको छ :

(१) ग्रोनलुन्डको *डिक्सनरी अफ एजुकेसन*का अनुसार *मूल्याङ्कनअन्तर्गत विद्यार्थीको व्यवहारको गुणात्मक र परिमाणात्मक दुवैको विवरणको साथै त्यस व्यवहारसँग सम्बन्धित मूल्यनिर्धारणसमेत पर्दछ ।*

(२) कर्नव्याकका अनुसार *मूल्याङ्कन भनेको शैक्षिक कार्यक्रमलाई व्यवस्थित ढङ्गले जाँचबुझ गर्ने कडी हो ।*

(३) टेलरका अनुसार *वास्तविक रूपमा शैक्षिक उद्देश्यहरूलाई कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो ।*

(४) शिक्षा शब्दकोशअनुसार *मूल्याङ्कन कर्ताद्वारा कुनै पनि वस्तुको मूल्य निर्धारण गर्न अपनाइएको प्रक्रियालाई मूल्याङ्कन भनिन्छ ।*

(५) माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)का अनुसार- *पाठअन्तर्गत विभिन्न गद्यपद्य विधाका पाठको विषयवस्तु, मूलभाव, घटना, सन्देश, पात्र*

*आदिका सम्बन्धमा गरिने परीक्षण र बोधअन्तर्गत दृष्टांश-अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमता परीक्षण गर्ने कार्य मूल्याङ्कन हो ।*

माथि उल्लिखित परिभाषाका आधारमा मूल्याङ्कनको विश्लेषण गर्दा कुनै पनि कार्यक्रमहरूसँगै अभिन्न अङ्गको रूपमा हिड्ने पद्धति हो भन्न सकिन्छ । शिक्षाको सन्दर्भमा कुनै पनि शैक्षिक कार्यक्रमको उद्देश्य, कार्यकलाप र मूल्याङ्कन एक आपसमा निर्भर रही चक्रीय तवरले घुमिरहन्छन् । मूल्याङ्कन कुनै पनि शैक्षिक कार्यको सन्दर्भ र परिप्रेक्ष्य, साधन र सुविधा तथा उपलब्धिहरूको लेखाजोखा गरेर मूल्य निर्धारण गर्नमा संलग्न रहेको हुन्छ । प्रशासनिक कार्य, विद्यार्थी परामर्श सेवासम्बन्धी कार्यलगायत शैक्षिक कार्यक्रमकै समग्र लेखाजोखा मूल्याङ्कन हो; जसअन्तर्गत वस्तु, अवस्था वा घटनाको गुणात्मक पक्षको लेखाजोखा गर्ने प्रक्रियाबारे निर्णय पनि गरिन्छ । सामान्यतः शैक्षिक मूल्याङ्कनको औचित्य शिक्षण सिकाइमा सुधार गर्नुका साथै परीक्षा प्रणालीमा सुधार गर्न; प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्न, स्तर निर्धारण गर्न विभिन्न अध्ययन र अनुसन्धान आदिमा सहयोग पुऱ्याउनुसमेत रहेको छ । शैक्षिक कार्यक्रमको गुणदोषको निर्धारण गर्न; विद्यार्थीको व्यवहार र सीपसम्बन्धी सर्वाङ्गीण विकासको रूपरेखा निर्क्योल गर्न तथा ती समग्र पक्षमा रहेका गुणहरूको निराकरण गर्दै रचनात्मक एवम् निर्णयात्मक मार्गमा पथप्रदर्शन गर्न उद्यत रहने उपयोगी र अपरिहार्य प्रक्रियाका रूपमा व्यवहारमा देखापर्न थालेको छ ।

## २.२ परीक्षा र मूल्याङ्कन

कसैले *परीक्षा* कै पर्यायवाची शब्दका रूपमा *मूल्याङ्कन*लाई अर्थ्याएर हेर्ने गरेको पाइए पनि यी एउटै कुरा भने अवश्य होइनन् । *मापन* मूल्याङ्कनका लागि अनिवार्य सर्त हो भने *परीक्षा* मापनकै एउटा प्रक्रिया हो । मापनले कुनै वस्तु वा व्यक्तिको कोरा प्रमाण तयार गर्ने काम गरे पनि निर्णय लिन भने सक्तैन । मापनका सबै सूचनाहरू विश्वसनीय एवम् वैध हुन्छन् भन्ने कुराको निश्चितता हुँदैन । विभिन्न समयमा गरिएका परीक्षण र मापनका सूचनाहरूको आपसी सम्बन्ध मापनको साधन, परिस्थिति र अवस्थाका सूचनामा आधारित रहन्छ । परीक्षा र मापनले दिएका

सूचनाहरूको विश्वसनीयता र वैधता पहिल्याउने काम मूल्याङ्कनमार्फत हुने गर्दछ । परीक्षामा सामयिकता भए पनि निरन्तरता भने हुँदैन । मूल्याङ्कनमा निरन्तरता हुन्छ, किनभने मूल्याङ्कनको आधारमा परीक्षण मात्र होइन, विद्यार्थीका उपलब्धि, व्यक्ति□व आदि जस्ता आन्तरिक र बाह्य व्यवहारहरूसमेतको अवलोकन, अनुवेक्षण र अनुसन्धान जस्ता असीमित मापनीय आधारहरू मूल्याङ्कनमार्फत उपलब्ध हुन्छन् । परीक्षा कापी, कलम र पाठ्यवस्तुमा मात्र सीमित रहेको हुन्छ जुन मूल्याङ्नको एउटा साधन मात्र हो ।

कुनै पनि शैक्षिक कार्यक्रमको उद्देश्य, शिक्षण सामग्री, प्रक्रिया, शिक्षकको दक्षता, विद्यार्थीको क्षमता तथा उपलब्धि, पाठ्यक्रम आदि पक्षको सही प्रमाण तयार पार्ने काम परीक्षाले गर्दछ । यसरी तयार गरिएको प्रमाणका आधारमा प्रभावकारिता-अप्रभावकारिता आदिको सूचना दिई संशोधन परिमार्जन तथा परिष्कार गर्ने जस्ता निदानात्मक उद्देश्यमा अगाडि बढ्न मूल्याङ्कनलाई सहयोग गर्ने कार्यसमेत परीक्षाको हो । विद्यार्थीहरूमा अपेक्षित उपलब्धिको हासिल भए नभएको; यस्ता परिवर्तनहरू शैक्षिक उद्देश्य परिपूर्तिका लागि सहयोगी भए नभएको; शिक्षण प्रक्रिया प्रभावकारी भए नभएको; पाठ्यक्रमका सिद्धान्तलाई पछ्याउन सके नसकेको जस्ता सवालहरूको लेखाजोखा गर्नमा मूल्याङ्कनको प्रमुख आधार परीक्षा हो । क्षेत्रगत आधारमा परीक्षाको क्षेत्र साँघुरो देखिए पनि मूल्याङ्कन कार्यहरूको विश्लेषण र निर्णयका आधारहरू परीक्षाबाटै उपलब्ध हुन्छन् । प्रवेश परीक्षा, स्तरयुक्त परीक्षा, वार्षिक परीक्षा, बौद्धिक परीक्षा, रुचि परीक्षा, सीपगत परीक्षा आदि परीक्षाका भेद हुन सके पनि प्रचलित रूपमा मौखिक, लिखित र प्रयोगात्मक परीक्षा नै सबै प्रकारका आधारहरू हुन् । मूल्याङ्कनको कार्यक्षेत्र भने अत्यन्त व्यापक छ । शैक्षिक सन्दर्भमा सैद्धान्तिक, प्रशासनिक र पथ प्रदर्शनसम्बन्धी कार्यहरूमा संलग्न रहेको हुन्छ ।

## २.३ भाषिक मूल्याङ्कन र परीक्षण

भाषा विषयको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण नै भाषा शिक्षण हो । भाषिक मूल्याङ्कन भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ)हरूसँग नै जोडिएको

हुन्छ । परम्परागत दृष्टिले भाषिक मूल्याङ्कन केवल लेखाइ कार्यबाट मात्र हुने गरेको र अन्य तीन पक्षलाई उपेक्षा गरिएको थियो, तर हाल भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन आइसकेको छ । तल्लो तहमा सुनाइ, बोलाइ सीपको विकास गराउन विशेष जोड दिइएको हुन्छ भने माथिल्ला तहहरूमा सुनाइ, बोलाइको विकास भइसकेको हुन्छ भन्ने मान्यतामा आधारित भई पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय निर्धारण गर्ने गरेको पाइन्छ । वस्तुतः भाषिक मूल्याङ्कन भाषाका सीपपरक अपेक्षाहरूसँग सम्बन्धित भएर शिक्षणको सहगामी प्रक्रिया बनेको हुन्छ । सीपपरक अपेक्षाहरूसँग सान्दर्भिक हुने भाषातात्विक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्गबाहेक भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनुमा नै केन्द्रित रहेको पाइन्छ । यसको मूल उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमतास्तर आकलन गर्नु मात्र नभएर शिक्षण-सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल अंश छुट्याउनु, शिक्षण विधि एवम् प्रक्रियाहरूको कठिनाइ र समस्या क्षेत्रहरू पत्ता लगाई निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु पनि रहेको हुन्छ ।

भाषिक मूल्याङ्कनको उपयोगिता शिक्षक र विद्यार्थीका अतिरिक्त भाषा पाठ्यक्रम निर्माता, भाषाविद् तथा शिक्षाविद् र भाषापाठ्यपुस्तक निर्माताका लागिसमेत उत्तिकै रहेको छ । यसले भाषापाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई सम्बन्धित स्तरीयता तथा प्रभावकारिताको लेखाजोखा गरी स्तर निर्धारण गर्न र भाषाविद् एवम् शिक्षाविद्लाई सम्बद्ध भाषिक क्षमताको आकलन गरी एकभाषिकता, द्विभाषिकता वा बहुभाषिकता आदिका कारण असहज बन्न पुगेको सिकाइ प्रक्रियालाई सहज, सुगम, सरल र सरस तुल्याउन शिक्षकहरूलाई मार्गदर्शन गर्ने काम भाषिक मूल्याङ्कनबाट नै प्राप्त हुन्छ ।

परम्परागत दृष्टिले भाषिक मूल्याङ्कन केवल लेखाइ कर्मबाट मात्र हुने गरेको, अन्य तीन पक्षहरूलाई उपेक्षा गरिएको भए तापनि हाल भाषिक सीपका चारै पक्ष

(सुनाइ, बोलाइ, पढाइ, लेखाइ)लाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने परिपाटीको विकास भइसकेको छ । तल्लो तहमा सुनाइ र बोलाइ पक्षलाई विशेष जोड दिइएको हुन्छ भने माथिल्ला तहहरूमा पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय निर्धारण गर्ने गरेको पाइन्छ । भाषिक मूल्याङ्कनका लागि अपनाइने परीक्षा प्रणाली भाषाशिक्षणको उद्देश्यअनुरूप तय गरिएको हुनुपर्दछ । शिक्षणप्रक्रिया र परीक्षणमा पनि उत्तिकै तालमेल मिल्नु आवश्यक छ । उद्देश्य भाषिक सीपसँग सम्बद्ध तर परीक्षण भाषाको विषयमा केन्द्रित रह्यो भने अथवा शिक्षण प्रक्रिया विषयपरक तर परीक्षण सीपपरक भएमा त्यस्तो परीक्षणको कुनै मह□व र अर्थ नरहने भएकाले भाषिक मूल्याङ्कन शिक्षण उद्देश्यअनुरूपको शिक्षण र परीक्षणमा आधारित रहनुपर्छ । उद्देश्यअनुसारका भाषिक सीप हासिल गराउन सोहीअनुरूपको सीपपरक शिक्षण-सिकाइ प्रक्रिया अवलम्बन गरिनुपर्ने तथा तहअनुरूपकै परीक्षण गर्नमा भाषिक परीक्षणले अग्रसरता देखाउनुपर्ने हुन्छ । भाषिक मूल्याङ्कनका सन्दर्भमा भाषाता□िवक सुझको विकास सम्बन्धित तह वा कक्षाका शिक्षार्थीहरूमा के कति भएको छ भन्ने कुराको समेत परीक्षण गरिनुपर्दछ । यसका लागि भाषाता□िवक सुझको मापनका लागि उपयोगी प्रश्नहरू परीक्षणका लागि सुनिश्चित गरिनुपर्छ । भाषिक परीक्षणका विभिन्न प्रयोजनहरू जस्तै विद्यार्थीहरूको भाषिक क्षमता मापन गर्नु, कुनै खास भाषिक पक्षमा रहेका सबलता र दुर्बलता पहिल्याउनु; उनीहरूलाई वर्गीकरण गर्नु; निश्चित समयमा खास पाठ्यांशको अध्यापन पश्चात् सिकारूले हासिल गरेको प्रगतिको पहिचान गरी स्तर निर्धारण गर्नु, शिक्षणीय वस्तु र प्रभावकारिताको लेखाजोखा गर्नु आदि प्रयोजनअनुसार पाठ्यक्रममा निर्धारित उद्देश्यको विश्लेषण गरी के, कसरी परीक्षण गर्ने भन्ने कुराको आधारमा तय गर्नु उचित हुन्छ, जसबाट परीक्षण सरल, व्यावहारिक र उद्देश्यमूलक हुन सकोस् ।

## २.४ भाषिक मूल्याङ्कनको प्रकृति

भाषिक मूल्याङ्कनले भाषिक सीपहरूको परीक्षण गर्दछ । भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइबीच पूर्वापर सम्बन्ध रहेको हुन्छ । प्राथमिक तह

(औपचारिक शिक्षाको सुरूको तह) मा भाषाको राम्ररी विकास भैसकेको हुँदैन भन्ने मनोवैज्ञानिक मान्यतामा आधारित रही सुनाइ र बोलाइ सीपको मूल्याङ्कन तथा विकास गर्ने पक्षमा पाठ्यक्रम केन्द्रित रहेको हुन्छ भने माथिल्ला तहमा भाषाको विकास क्रमशः भई सकेको हुन्छ भन्ने मान्यतामा सुनाइ, बोलाइ कम र लेखाइ, पढाइलाई बढी मह□व दिइएको हुन्छ । भाषिक सीपको परीक्षण मूलतः प्रयोगपरक हुने र भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतितर्फ पनि अभिमुख हुनसक्छ । तल्ला तहहरू(कक्षा)का लागि प्रयोगपरक र माथिल्ला तहहरू (कक्षा) का लागि आवश्यकता हेरी सैद्धान्तिक पक्षतर्फ पनि झुकाव बढाउन सकिन्छ ।

भाषाशिक्षणको मूल अभिप्राय भाषिक सीपहरूको कुशलता विकासमा केन्द्रित रहने भएकोले यसको परीक्षण पनि स्वभावतः प्रयोगपरक प्रकृतितर्फ झुकेको हुनुपर्दछ तर भाषिक सीपलाई सहायक हुने भाषिक धारणाहरूको परीक्षणका सन्दर्भमा सैद्धान्तिक प्रकृतितर्फ झुकेको हुनु स्वाभाविक मानिन्छ । विचारणीय कुरा के छ भने उच्च तहका कक्षाहरूमा सैद्धान्तिक प्रकृतिका प्रश्नहरू पनि ग्राह्य हुन सक्छन् तर तल्ला कक्षाहरूमा भने सैद्धान्तिक प्रकृतिका प्रश्नहरू त्याज्य र प्रयोगपरक प्रश्नहरू मात्र ग्राह्य हुन्छन् । नेपालको सन्दर्भमा माध्यमिक तहसम्मको भाषाशिक्षण मूलतः सीपपरक भएकोले सैद्धान्तिक प्रकृतिका प्रश्नहरू उपयुक्त हुदैनन् वा नहुन सक्छन् । भाषिक मूल्याङ्कनका सन्दर्भमा चर्चा गर्नुपर्दा भाषिक परीक्षणका प्रचलित प्रकृतिमाथि संक्षेपमा क्रमशः चर्चा गरिएको छ :

### (क) पृथकीकरण र एकिकृत परीक्षण

एकल परीक्षण पनि भनिने पृथकीकृत परीक्षणमा भाषाका र भाषात□वका सैद्धान्तिक धारणाहरूलाई छुट्टाछुट्टै परीक्षण गर्ने अभिप्राय राखिन्छ । उच्चारण, वर्णविन्यास, वाक्यगठन, शब्दनिर्माण आदिको परीक्षण छुट्टाछुट्टै गरिने हुनाले यस सन्दर्भमा उपयोगमा ल्याइने उक्त परीक्षण प्रणलीलाई पृथकीकृत परीक्षण भनिएको हो । भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपको छुट्टाछुट्टै परीक्षण गर्ने

काम पृथकीकृत परीक्षणमा हुन्छ । एकपटकमा एउटामात्र कुराको परीक्षण गर्न सकिने भएकोले यस्ता प्रकृतिका प्रश्नहरू वस्तुगत पनि हुनसक्छन् । भाषिक सीप परीक्षणको छुट्टाछुट्टै परीक्षणका दृष्टिले यो धेरै प्रभावकारी र विश्वसनीय मानिए तापनि भाषाका पाठ्यवस्तुहरू पृथकीकृत खालका नभै एकिकृत खालका हुने हुनाले र बोध र अभिव्यक्ति पक्षको मूल्याङ्कन यस्तो अवस्थामा अनुपयुक्त हुन सक्छ ।

समग्रात्मक परीक्षण पनि भनिने एकिकृत परीक्षणमा भाषाका विविध सीपहरूलाई एकीकृत रूपमा मूल्याङ्कन गर्ने अभिप्राय रहेको हुन्छ । यस्तो प्रकृतिको परीक्षणले एउटै परीक्षण वा मूल्याङ्कनबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको परीक्षण गर्न सक्षम हुन्छ । भाषिक सीपको एक आपसमा अभेद्यसम्बन्ध हुने भएकोले यी सीपको बेग्लाबेग्लै परीक्षण औचित्यपूर्ण हुँदैन । बुँदा टिपोट, सारांश संक्षेपीकरण, बोध तथा अनुच्छेद, टिप्पणी, चिठी, निबन्ध, दैनिकी लेखन, संवाद, विवाद, मनोवाद आदि सबै क्षेत्रमा भाषिक सीप समग्ररूपमा नै दर्सिने भएकोले भाषिक परीक्षणको स्वभाव एकिकृत हुनु जरुरी भएकोले यस्तो परीक्षणमा एकीकृत परीक्षणको मह□व रहेको हुन्छ ।

**(ख) पहिचानात्मक र उत्पादनात्मक परीक्षण**

मूलतः सैद्धान्तिक धारणाको बोध र ज्ञान क्षेत्रसँग सम्बन्धित प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् । व्याकरण र शब्दभण्डारका वस्तुगत (बहुवैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक बेठीक छुट्याउने) प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् ।

सङ्क्षिप्त उत्तरात्मक र निबन्धात्मक प्रश्नहरू उत्पादनात्मक खालका हुन्छन् तर यी प्रश्नहरू पनि प्रतिस्मरणलाई जोड दिने, गराइ र घोकाइलाई प्रश्रय दिने खालका भए भने ती उत्पादनात्मक हुन सक्दैनन् । सैद्धान्तिक ज्ञान र धारणा नभई प्रयोग क्षमता परीक्षण गर्ने (वाक्यगठन, वाक्य परिवर्तन, शब्दनिर्माण, वाक्यमा प्रयोग, शुद्धीकरण आदि) व्याकरण र शब्दभण्डारका प्रश्नहरू पनि उत्पादनात्मक खालका

हुनसक्छन् । चिठी, दैनिकी, निबन्ध, संवाद, विवाद आदि रचनासँग सम्बन्धित प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् । श्रुतिबोध र पठनबोधसँग सम्बन्धित प्रश्नहरू भने उत्पादनात्मक र पहिचानात्मक दुवै प्रकृतिका हुनसक्छन् ।

### (ग) क्लोज र सी परीक्षण

*पठनबोधसम्बन्धी सीप परीक्षणका लागि वस्तुगत प्रश्नहरूको सट्टा 'क्लोज' विधिद्वारा परीक्षण गर्ने प्रचलन पाइन्छ । यसलाई एकीकृत र पृथकीकृत दुवै परीक्षणको प्रकृतिबाट हेर्न सकिन्छ ।* (शर्मा र पौडेल : २०६० : २३६) कुनै खाली ठाउँ राख्ने र ती खाली ठाउँमा विद्यार्थीहरूले उपयुक्त शब्दहरू पूर्ति गर्नुपर्ने प्रकृतिको परीक्षण क्लोज परीक्षण हो ।

*क्लोज विधिको अर्को परिमार्जित प्रकारलाई 'सी' परीक्षण भनिन्छ । यसका अरू प्रक्रिया क्लोजका जस्तै हुन्छन् तर फरक के छ भने यसमा दुईको नियम लागू हुन्छ र हरेक उद्धरणको सुरु र अन्त्यका वाक्यलाई जस्ताको तस्तै राखी दोस्रो वाक्यदेखि सुरु हुने हरेक दोस्रो शब्दको दोस्रो अंश हटाउँदै लगिन्छ । एउटा शब्दले बनेको अक्षरलाई गणना गरिदैँन र बिजोडी अक्षर भएका शब्दमा ठूलो चाहीँ अंशलाई हटाइन्छ । उक्त हटाइएका अंशहरू विद्यार्थीहरूले पूर्णरूपले ठीकसँग पूर्ति गरेमा मात्र उत्तरलाई शुद्ध मानिन्छ ।* (शर्मा र पौडेलः २०६० : २३६) यस्ता दुवै खालका प्रश्नहरू हाल प्रचलनमा ल्याएको भने देखिंदैन ।

### (घ) औपचारिक र अनौपचारिक परीक्षण

भाषिक परीक्षण अभ्यासात्मक खालको नभई निर्णयात्मक खालको मात्र हुने परीक्षण औपचारिक परीक्षण हो । औपचारिक परीक्षण शैक्षिकसत्रको अन्त्यमा विद्यार्थीहरूलाई सफल या असफल घोषणा गर्नका लागि मात्र केन्द्रित रहन्छ । यस्तो परीक्षण शिक्षण सिकाइको साधन नभएर साध्य बन्न जान्छ, जुन भाषाशिक्षणका लागि स्वीकार्य हुँदैन ।

कुनै सङ्गठित संस्थाको निर्धारित समय र परिधीभन्दा बाहिर रहेर जुनसुकै अवसर र अवस्थामा पनि विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्ने परीक्षण अनौपचारिक प्रकृतिको परीक्षण हो । भाषाका विविध सीप र पक्षहरूको परीक्षण निर्धारित समयमा गरेर अधुरो र अपुरो रहने भएकोले निरन्तर लेखाजोखा गरी अभिलेख राख्ने कार्य अनौपचारिक परीक्षणमा गर्नु सान्दर्भिक र उपयोगी हुन्छ ।

**(ङ) थप कुरा**

एउटा उपायबाट एकभन्दा बढी सीप र तत्सम्बन्धी विविध पक्षहरू परीक्षण गर्दा वैधतामा प्रश्न उठ्छ, जसबाट वास्तविक कुराको जाँच नहुन सक्छ । एक युक्तिबाट एकमात्र सीपको परीक्षण हुनु स्वाभाविक र वास्तविक मानिन्छ । अपेक्षित उद्देश्यको प्रयोजनअनुसार फरक-फरक पद्धति वा विधिको प्रयोग गरिनु सान्दर्भिक हुन्छ । परीक्षणीय प्रयोजनअनुसार परीक्षणको प्रकृति फरक-फरक हुन्छन् । विद्यार्थीले निर्दिष्ट पाठ्यांशको अध्ययन पश्चात् के कस्ता ज्ञान, सीप र अभिवृत्ति प्राप्ति गरे भन्ने कुराको जानकारी लिन उपलब्धि परीक्षणलाई उपयोगमा ल्याइन्छ । पाठ्यक्रमको सान्दर्भिकता कुन हदसम्म रह्यो भन्ने कुरा दक्षतापरक परीक्षणबाट प्राप्त हुन्छ भने मातृभाषेतर शिक्षार्थीहरूको लक्ष्य-भाषा, सिकाइप्रतिको रूझान पहिल्याउन अभिक्षमता परीक्षणको उपयोग गरिन्छ । शिक्षण सिकाइ प्रक्रियापश्चात् भाषा पाठ्यक्रमका उद्देश्यहरू प्राप्त हुन किन सकेनन् ? शिक्षण प्रक्रिया, सिकाइ क्रियाकलाप, विधि, मूल्याङ्कन आदि के मा कमजोरीहरू रहे ? जस्ता पक्षहरूको लेखाजोखा गर्न **निदानात्मक परीक्षण**को उपयोग गरिन्छ । त्यस्तै कुनै पनि तह र कक्षाको भाषा पाठ्यक्रमअनुसार **प्रवेश परीक्षण** र **स्थान निर्धारण परीक्षण** आदिलाई पनि उपयोगमा ल्याउने कार्य गरिन्छ ।

## २.५ परीक्षणका प्रचलित युक्ति

एउटैमात्र तरिकाबाट एकभन्दा बढी परीक्षण गर्दा वैधता स्थापित हुन सक्तैन । एउटा युक्तिबाट एकमात्र सीपको परीक्षण हुनु स्वभाविक र वास्तविक मानिन्छ ।

युक्तिसङ्गत परीक्षणका लागि वैधता, विश्वसनीयता, संज्ञान र सीप क्षेत्रको निश्चितता, व्यावहारिकता जस्ता गुणयुक्त प्रश्नहरूको निर्माण गर्नुपर्ने हुन्छ । मूल्याङ्कनका साधनका रूपमा खास परीक्षणउद्देश्य र प्रयोजनअनुसार विभिन्न किसिमका परीक्षण युक्तिहरू प्रयोगमा ल्याइन्छ । सिद्धान्ततः ती परीक्षण युक्तिहरूलाई दुई वर्गमा बाँडेर हेर्ने गरिएको छ :

(क) स्तरयुक्त परीक्षा
(ख) अध्यापक निर्मित परीक्षा ।

**(क) स्तरयुक्त परीक्षा**

विषयविशेषज्ञ, मनोवैज्ञानिक, तथ्याङ्कशास्त्री आदिको समूहद्वारा प्रश्नपत्रको निर्माण गरी लिइने पूर्वाघोषित परीक्षा नै स्तरयुक्त परीक्षा हो । परीक्षणको विश्वसनीयता र वैधता स्थापित गर्न यसको पूर्वपरीक्षण गरिन्छ । पूर्वपरीक्षणद्वारा प्रश्नहरूमाथि छनोट गरिन्छ । स्तरयुक्त परीक्षा एउटा ठूलो जनसङ्ख्याको समूहको गुणात्मक परिवर्तनको मापन गर्न तयार गरिएको हुन्छ र यसका जानकारीहरूलाई त्यस जनसङ्ख्याभित्र सामान्यीकरण गर्न सकिन्छ । यस परीक्षाको व्यापक तथा विस्तृत क्षेत्रभित्रका समान उमेर र स्तरका शिक्षार्थीहरूको संज्ञान, सीप र अभिवृत्तिस्तर पत्ता लगाई मानक आधारमा तुलना गर्ने र सोही आधारमा प्रशासनिक, सैद्धान्तिक तथा पथप्रदर्शनीय काम अपनाउन सुसूचित गर्ने पूर्व घोषित परीक्षा स्तरयुक्त परीक्षा हो । यस परीक्षणले प्राप्ताङ्कको मापन गर्न मानाङ्क पनि दिइएको हुन्छ ।

**(ख) अध्यापक निर्मित परीक्षा**

यो परीक्षा पूर्वघोषित रूपमा सञ्चालन नभएर विषय शिक्षणका क्रममा आवश्यकताअनुसार शिक्षकद्वारा अपनाइने परीक्षणमा आधारित हुन्छ । यी परीक्षणहरू शिक्षकले आफ्ना विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन गर्न तयार गर्छन् । यो परीक्षणको क्षेत्र कक्षाकोठादेखि सम्पूर्ण राष्ट्रसम्म हुनसक्छ । यी परीक्षणहरूमा पूर्व परीक्षणद्वारा सुधार गरिँदैन । प्रश्नको सुधारप्रक्रिया शिक्षकहरूद्वारा गरिने तर्कगत

विश्लेषणमा नै सीमित हुन्छ । स्थानीय स्रोत र साधन तथा आवश्यकताको उपयोगका दृष्टिले पनि अध्यापक निर्मित परीक्षा सरल, सुगम र व्यावहारिक भएको पाइन्छ । शिक्षणीय विषयवस्तुको सीमाभित्र बाँधिएर अभिप्रेरणामूलक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्न, निराकरणात्मक शिक्षण प्रक्रियाहरू रोज्न तथा वाञ्छित उद्देश्यअनुरूपका अपेक्षित उपलब्धिहरू विद्यार्थीहरूमा स्तरयुक्त ढङ्गले विकास गर्नमा अध्यापक निर्मित परीक्षा सहायक हुन्छ । यो परीक्षा रचनात्मक र निर्णयात्मक दुवै मूल्याङ्कन प्रयोजनका लागि उपयोगमा आउन सक्छ ।

## २.६ परीक्षाका अन्य युक्तिहरू

माथि उल्लिखित दुई प्रमुख युक्तिहरूमा अन्तरनिहित अन्य युक्तिहरू पनि रहेका हुन्छन्, जसलाई परीक्षाका साधन भनेर चिनिन्छ । ती हुन्- प्रयोगात्मक परीक्षा, मौखिक परीक्षा र लिखित परीक्षा । यी सबैको चर्चा यसअनुसार गरिएको छ :

### (क) प्रयोगात्मक परीक्षा

विज्ञानजस्ता विषयहरूमा पहिले देखि नै व्यवहारिक रूपबाट प्रयोगात्मक परीक्षा लिने प्रचलन भए तापनि अन्य विषयमा भने यस्तो प्रचलन धेरै पछि मात्र भएको पाइन्छ । प्रयोगात्मक परीक्षा सबै विषयमा लिन असम्भव भए पनि भाषिक सीपको परीक्षणमा भने अनिवार्य प्रायः भएको देखिन्छ । विद्यार्थीहरूका सीपगत व्यवहार र क्षमतालाई वस्तुगत ढङ्गले अभिलेख राख्ने कार्यका लागि प्रयोगात्मक परीक्षा सम्भव छ यद्यपि यो धेरै चुनौतीपूर्ण किन नहोस् ? कतिपय ग्रामीण विद्यालयहरूमा यस परीक्षाको प्रयोगमा स्वयम् शिक्षकहरू नै अलमल परेको देखिन्छ । यस्तो परीक्षा चुनौतीपूर्ण भए पनि परीक्षण र मापनमा सकेसम्म वैधता र विश्वसनीयता कायम होस् भन्ने हेतुले जाँचसूची र श्रेणीमापक जस्ता साधनहरूको उपयोग गर्न सकिन्छ । लिखित परीक्षा केवल लेखाइ सीपको परीक्षणका लागिमात्र उपयोगी हुन सक्ने र सुनाइ, बोलाइ सीपको परीक्षण गर्न नसक्ने भएकोले यिनै सीपको परीक्षण गर्न लिखित परीक्षाको विकल्पमध्ये एक प्रयोगात्मक परीक्षालाई

लिइएको हो । सुनाइको एकाग्रता, बोलाइको हाउभाउ र चेष्टा तथा सस्वर पढाइको आरोह, अवरोह, गति, यति, लय उच्चारण एवम् श्रोताप्रतिको सचेतताजस्ता कुराहरूको जाँच प्रयोगात्मक परीक्षाबाटै सम्भव हुने कुराहरू हुन् । यसरी भाषाका कलात्मक पक्ष र सम्पादनीयता अनि उच्चारण स्पष्टताजस्ता कुराहरूको परीक्षण गर्ने कार्यमा प्रयोगात्मक परीक्षा नितान्त आवश्यक ठानिन्छ ।

**(ख) मौखिक परीक्षा**

विशेषतः लेख्ने बानीको विकास भई नसकेका प्राथमिक तहका विद्यार्थीहरूको श्रुतिबोध र पठनबोध क्षमताको जाँच गर्न र सामान्यतः त्यसभन्दा माथिल्ला तहका विद्यार्थीहरूको सस्वर पठन र बोलीको स्वाभाविकता तथा कक्षा शिक्षणका क्रममा विद्यार्थीको सिकाइ तथा प्रकृतिहरू आकलन गर्न तत्कालिन पृष्ठपोषणका लागि प्रयोगमा ल्याइने परीक्षा मौखिक परीक्षा हो । मौखिक रूपमा प्रश्नहरू सोधेर मौखिक रूपमा नै उत्तर दिने तरिकाको परीक्षण युक्तिलाई मौखिक परीक्षा भनिन्छ । यस्तो जाँचबाट सुनाइ बोलाइसम्बन्धी विभिन्न सीपहरू वस्तु तथा चित्र वर्णन, सस्वर पठन, उच्चारण, पठनबोध, शब्द प्रयोगजस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिन्छ । कतिपय भाषिक सीपको त मौखिक जाँचबिना मूल्याङ्कन नै हुनै सक्तैन जस्तै : उच्चारण, सस्वर पठन आदि ।

**(ग) लिखित परीक्षा**

भाषाका लिखित अभिव्यक्तिगत सीप र तत्सम्बन्धी अन्य पक्षहरूको परीक्षण गर्न लिखित परीक्षा अवलम्बन गरिन्छ । यस परीक्षाबाट लेख्य अभिव्यक्तिका साथै श्रुतिबोध र पठनबोधसमेतको परीक्षण केही रूपमा सम्भव भए तापनि संवादात्मक, मनोवादात्मक, विवादात्मक भाषिक व्यवहारको प्रमाणिक परीक्षणका लागि यो पूर्णतः युक्तिसङ्गत भने देखिँदैन । निबन्धात्मक प्रश्न र पाठगत प्रश्नजस्ता विषयगत प्रश्न तथा वस्तुगत प्रश्नहरूको समेत निर्माण गरी लिखित परीक्षामार्फत परीक्षण गर्न यो परीक्षा उपयोगी साबित भएको छ । निर्माणात्मक र निर्णयात्मक दुवै कार्यका दृष्टिले

लिखित परीक्षा उपयोगी मानिन्छ । नेपालको सन्दर्भमा लिखित परीक्षाको अधिक प्रयोग निर्णयात्मक मूल्याङ्कनका लागि गर्ने गरिएको छ । प्रश्ननिर्माणको सन्दर्भमा वस्तुगत प्रश्न, प्रश्ननिर्माणमा र विषयगत प्रश्न, प्रश्नउत्तर दिन र अङ्कन गर्नमा कठिनाइ उत्पन्न हुने मानिन्छ ।

## २.७ भाषिक परीक्षण योजना

भाषा पाठ्यक्रममा निर्धारित उद्देश्यअनुरूपका उपेक्षाहरू सिकाइमा हासिल भए/भएनन्, के कति मात्रामा हासिल भए वा त्यस्ता उपलब्धि हासिल गर्नमा आइपरेको कठिनाइहरूका जिम्मेवार पक्षहरूको जानकारीका लागि योजनाबद्ध मूल्याङ्कनको आवश्यकता पर्दछ । अपेक्षित उद्देश्यहरू हासिल हुनुमा पाठ्यक्रम, शिक्षण विधि एवम् प्रक्रिया, शिक्षण सामग्री, शिक्षक वा विद्यार्थीहरू जस्ता कुन कुन पक्ष कतिहद सम्म जिम्मेवार छन् ? भन्ने कुराको खाँचो टार्न मूल्याङ्कन योजनाको अपरिहार्यता हुन जान्छ । समग्रमा परीक्षण योजनाको मुख्य कार्य भनेको परीक्षण किन गर्ने, के परीक्षण गर्ने, कहिले गर्ने र कसरी गर्ने भन्ने प्रश्नहरूको उत्तर दिनु नै हो । परीक्षण योजनामा देहायबमोजिमका चरणहरूको तयारी गर्नुपर्ने हुन्छ :

### २.७.१ परीक्षण उद्देश्यको निर्धारण

कुनै पनि कार्य गरिनुपूर्व त्यो कार्य किन गरिँदैछ भन्ने कुराको निर्क्योल गरिनु जरुरी भए जस्तै भाषिक परीक्षणको निर्माण गरिनुको मुख्य उद्देश्य के हो भन्ने कुरामा पनि स्पष्ट हुनु जरुरी छ । यो परीक्षण योजनाको पहिलो र मह□वपूर्ण कार्य हो । खास तह वा कक्षाका विद्यार्थीहरूको कुनै खास शैक्षिक सत्रको अवधिमा हासिल हुनुपर्ने भाषिक सीप र ती सीप परिपूर्ति गर्न अपनाइएका शिक्षण विधि तथा सामग्रीहरू लगायत विद्यार्थीहरूको क्षमता, स्तर आदि कुराहरूमा विचार पुऱ्याई परीक्षण उद्देश्यको निर्धारण गरिनुपर्दछ । शैक्षिक प्रक्रिया कार्यान्वयन भइरहेको अवस्थामा विद्यार्थीहरूको प्रगतिको लेखाजोखा गर्न, विद्यार्थीमा कुनै किसिमको सिकाइ समस्या पत्ता लगाउन वा कुनै निश्चित अवधिपछि विद्यार्थीहरूबारे कुनै निर्णय लिन जस्ता कुन उद्देश्य परिपूर्तिका लागि परीक्षण योजनाको निर्माण गर्ने हो सो कुरामा स्पष्ट

हुनुपर्दछ । पाठ्यक्रमका अपेक्षा, प्रश्नका प्रकृति र विविधता, परीक्षण युक्ति तथा दर्शनीयता, मापनीयता, वैधता, विश्वसनीयता, सरलता, स्पष्टता, स्तरीयता आदि परीक्षणका गुणहरूमा विचार पुऱ्याउनु पनि आवश्यक ठानिन्छ । यसका अतिरिक्त भाषिक सीप र ज्ञानहरूलाई के कति महत्त्व दिने, कुन कुन क्षेत्रका प्रश्नहरू समावेश गर्ने भन्ने कुरामा विचारको आवश्यकता हुन्छ ।

परीक्षण उद्देश्यहरूका बारेमा शिक्षाविद्हरूबीच विवाद रहेको पाइए तापनि बेन्जामिन एस. ब्लुम(१९५६)का अनुसार परीक्षण उद्देश्यका क्षेत्रहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

(क) संज्ञानात्मक क्षेत्र

(ख) मनोक्रियात्मक क्षेत्र

(ग) भावनात्मक क्षेत्र ।

**(क) संज्ञानात्मक क्षेत्र**

मापनीय एवम् अवलोकन योग्य उद्देश्यहरू भएका विषयवस्तुको चिन्तन मनन् एवम् स्मरण तथा बौद्धिक कलासँग सम्बन्धित मानसिक प्रक्रियाहरू यसअन्तर्गत राखिएको छ । यस क्षेत्रमा पर्ने तहहरूमा ज्ञान, बोध, प्रयोग, विश्लेषण, सश्लेषण र मूल्याङ्कन हुन् ।

**(ख) मनोक्रियात्मक क्षेत्र**

यस तहको विषयवस्तुअन्तर्गत शरीरका अङ्गहरू, मांसपेशीहरूको विकास र सञ्चालनका साथै त्यस्तो सञ्चालनलाई संयोजन गर्ने उद्देश्यहरू पर्दछन् । यस क्षेत्रका उद्देश्यहरू अवलोकनयोग्य तथा पर्यवेक्षणद्वारा मापनीय हुन्छन् । यसअन्तर्गत उत्प्रेरणा, निपुणता, नियन्त्रण, समायोजन र स्वाभावीकरण जस्ता तहहरू पर्दछन् ।

**(ग) भावात्मक क्षेत्र**

व्यक्तिको भावना, अनुभव, संवेदना, मूल्य, धारणा, स्वीकृत-अस्वीकृतव्यवहार आदिजस्ता भावात्मक कुराहरूको विकास गर्नु यस क्षेत्रको अभीष्ट हो । यसमा प्राप्ति

प्रतिक्रिया, मूल्य-स्थापन, सङ्गठन, चरित्राङ्कन जस्ता तहहरू सरलता देखि जटिलताको क्रममा रहेका हुन्छन् ।

### २.७.२ पाठ्यक्रम विश्लेषण

परीक्षण उद्देश्यको निर्धारणपश्चात् पाठ्यक्रम विश्लेषण गर्नु आवश्यक हुन्छ । शिक्षणीय उद्देश्यको निर्धारण, शिक्षण सामग्रीहरू, विधि एवम् प्रक्रिया आदिको निर्क्योल पाठ्यक्रमले गरेको हुन्छ । के, कति, कसरी र कहिले शिक्षण गर्ने गराउने भन्ने कुराको निर्धारण पाठ्यक्रमले गर्ने हुनाले पाठ्यक्रमको अध्ययन विश्लेषण गर्न आवश्यक हुन्छ । परीक्षण प्रकृति, प्रश्नको प्रकृति र परीक्षणीय क्षेत्र तथा सीमाहरू पत्ता लगाउने काम पाठ्यक्रम विश्लेषणमार्फत प्राप्त हुने भएकोले पाठ्यक्रमको विश्लेषणपश्चात् परीक्षण कार्य  गर्दा परीक्षा वैध र विश्वसनीय बन्ने कुरा निश्चित छ ।

### २.७.३ विशिष्टीकरणको तालिकाको निर्माण र प्रयोग

*पाठ्यक्रमका अपेक्षाहरूको विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरिसकेपछि परीक्षणीय विषयवस्तु, परीक्षण प्रश्नका प्रकार, प्रश्नसङ्ख्या अङ्कभार समय तथा परीक्षणीय उद्देश्यका क्षेत्र एवम् तहहरूको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ ।* (शर्मा र पौडेल, २०६० : २३०) यो परीक्षणीय योजनाको तेस्रो मह□वपूर्ण कार्य हो । यस तालिकाको प्रयोगले प्रश्न निर्माणमा सरलता प्रदान गर्नुका साथै परीक्षणीय दृष्टिले मह□वपूर्ण ठानिएका पक्षहरू छुट्न पाउँदैनन् । यस तालिकाको प्रयोगले समय, पाठ्यभार र अङ्कभारको सन्तुलित वितरण भई स्तरीय प्रश्न निर्माण एवम् परीक्षण मूल्याङ्कन गर्नमा समेत मद्दत मिल्दछ ।

### २.७.४ प्रश्न रचना

पाठ्यक्रममा अपेक्षित उद्देश्यहरूको प्राप्ति विद्यार्थीहरूमा के कति मात्रामा भयो भनी मापन गर्ने प्रमुख औजार प्रश्न हो । परीक्षण योजनामा विशिष्टीकरण तालिकाको निर्माणपश्चात्को काम भनेको प्रश्नहरूको रचना गर्नु हो । विशिष्टीकरण तालिकाको

निर्देशनमा रहेर प्रश्नको निर्माण गरिन्छ । यसरी निर्माण गरिने प्रश्नको सार्थकता त्यसका गुणमा भर पर्दछ । प्रश्नहरू जति गुणयुक्त हुन्छन् त्यति नै भरपर्दा र मूल्याङ्कनीय अपेक्षाहरूसँग सम्बन्धित हुन्छन् । *उद्देश्यपरकता, वैधता, विश्वसनीयता, व्यापकता, विभेदकारिता, व्यवहारयोग्यता जस्ता बाह्य र आन्तरिक गुणले युक्त भएका शुद्ध, स्पष्ट निश्चित आयतनयुक्त, तन्मापितापूर्ण गुणले युक्त एवम् स्तरयुक्त प्रश्नहरूको निर्माण गर्नु अत्यावश्यक छ । यसका साथै सकेसम्म विकल्परहित र विकल्प दिनुपर्ने भए समान परीक्षण उद्देश्य र समान कठिनाइस्तर भएका, दोहोरो अर्थ नलाग्ने, स्पष्ट निर्देशन, बहुमुखी आशयरहित, पुच्छररहित र सुराकरहित प्रश्नपत्रको निर्माण गर्नुपर्दछ* (शर्मा र पौडेल : २०६० : २३२) । यसका साथै विषयवस्तुको व्यापकतालाई ओगट्न सक्ने प्रश्नपत्रको निर्माण गर्नुपर्दछ । धेरै भन्दा धेरै प्रश्नहरूको रास नथुपारेर संभावित विविधता ओगट्न सक्ने, प्रश्नहरूलाई समयोग्यतास्तरका समूहमा परीक्षण प्रयोगपश्चात् प्रश्नहरूको विश्लेषण गरी तिनमा हुनुपर्ने गुणहरूमा आधारित रहेर प्रश्नपत्रको निर्माण गरी अन्तिम रूप दिनु सर्वोत्तम हुन जान्छ ।

### २.७.४.१ प्रश्नका प्रकार

पहिचानात्मक र उत्पादनात्मक प्रकृतिका प्रश्नहरूको उपयोग भाषिक परीक्षणका सन्दर्भमा गरिन्छ । पहिचानात्मक प्रकृतिका प्रश्नहरू भाषात□वको सैद्धान्तिक ज्ञानसम्बन्धी क्षमताको परीक्षणका लागि र उत्पादनात्मक प्रकृतिका प्रश्नहरू सीपपरक दृष्टिले भाषिक प्रयोग उपयोगका पक्षलाई आकलन गर्ने उद्देश्यका लागि उपयोगमा ल्याइन्छन् । प्रचलनमा रहेका प्रश्नका प्रकारहरूलाई हेर्दा मूलतः निम्नलिखित दुई प्रकारका प्रश्नहरू देखिन्छन् :

(क) वस्तुगत प्रश्न

(ख) विषयगत प्रश्न ।

**(क) वस्तुगत प्रश्न**

लामो उत्तर दिनु नपर्ने, सम्झाइका दृष्टिले तुरुन्तै ठीक उत्तरमात्र छनोट गरे पुग्ने प्रश्नहरू वस्तुगत प्रश्नहरू हुन् । पहिचानात्मक विशेषता भएका यस्ता प्रश्नहरू बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरणात्मक त□वहरूको पहिचान गर्न विशेष उपयोगी मानिन्छन् । यस्ता प्रश्नहरू मौलिकता, सिर्जनात्मकता र सम्पादनात्मकताको परीक्षणमा अनुपयोगी रहेपनि परीक्षणको व्यापकता बढाउन र विश्वसनीयता कायम गर्न भने निकै उपयोगी मानिन्छन् । *शिक्षार्थीहरूको भाषिक क्षमता आँक्ने क्रममा परीक्षणको व्यापकता बढाउन वस्तुगत प्रश्नले निकै मद्दत पुऱ्याउने देखिन्छ ।* (अधिकारी : २०५७ : २४३) वस्तुगत प्रश्नका प्रकारहरूलाई यसरी देखाउन सकिन्छ :

**(अ) बहुविकल्पी प्रश्न**

प्रश्नपत्रमै तीन देखि पाँचवटासम्म विकल्प उत्तरहरू राखी कुनै एउटामा घेरा (०) वा रेजा (✓) चिह्न लगाएर उत्तर दिने व्यवस्था भएको प्रश्न भनेर यस्ता प्रश्नहरूलाई परिचित गराइए पनि हालको प्रचलनमा भने चारवटा विकल्पहरू र रेजा चिह्न (✓) लगाउनमा नै यी प्रश्नहरू केन्द्रित रहेका देखिन्छन् तर लोकसेवा आयोगका कतिपय परीक्षामा भने घेरा (०) चिह्न लगाउन भनेको पनि पाइन्छ । श्रुतिबोध र पठनबोधको परीक्षण गर्न तथा आंशिक रूपमा व्याकरणत□व एवम् वर्णविन्यास सुझ समेतको परीक्षणका लागि यस्ता प्रकृतिका प्रश्नहरूको उपयोग गर्न सकिन्छ । यस्ता प्रश्नहरूको निर्माणमा कठिनाइ उत्पन्न हुने तथा खर्चिलो पनि हुनुका साथै विद्यार्थीमा अनुमानको आंशिक प्रभाव पर्ने भए पनि यस्तो परीक्षण बढी विश्वासिलो र वैधताप्रधान हुन्छ । यस प्रकृतिका प्रश्नहरू विद्यार्थीको तर्क, योग्यता, स्मरण, समझदारी, विभाजन र तुलना गर्ने जस्ता क्षमताको विकास गराउनमा सघाउ पुऱ्याउने हुन्छन् ।

**(आ) खाली ठाउँ भर्ने प्रश्न**

कुनै घटना, मिति, स्थान, व्यक्ति आदि प्रमुख बुँदाहरू वाक्य वा कथनबाट झिकेर उक्त स्थानमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । विशिष्ट तथ्यहरूको ज्ञान, पदहरूको ज्ञान, सिद्धान्तहरूको ज्ञान, विधि वा प्रक्रियाको ज्ञान, अझ विशेष गरी शब्दप्रयोग र सीपको परीक्षणमा उपयोगी हुने मानिन्छ । यस्ता प्रश्नहरू निर्माण गर्न सजिलो, ज्ञानात्मक पक्षहरू समेट्न सकिने, मह□वपूर्ण तिथिमिति, स्थान, वस्तु, घटना, व्यक्ति समेट्न सघाउ पुऱ्याउने खालका हुन्छन् । यस्ता प्रकृतिका प्रश्नहरू विद्यार्थीका लागि स्तर मिलाउनमा कठीनता उत्पन्न हुने तथा जटिल सिकाइ उपलब्धिको जाँच गर्न नसक्ने जस्ता सीमितताबाट ग्रसित हुन सक्छन् ।

**(इ) ठीक-बेठीक छुट्याउने प्रश्न**

विकल्प प्रत्युत्तर परीक्षण पनि भनिने यस्ता प्रश्नहरूमा ५० प्रतिशत जति सही र त्यति नै गलत वाक्यहरू क्रमव्यतिक्रममा राखी दिइएको निर्देशनअनुसार शुद्ध-अशुद्ध, ठीक-बेठीक के हुन्, छुट्याउने प्रश्न नै ठीक-बेठीक प्रश्नहरू हुन् । श्रुतिबोध र पठनबोधका साथै वाक्यगठन र शब्दप्रयोगका दृष्टिले उपयोगी भए तापनि अनुसन्धान प्रक्रियाबाट भने आलोचित रूपमा रहेको देखिन्छ ।

**(ई) जोडा मिलाउने प्रश्न**

शब्द र अर्थ, वाक्य र तत्सम्बन्धी सङ्गति, कारक र विभक्ति, विशेषण-विशेष्य, कारण-कार्य आदि कुरालाई दुई समूहमा राखेर जोडा मिलाउने व्यवस्था मिलाइएको प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ । जोडा मिलाउने प्रश्नमा धेरै कुराहरू एउटै प्रश्नमा समावेश गर्न सकिन्छ । निर्माण र संरचना सरल प्रकृतिको हुने यस्तो प्रकृतिका प्रश्नहरूमा दुई समूह वा तथ्यहरूबीच सम्बन्ध स्थापित गरिनुका साथै अङ्कन कार्यमा विश्वसनीयता हुन्छ । स्मरण शक्तिमा आधारित तथ्यहरूमा अत्यधिक जोड दिनु, अनुमान गर्ने संभावना हुनु, सीपपूर्वक प्रश्नहरू निर्माण नगरिए उत्तर दिन धेरै समय लाग्न सक्ने जस्ता कुराहरू यसका कमजोरी पक्षहरू हुन् ।

**(ख) विषयगत प्रश्न**

विद्यार्थीहरूमा विषयवस्तुको ज्ञानलाई प्रस्तुत गर्ने क्षमता र शैलीको स्तरपरीक्षण गर्न अपनाइने प्रश्नहरू नै विषयगत प्रश्नहरू हुन्, जसलाई व्यक्तिनिष्ठ प्रश्न भनेर पनि चिनिन्छ । विद्यार्थीले हासिल गरेको ज्ञानलाई वर्णन, व्याख्या, विश्लेषण, समीक्षा, तुलना, संश्लेषण आदिको माध्यमले टिप्पणीमूलक तथा तार्किक तवरले प्रस्फुटन गर्ने अवसर विद्यार्थीले प्राप्त गर्ने ध्येयले निर्धारण गरिएको प्रश्न नै विषयगत प्रश्न हो । प्रश्न निर्माणका दृष्टिले सरल प्रकृतिका हुने भए पनि यस्ता प्रश्नको निर्माणमा सजगता अपनाउन नपर्ने भन्ने हुँदैन । विषयगत प्रश्नहरूलाई दुई वर्गमा विभाजन गरी हेर्न सकिन्छ :

(अ) निबन्धात्मक प्रश्न

(आ) सङ्क्षिप्त उत्तरात्मक प्रश्न ।

**(अ) निबन्धात्मक प्रश्न**

उत्पादनात्मक प्रश्नमा विशेष जोड दिई निर्माण गरिने यस्ता प्रकृतिका प्रश्नहरू निबन्ध र निबन्ध जस्तै विभिन्न रचनाहरू हुन् जुन एकभन्दा बढी अनुच्छेद बनाई लेखिन्छन् । *लिखित अभिव्यक्ति सीप परीक्षणका लागि उपयुक्त मानिने उक्त प्रश्नहरू वाक्यरचनागत उपयुक्तता, शब्दप्रयोगगत उपयुक्तता, वैचारिक सिलसिलावद्धता, अनुच्छेदगठन, प्रवाहमयता, विषयवस्तुको प्रासङ्गिकता, वर्णविन्यास, विराम, चिह्नप्रयोग किनारा छोडाइ र सफाइ आदि समग्र पक्षको परीक्षणका लागि बेस ठानिन्छ* (अधिकारी : २०५७ : २४१) । विद्यार्थीले हासिल गरेको ज्ञान र उसको अभिव्यक्ति सीप जाँच्ने काम निबन्धात्मक प्रश्नहरूमार्फत गर्ने गरिन्छ । निबन्धात्मक प्रश्नहरू निर्माणका दृष्टिले छिटो, सरल र थोरै समयमा धेरै विद्यार्थीको मूल्याङ्कन गर्न सकिने भए पनि विश्वसनीयता, वैधता, प्रामाणिकता जस्ता मापनीय गुणको भने कमी नै रहेको हुन्छ । विद्यार्थीको उपलब्धिको गुणात्मक पक्षको मूल्याङ्कन गर्न, नक्कल गरी लेख्ने अवसर कमी गर्न, शुद्ध लेखन शैली तथा सरल र सरस भाषाको जाँच गर्न अनि विषयवस्तुको गहन अध्ययन गर्ने बानी बसाउनमा यस्तो प्रकृतिका प्रश्नहरू भने फलदायी नै हुन्छन् ।

**(आ) सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

सीमित तथा छोटो उत्तर आउने किसिमका प्रश्नबाट परीक्षार्थीहरूको उपलब्धिको लेखाजोखा गर्ने परीक्षणलाई छोटो उत्तरात्मक परीक्षण भनिन्छ । लिखित या मौखिक युक्तिका लागि पनि उपयोगी हुने यस्ता प्रश्नको उत्तर एक शब्ददेखि लिएर एक वाक्य वा अनुच्छेदसम्म पनि हुनसक्ने हुनाले यसमा विभिन्नताका साथै वस्तुगतताको पनि स्वतः आभाष गर्न सकिन्छ । विद्यार्थीको विचार गर्ने शक्ति वा सोच्ने शक्तिको विकास गर्न यस्ता प्रश्नहरू ज्यादै उपयोगी हुन्छन् । यस्ता प्रश्नले अस्पष्ट गफ गर्ने र अनावश्यक लामो उत्तर लेख्ने बानीलाई हटाउन मद्दत गर्छ । वैयक्तिक शैली, प्रस्तुति सङ्गठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मक प्रश्नका तुलनामा यस प्रकृतिका प्रश्नहरूको उत्तर-परीक्षण गर्न सजिलो हुन्छ । *वैयक्तिक शैली, प्रस्तुति सङ्गठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र सङ्क्षिप्तता विषयवस्तुको व्यापक ओगटाइ, सङ्ख्यात्मक बहुलता, प्रयोगपरकता, प्रयोग पहिचानात्मकता आदिका दृष्टिले वस्तुगतताको गुणसमेत झल्किने यस्ता प्रश्नलाई वस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी प्रश्न पनि भनिन्छ ।* (पौडेल : २०५२ : ४५) पाठ्यक्रम र पाठ्यपुस्तकको धेरै अंशलाई समेटने, विद्यार्थीको कमजोरी छिट्टै पत्तालगाउन सकिने, उत्तरपुस्तिका परीक्षणमा सरलता, विश्वसनीयता र वैधताको गुण विद्यमान रहने जस्ता विशेषता भए पनि सिकाउने क्षेत्रलाई सङ्कुचित एवम् सीमित पार्ने, विद्यार्थीहरूको स्वतन्त्र मौलिक एवम् सङ्गठनात्मकता लेखनको जाँच गर्न नसकिने जस्ता कमजोरीहरू यस्ता प्रश्नमा पाइन्छन् । भाषिक सन्दर्भमा भाषिक रचनाबोध, व्याकरणत□व, वर्णविन्यास, वाक्यरचना, शब्दार्थ, शब्दप्रयोग आदिको परीक्षण गर्न यस्ता प्रश्नहरू प्रयोगमा ल्याइन्छन् ।

**२.८ प्रश्नहरूको सङ्गठन निर्देशन र अन्तिम तयारी**

प्रश्नको निर्माण गरेरमात्र परीक्षण योजना पूरा नहुने भएकोले निर्मित प्रश्नहरूलाई उपयुक्त ढङ्गले सङ्गठन गर्दै परीक्षण उद्देश्यअनुसार सरलदेखि जटिलको

क्रमनिर्धारण, हरेक प्रश्नहरूको जवाफ दिने तरिका, अपेक्षा गरिएको जवाफ, अङ्कन प्रक्रियासमेत स्पष्ट हुनुपर्छ साथै शुद्ध र स्पष्ट छपाइ हुनुसमेत आवश्यक मानिन्छ । प्रत्येक प्रश्नको के-कति र कसरी जवाफ दिने भन्नेबारे स्पष्टनिर्देशन स्पष्ट भाषामा गरिनुपर्दछ । यसरी प्रश्नको सङ्गठन र निर्देशनपश्चात् पुनः जाँचेर उचित सम्पादन गर्नुपर्छ । प्रश्नहरूको सङ्ख्या, परीक्षण स्थान र समयमा पहिले नै पर्याप्त व्यवस्था गरिनुपर्छ ।

## २.९ परीक्षण प्रशासन र अङ्कन विधि

प्रश्नको सङ्गठन निर्देशन र तयारी जस्तै परीक्षण प्रशासन र अङ्कन विधि पनि मह□वपूर्ण चरण हो । परीक्षण स्थान, परीक्षार्थी सङ्ख्या, भवन, कोठा, फर्निचर, वातावरणीय सुरक्षा, कर्मचारी आदिको उचित प्रबन्ध र कार्यान्वयन नै परीक्षण प्रशासन हो । यी विविध कुराहरूको उचित व्यवस्थापन पछि उत्तरपुस्तिकाको सङ्कलन, सङ्कलनपश्चात् उत्तरहरूको अङ्कन कार्य गरिन्छ । उत्तरपुस्तिकाको परीक्षण गर्दा पूर्वाग्रही र अवैध नहोस् भनी उपयुक्त अङ्कन विधिको प्रयोग गर्नुपर्दछ । परीक्षापछि गरिने अङ्कन प्रक्रिया सुरक्षित, वैज्ञानिक, व्यवस्थित र अङ्कन मापनमा विश्वसनीयता र वैधता जस्ता गुणहरू कायम गर्न गराउन अथवा मापनमा पारदर्शिता ल्याउन परीक्षण प्रशासन र अङ्कन विधिको समूचितता हुनुपर्दछ । अङ्क मापन कार्यमा जटिलता उत्पन्न गर्ने विषयगत प्रश्नको अङ्कमापन गर्नका लागि मापनीय तरिका, बुँदा र अङ्कविभाजन तालिकाको रूपरेखासहित परीक्षण गरी अङ्क प्रदान गर्ने व्यवस्था समूचित ढङ्गबाट मिलाउनुपर्छ ।

अङ्कन कार्यमा सरलता ल्याउने वस्तुगत प्रश्नहरूको परीक्षणका लागि उत्तरकुञ्जिका तयार गर्नु आवश्यक छ । यही उत्तरकुञ्जिकाको प्रयोग गरी मापन गर्दा अङ्क निर्धारण गर्नसमेत सजिलो हुनुका साथै पूर्वाग्रही भावनाबाट अलग रही उत्तरमा एकरूपता ल्याउन सकिन्छ । विषयगत प्रश्नको सन्दर्भमा उपयोगी मानिएका प्रमुख अङ्कमापन विधिलाई यसरी देखाउन सकिन्छ :

**(क) बुँदागत अङ्कमापन**

*प्रश्नका परीक्षणीय आशयलाई विभिन्न बुँदामा परिणत गरी सोअनुरूप प्रश्नको अङ्कभारलाई विभाजित गरेर त्यसैबमोजिम उत्तरपत्र हेरी अङ्कमापन गर्ने विधिलाई बुँदागत अङ्कमापन भनिन्छ ।* (शर्मा र पौडेल : २०६० : २३६) यस्तो मापनमा प्रश्नका उत्तरहरूलाई प्रश्ननिर्माणसँगै बुँदागतरूपमा तयार गरी तिनको अङ्क विभाजनसमेत गरेर सोहीअनुसार बुँदाका आधारमा उत्तरपुस्तिकाको परीक्षण गरिन्छ । यसरी गरिएको अङ्कनले परीक्षणमा वैधता र विश्वसनीयता कायम गर्दछ भन्ने बुँदागत अङ्क मापनको मान्यता रहेको छ ।

**(ख) प्रश्नगत अङ्कमापन**

उत्तरपुस्तिकाको परीक्षण गर्ने क्रममा एउटा उत्तरपुस्तिकाको एकैपटक सबै उत्तरहरूको मापन नगरी एउटा उत्तरपुस्तिकाको कुनै एक प्रश्नको उत्तर परीक्षण गर्ने र अर्को उत्तरपुस्तिकाको पनि सोही प्रश्नको मात्र उत्तर परीक्षण गर्ने प्रक्रिया नै प्रश्नगत अङ्क-मापन हो । कुनै एक प्रश्नको उत्तरको परीक्षण गरिसकेपछि मात्र अर्को प्रश्नको उत्तर परीक्षण गर्ने कार्य प्रश्नगत अङ्कमापनमा गरिन्छ । एउटा उत्तरपुस्तिकाको परीक्षण गरिसकेपछि अर्को उत्तरपुस्तिकाको परीक्षण गर्दा हुनसक्ने विविध परिस्थिति जस्तै परीक्षकको मानसिक अवस्था, विचार, भावना आदि कारणहरूले परीक्षणमा विविधता वा भिन्नता नआओस् भन्ने हेतुले प्रश्नगत अङ्कमापन प्रणालीको विकास गरिएको हो ।

**(ग) बहुपरीक्षकहरूद्वारा अङ्कमापन**

*परीक्षार्थीहरूका उत्तरपत्रहरूलाई एउटा परीक्षकद्वारा मात्र अङ्कन नगराई तीन चारजना परीक्षकहरूद्वारा अङ्कन गराउने र औसत अङ्कलाई निर्णायक अङ्कका रूपमा स्थापित गर्ने विधिलाई बहुपरीक्षकद्वारा अङ्कमापन भनिन्छ ।* (शर्मा र पौडेल : २०६० : २३८) परीक्षकहरूबीच आपसी मतभिन्नता हुन सक्ने तथा समय र खर्च

अधिक लाग्ने जस्ता कारणले गर्दा यो विधि प्रचलनमा आएको नदेखिए पनि अङ्कनमा एकरूपता र विश्वसनीयता ल्याउन यो विधि प्रभावकारी हुने मानिएको छ ।

**(घ) समूहगत अङ्कमापन**

*परीक्षार्थीका उत्तरपत्रहरूलाई पहिले सरसरती हेरेर अति उत्तम, उत्तम, मध्यम, निम्न र अति निम्न आदि समूहमा छुट्याई राख्ने र त्यसपछि एउटा समूहको उत्तर जाँचिसकेपछि क्रमशः अन्य समूहको उत्तर जाँचेर अङ्कन गर्ने विधिलाई समूहगत अङ्कन भनिन्छ ।* (शर्मा र पौडेल २०६० : २३८) यस्तो प्रणाली पनि झन्झटिलो भएकोले प्रचलनमा आएको पाइँदैन । यस प्रणालीद्वारा परीक्षण गर्दा उत्तरपुस्तिकालाई वर्गीकरण गर्न कठिन हुने, बौद्धिक वर्गको समेत आवश्यकता पर्ने भए पनि यस परीक्षणद्वारा अङ्कमापन गर्दा एकरूपता, विश्वसनीयता र वैधता कायम हुनजान्छ ।

**२.१० भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्कमापन**

माथि उल्लिखित विधिहरूको प्रयोग गरी भाषिक परीक्षण कार्य गर्दा परीक्षणमा विश्वसनीयता ल्याउन सकिए पनि यी मात्रै पर्याप्त भने हुँदैनन् । भाषिक परीक्षणीय प्रश्नहरू सीपपरक वा ज्ञानपरक कुन प्रकारका छन्, सो को पहिचान नै सबैभन्दा मह□वपूर्ण कार्य हो । भाषा सीपपरक विषय भएकाले भाषिक प्रश्नहरू अपेक्षाकृत सीपपरक हुनु स्वाभाविक हो । यसको अर्थ भाषातात्□विक सुझ र धारणाको परीक्षणका लागि ज्ञानपरक प्रकृतिका प्रश्नहरूलाई उपेक्षा गरिन्छ भन्नु चाहिँ होइन । *ज्ञानपक्षसँग सम्बद्ध प्रश्नहरूको उत्तरमापन गर्ने आधार तयगर्दा प्रश्नको आशयलाई विश्लेषित गरेर आवश्यकताअनुसार विभिन्न बुँदामा अङ्क विभाजन गरी निबन्धन पक्षलाई भन्दा ज्ञानपक्षलाई जोड दिई मापन आधार तयार गरिनुपर्दछ । जस्तैः*

| | |
|---|---|
| *- यान्त्रिक पक्ष (किनारा, अक्षरका आकार, प्रकार, हिज्जे, सफाइ आदि)* | *१० प्रतिशत* |
| *- शब्द छनोट तथा प्रयोग* | *१० प्रतिशत* |
| *- व्याकरण (रूपविन्यास, वाक्यगठन, वाक्यान्तरण, सङ्गति) आदि* | *१० प्रतिशत* |
| *- सङ्गठन पक्ष* | *१० प्रतिशत* |

*- विषयवस्तुको ज्ञान र धारणा* *६० प्रतिशत*

*जम्मा* *१०० प्रतिशत*

(शर्मा र पौडेल : २०६० : २३८)

भाषिक परीक्षणका प्रश्नहरू अभिव्यक्ति सीपपरक योग्यतालाई जाँच गर्ने खालका हुन्छन् । यस्तो सीप एकीकृत समग्रात्मक निबन्धनमा आधारित हुने भएकाले भाषिक परीक्षणका सन्दर्भमा समग्रात्मक ढङ्गको अङ्कमापन नै बढी उपयुक्त हुने देखिन्छ तापनि अभिव्यक्ति सीपको परीक्षणमा परीक्षार्थीको निबन्धन पक्षलाई विभिन्न बुँदामा विश्लेषित गरेर विश्लेषणात्मक अङ्कमापन गर्न खोजिएको पनि पाइन्छ । जस्तैः

*- यान्त्रिक पक्ष (किनारा, अक्षरका आकार-प्रकार, हिज्जे, सफाइ आदि)* *२० प्रतिशत*

*- शब्द छनोट तथा प्रयोग* *२० "*

*- व्याकरण (रूपविन्यास, वाक्यगठन, वाक्यान्तरण, सङ्गति) आदि* *३० "*

*- सङ्गठन* *३० "*

*जम्मा* *१०० प्रतिशत*

(अधिकारी २०५७ : १४५)

भाषिक परीक्षणमा अङ्कमान गर्दा केही कठिनाइहरू अवश्य उत्पन्न हुन्छन् । जस्तैः विद्यार्थीले गरेको कुन कुन र कति त्रुटि गरेबापत कति अङ्क घटाउने, त्यस्ता त्रुटिहरू दोहोरिएको अवस्थामा के गर्ने, आदि । तुलनात्मक रूपमा अर्थअघातक त्रुटिभन्दा अर्थघातक त्रुटिहरू विशेष मह□वका हुने भएकाले परीक्षणका क्रममा उत्तम, मध्यम, निम्न समूहमा श्रेणी विभाजन गरी परीक्षण गर्ने कार्य अपनाउन सकिए पनि विषयपरक अङ्क मापनमा विश्लेषणात्मक पद्धतिभन्दा समग्रात्मक पद्धतिको अवलम्बन गर्नु लाभदायक हुने गर्छ ।

**२.११ प्रश्नविश्लेषणका आधारहरू**

प्रश्नको निर्माण गर्दा आवश्यक पर्ने कुराहरू नै प्रश्नविश्लेषणका आधारहरू हुन् । प्रश्नहरूको विश्लेषण गर्दा प्रश्नमा हुनुपर्ने न्यूनतम् सर्तहरू छन् या छैनन् भनी

नियाल्ने काम गरिन्छ । प्रश्न विश्लेषण गर्ने प्रचलन त्यति लामो नभए पनि हाल निम्नलिखित दुई किसिमका तरिकाहरू प्रचलनमा रहेका छन् :

२.११.१ तथ्याङ्कशास्त्रीय आधार

२.११.२ सैद्धान्तिक आधार ।

### २.११.१ तथ्याङ्कशास्त्रीय आधार

तथ्याङ्कशास्त्रीय आधारमा प्रश्नको विश्लेषण गर्दा तह कक्षा र विषयगत आधारमा प्रश्नको अध्ययन विश्लेषण गर्ने कार्य हुन्छ । यस आधारमा प्रश्नहरूको अध्ययन गरी गणितीय आधारबाट विश्वसनीयता, वैधता तथा कठिनाइ स्तर समेतको लेखाजोखा गरेर प्रश्नहरूको उपयुक्तता र अनुपयुक्तताको पहिचान गरी निष्कर्ष निकालिन्छ । यस आधारमा प्रश्नहरूको विश्लेषण गर्नु बढी प्रभावकारी मानिए पनि श्रम, साधन, स्रोत, अवधि, खर्च आदिका दृष्टिले हेर्दा व्यक्तिगत प्रयासबाट असम्भव प्रायः देखिन्छ ।

### २.११.२ सैद्धान्तिक आधार

सैद्धान्तिक आधारबाट भाषिक प्रश्नहरूको विश्लेषण गर्दा भाषिक प्रश्ननिर्माणका सिद्धान्तहरूमा आधारित रहेर गरिन्छ । यसमा प्रश्नमा हुनुपर्ने गुण तथा व्यवहारिकता समेतका दृष्टिले विश्लेषण गरिन्छ । प्रश्न विश्लेषणको सैद्धान्तिक आधारहरूलाई अवलम्बन गर्दा प्रश्नपत्रको आन्तरिक र बाह्य स्वरूपका दृष्टिले वैधता ठम्याई निष्कर्ष निकालिन्छ । प्रश्न विश्लेषणका सैद्धान्तिक आधारभित्र निम्नलिखित दुई आधारहरूको अवलम्बन गरिन्छ :

(क) बाह्य आधार

(ख) आन्तरिक आधार ।

### (क) बाह्य आधार

प्रश्नपत्रको बनावट कस्तो हुने भन्ने आधारमा प्रश्नहरूको स्वरूपको अध्ययन गर्ने प्रक्रिया नै प्रश्नपत्र निर्माणको बाह्य आधार हो । प्रश्नपत्रको आकृतिगत वैधता केलाउने कार्य बाह्य आधारअन्तर्गत गरिन्छ । प्रश्नपत्रको बाह्य आकृति आकर्षक,

स्पष्ट एवम् स्तरीय रहन गएका प्रश्नपत्रको प्रभावकारिता बढ्न जान्छ । प्रश्नपत्रका स्तरीयताका लागि किनारा छोडाइ, कागजको स्तर, प्रश्नपत्रले दिनुपर्ने स्पष्ट-निर्देशन आदि कुराहरू सु-व्यवस्थित गर्नुपर्छ । अव्यवस्थित प्रश्नपत्रले पाठ्यक्रमको अपेक्षाअनुसारको उपलब्धिको मापन गर्न अप्ठ्यारो पर्छ । *मुख्यतः बाह्य आधारबाट प्रश्नपत्र विश्लेषण गर्दा निम्न उपआधारहरूमा केन्द्रित हुनु उपयोगी देखिन्छ ।* (पौडेल : २०५२: ५७)

-निर्देशन
-अङ्कविभाजन
-प्रस्तुति अनुक्रम
-प्रश्नपत्रको स्वरूप र
-भाषा

शीर्ष-निर्देशन, प्रश्ननिर्देशन, प्रश्न-सङ्केतक, निर्देशक-चिह्न, निर्देशनको आवृति, विकल्प निर्देशन, पृष्ठ-निर्देशन आदिका आधारमा प्रश्नको उपयुक्तता वा अनुपयुक्तताको अध्ययन गर्ने काम निर्देशनअन्तर्गत पर्दछ । अङ्क विभाजन र समय विभाजन भित्र प्रश्नको प्रकृति र अपेक्षित उत्तर सरलता वा जटिलता आदिका दृष्टिले समय र पूर्णाङ्कको अङ्क विभाजन निर्धारण गरे नगरेको विश्लेषण गरिन्छ । प्रस्तुति-अनुक्रममा परीक्षण उद्देश्य, प्रश्न निर्माणका सिद्धान्त विद्यार्थीको स्तर आदिका दृष्टिले प्रश्नको क्रम निर्धारण के कस्तो छ, भनी हेर्ने काम गरिन्छ । त्यस्तै प्रश्नपत्रको स्वरूपका आधारमा विश्लेषण गर्दा शीर्ष-सूचना प्रश्नसङ्ख्या, प्रश्न र पृष्ठ, कागज, छपाइ, सफाइ आदिको पक्षको विश्लेषण गरिन्छ । भाषाका दृष्टिले प्रश्नको बाह्य स्वरूपमा आघात पार्ने भाषिक त्रुटिहरूको अध्ययन गरी सुधारात्मक पक्षमा जोड दिइन्छ ।

**(ख) आन्तरिक आधार**

प्रश्नलाई स्तरीय, विश्वसनीय र वैध तथा उद्देश्यमूलक बनाउन सबैभन्दा जिम्मेवार भूमिका खेल्ने आधार भनेकै आन्तरिक आधार हो । पाठ्यक्रमको अपेक्षाअनुरूपको स्तरअनुसार भाषिक सीप, सिर्जनात्मक कला आदिको परीक्षणको

निर्धारण प्रश्नपत्रको आन्तरिक आधारले गर्दछ । आन्तरिक वैधताका दृष्टिले प्रश्नहरूको अध्ययन गरी उपयुक्तता र अनुपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त प्रश्नहरूको निर्माण गर्ने सुझ प्रदान गर्नु भाषिक प्रश्न विश्लेषणको केन्द्रीय पक्ष हो । आन्तरिक आधारमा प्रश्नहरूको विश्लेषण गर्न पाँच उपआधारलाई अगाडि सार्न सकिन्छ ।

-पाठ्यक्रमअनुरूपता
-भाषिक पक्षहरूको संयोजन र सन्तुलन
-प्रश्नमा हुनपर्ने गुण
-भाषा
-प्रश्नका विविध पक्षहरू

भाषिक प्रश्नहरू पाठ्यक्रमका उद्देश्य, विषयवस्तु र विधा तथा विधाको क्षेत्र वा सीमा, अङ्कभार र समयअनुसार निर्माण भएको छन्/छैनन् भनी हेर्ने काम पाठ्यक्रमअनुरूपताभित्र पर्दछन् । भाषिक सीपहरू, भाषिक पक्षहरूको संयोजन र सन्तुलनभित्र सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको उचित तवरले तालमेल मिले/नमिलेको हेर्ने कार्य हुन्छ । त्यस्तै असल प्रश्नमा हुनुपर्ने गुणहरूअन्तर्गत विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता जस्ता गुणहरू पर्दछन् । यिनै गुणहरूका दृष्टिले प्रश्नहरूको उपयुक्तता र अनुपयुक्तता केलाउने काम प्रश्नमा हुनुपर्ने गुणअन्तर्गत हेर्ने गरिन्छ । भाषाअन्तर्गत प्रश्नहरूमा प्रयोग भएको भाषाले अर्थको अनर्थ दिने वा अर्थमा घात गर्ने (अर्थघातक) त्रुटिहरूबारे अध्ययन गर्ने कार्य हुन्छ । प्रश्नका विविध पक्षहरूअन्तर्गत माथि उल्लेख गरिएका भन्दा इतर प्रकृतिका विषयगत वा वस्तुगत कुन खालका प्रश्नहरू छन् र ती प्रश्नहरूले परीक्षण गर्ने कार्य गरिन्छ ।

## २.१२ सङ्क्षेप

*मूल्य+अङ्क+अन* मिलेर *मूल्याङ्कन* शब्द बन्दछ । शिक्षा क्षेत्रसँग सम्बन्धित मूल्याङ्कन नै शैक्षिक मूल्याङ्कन हो । शैक्षिक मूल्याङ्कनले विद्यार्थीको उपलब्धि पहिल्याउन गुणात्मक र मात्रात्मक रूपमा जाँच  गर्ने कार्य गर्दछ । शैक्षिक प्रणालीको निर्माण गर्न; परीक्षा प्रणालीमा सुधार गर्न; शिक्षण सिकाइमा सुधार गर्न; पाठ्यक्रम र

पाठ्यपुस्तकमा सुधार गर्न; शैक्षिक अध्ययन अनुसन्धानमा सहयोग गर्न जस्ता कार्यहरूमा शैक्षिक मूल्याङ्कनको उपयोगिता रहन्छ । यस्तै भाषिक मूल्याङ्कन पनि शैक्षिक मूल्याङ्कन कै एक पाटो भएकाले यसको सम्बन्ध भाषिक अपेक्षाहरूसँग रहेको हुन्छ । भाषिक अपेक्षाहरू भनेका भाषिक सीपहरू हुन् । यिनै भाषिक अपेक्षा पूर्ति भए/नभएको अध्ययन गर्न भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । यस्तो मूल्याङ्कनका लागि परीक्षा, जाँच जस्ता साधनहरूको आवश्यकता पर्दछ । लिखित, मैखिक र प्रयोगात्मक परीक्षा नै परीक्षाका रूपहरू भए पनि लिखित परीक्षा नै बढी प्रचलनमा रहेको देखिन्छ । लिखित परीक्षाका लागि प्रश्नहरू निर्माण गर्नुपर्दछ । ती प्रश्नहरू मार्फत लिइएको मूल्याङ्कन कति उचित/अनुचित हो भन्ने कुराको पहिचान प्रश्नहरूको अध्ययन विश्लेषणबाट मात्र प्राप्त हुन्छ । प्रश्नविश्लेषणका प्रमुख दुई आधारहरू रहेका छन् । ती हुन्: तथ्याङ्कशास्त्रीय आधार र सैद्धान्तिक आधार गणितीय आधारबाट विश्वसनीयता, वैधता तथा कठिनाइ स्तर समेतको लेखाजोखा गरेर प्रश्नहरूको उपयुक्तता र अनुपयुक्तताको पहिचान गरी निष्कर्ष निकाल्ने काम तथ्याङ्कशास्त्रीय आधारमा हुन्छ भने सैद्धान्तिक पक्षका प्रश्नहरूका विविध आधारहरूका आधारमा अध्ययन विश्लेषण गर्ने गरिन्छ । सैद्धान्तिक पक्षका विविध आधारहरू आन्तरिक आधार र बाह्य आधारहरू हुन् । आन्तरिक आधारअन्तर्गत पाठ्यक्रमअनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण र भाषा (अर्थघातक) आदि पर्दछन् । यी विभिन्न उपआधारहरूमा आधारित रही प्रश्नहरूको आन्तरिक स्वरूपको अध्ययन विश्लेषण गरिन्छ । बाह्य आधारअन्तर्गत निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा (अर्थअघातक) आदि पर्दछन् । यी विभिन्न उपआधारमा रही प्रश्नहरूको बाह्य स्वरूपको अध्ययन विश्लेषण गरिन्छ ।

## परिच्छेद-तीन

# बाह्य आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन

प्रश्न विश्लेषणका प्रमुख दुई आधारहरूमध्ये एक प्रमुख आधार बाह्य आधार हो । प्रश्न विश्लेषणका बाह्य आधारअन्तर्गत प्रश्नको बाह्य प्रकृति, आकर्षण, स्पष्टता र स्तरीयता जस्ता कुराहरू पर्दछन् । आकृतिगत वैधताको दृष्टिकोणले प्रश्नहरू कति सबल वा दुर्बल छन् भनी हेर्ने काम बाह्य आधारअन्तर्गत गरिन्छ । प्रश्न विश्लेषणको बाह्य आधारअन्तर्गत निम्नलिखित उपआधारहरू प्रमुख रहन्छन् :

१. निर्देशन
२. अङ्क विभाजन र समय निर्धारण
३. प्रस्तुति अनुक्रम
४. प्रश्नपत्रको स्वरूप र
५. भाषा ।

### ३.१ निर्देशन

प्रश्नको आदि, मध्य र अन्त्यमा आवश्यकताअनुसार निर्देशन रहन सक्छ । निर्देशनले प्रश्नमा मह□वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि प्रश्नको उत्तर के दिने, कति दिने, कसरी दिने जस्ता कुराहरूको आशय, प्रक्रिया तथा सीमालाई निर्देशनले स्पष्ट पारेको हुन्छ । यदि निर्देशनमा अस्पष्टता, दोहोरो अर्थ लाग्नेपन, मह□वकाङ्क्षीपन, जटिलता हुनुहुँदैन । परीक्षणीय उद्देश्यहरूलाई सार्थक बनाउन प्रश्नमा सरलता, स्पष्टता, शुद्धता र वस्तुगतता जस्ता विशेषताहरू रहनु आवश्यक ठानिन्छ । निर्देशनअन्तर्गत शीर्ष-निर्देशन, प्रश्न-सङ्केत, निर्देशक-चिह्न, पृष्ठ-निर्देशन, विकल्प-निर्देशनजस्ता कुराहरू पर्दछन् । यहाँ उल्लिखित कुराहरूमा समुचित ध्यान पुगेको छ/छैन भन्ने कुराको निम्नलिखित परिधिभित्र रही प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण तथा तुलना गरिएको छ :

#### ३.१.१ शीर्ष निर्देशन

प्रश्नपत्रको अग्रस्थानमा रहने समग्र प्रश्नहरूको साझा निर्देशन नै शीर्ष निर्देशन हो । प्रश्नको प्रकृति तथा समयको सीमालाई मध्यनजर गर्दै शीर्ष-निर्देशनको उपयोग गरिन्छ । यो प्रश्नपत्रमा हुने एक किसिमको सर्त हो । प्रश्नपत्रमा उल्लिखित समयको सीमा र प्रश्नको प्रकृतिअनुसार परीक्षार्थीहरूलाई उत्तर लेख्ने निश्चित् अवधारणा दिई सोद्देश्यपूर्ण परीक्षण गर्नमा प्रमुख सहयोगी बन्ने भएकाले शीर्षनिर्देशनलाई प्रश्नपत्रको प्रमुख, आवश्यक एवम् औपचारिक त□व मानिन्छ । त्यसैले शीर्ष-निर्देशन सरल, स्पष्ट र वस्तुनिष्ठ हुनुपर्छ ।

प्रतिनिधि प्रश्नहरूमा शीर्ष-निर्देशनहरूको अध्ययन गर्दा ०६२ का प्रश्नपत्रहरूमा *२०६२ (2006) अनिवार्य नेपाली* लेखिएको छ भने ०६३ का प्रश्नपत्रहरूमा *2063 (2007) अनिवार्य नेपाली* लेखिएको छ । यसरी हेर्दा शीर्ष निर्देशन गर्न २०६२ नेपालीमा र 2063 अङ्ग्रेजीमा लेखिएको छ । प्रतिनिधि प्रश्नहरू अनिवार्य नेपाली विषयका प्रश्नहरू भएकोले ०६३ का प्रश्नपत्रमा 2063 लेख्नु भाषिक दृष्टिकोणले त्रुटिपूर्ण देखिन्छ । यस बाहेक प्रश्नपत्रमा खुलाउनु पर्ने कक्षा वा तह दुवै वर्षका प्रश्नपत्रमा खुलाइएको पाइँदैन । उल्लिखित कुराहरू बाहेक मुख्य निर्देशनमा भने एकरूपता नै देखिन्छ ।

### ३.१.२ प्रश्न–निर्देशन

परीक्षणीय उद्देश्य एवम् प्रश्नको प्रकृतिअनुरूप परीक्षणीय प्रश्नहरूमा विविधता देखापर्दछ । भाषा विषयका सन्दर्भमा निर्मित प्रश्नहरू भाषाका कुन सीप परीक्षणका लागि निर्मित गरिएको हो र उक्त प्रश्न विषयगत वा वस्तुगत के हो भन्ने कुराको आधारमा प्रश्नहरूमा विविधता ल्याउनु पर्दछ । प्रश्नमा रहेका यस्ता विविधताहरूलाई प्रश्न निर्देशनले खुलाउनु पर्दछ । यदि यसो हुन नसकेमा परीक्षणीय, प्रश्नहरूको विश्वसनीयतामा ह्रास उत्पन्न भई प्रश्नको वैधतामा नै प्रश्नचिह्न खडा हुन सक्छ । त्यसैले यस्ता कमजोरीहरूबाट प्रश्नहरूलाई टाढा राख्न विभिन्न प्रश्न तथा उपप्रश्नमा स्पष्ट निर्देशन हुनुपर्दछ ।

उक्त दृष्टिकोणले ०६२ का प्रश्नहरू मध्ये प्रश्न नं. २ मा रहेको सङ्केतलाई हेर्दा यस्तो देखिन्छ : *कुनै चार प्रश्नको उत्तर दिनुहोस्: (प्रश्न नं. 'क' अनिवार्य छ ।)* यसरी कुनै चार प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस्, हुनुपर्नेमा केवल चार प्रश्नको उत्तर दिनुहोस् भन्ने प्रश्नले कस्तो उत्तर दिने, कति उत्तर दिने भन्ने कुरामा परीक्षार्थीहरूलाई अन्यौलता सिर्जना गरी त्रुटि गरेको देखिन्छ । यस बाहेकका अन्य त्रुटिहरूको अध्ययन गर्न निम्नलिखित बुँदाहरूलाई आधार मानिएको छ :

**(क) प्रश्न-सङ्केत**

कुनै एउटा प्रश्नलाई अर्को प्रश्नबाट वा सोही प्रश्नको उपप्रश्नबाट छुट्याउने काम प्रश्न सङ्केतले गर्दछ । प्रश्नमा प्रश्न-सङ्केतलाई राख्दा प्रश्न र उपप्रश्न सजिलै छुट्टिने वा चिन्न सकिने गरी राख्नुपर्दछ । यसरी राख्दा प्रश्नलाई अङ्कमा र उपप्रश्नहरूलाई अक्षरमा राख्नु व्यवहार सम्मत मानिन्छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरूलाई अङ्कमा र उपप्रश्नहरूलाई अक्षरमा राखी व्यावहारिक बनाउने प्रयास गरिएको छ । अन्य प्रतिनिधि प्रश्नहरू स्वाभाविक देखिन्छ ।

**(ख) निर्देशक-चिह्न**

प्रश्नमा रहेको निर्देशनलाई प्रस्ट्याउन निर्देशक-चिह्नको उपयोग महत्त्वपूर्ण हुन्छ । यसको आवश्यकता प्रश्नहरूलाई सार्थक त्रुटिरहित र आकर्षक बनाउनुमा रहेको हुन्छ । भाषिक प्रश्ननिर्माणमा यसको आवश्यकता झनै खड्किन्छ । प्रश्नपत्रको समग्रताको आशय वा अपेक्षालाई समष्टीगत रूपमा निर्देशन गर्ने कार्य शीर्ष निर्देशनले गरे पनि प्रश्नभित्रका विकल्पप्रश्न तथा उपप्रश्नहरूलाई उजागर गर्न निर्देशक चिह्नको प्रयोग आवश्यक छ । निर्देशक चिह्नहरूमा विविधता (; , :-, : आदि) भएकोले एकै प्रकारको प्रश्नमा अनेक प्रकारका निर्देशक चिह्नको प्रयोग गर्न नहुनेतर्फ विशेष सजकता अपनाउनु पर्ने हुन्छ । निर्देशक चिह्नमा जे जस्ता विविधता भए पनि यसको प्रयोगमा एकरूपता ल्याउनु जरुरी हुन्छ ।

माथि उल्लिखित आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा ०६२ का प्रश्नहरूमध्ये पश्चिमाञ्चल क्षेत्रको प्रश्न नं. (१७) र मध्यपश्चिमाञ्चल क्षेत्रको प्रश्न नं. (५) मा निर्देशक चिह्नको प्रयोग हुनुपर्नेमा पूर्णविराम चिह्नको प्रयोग गरी प्रश्नपत्रमा त्रुटि गरेको पाइन्छ । यसै गरी प्रतिनिधि प्रश्नहरूमध्ये ०६३ का सबै क्षेत्रका प्रश्नहरूको प्रश्न नं. १२ को उपप्रश्न (क) मा निर्देशक चिह्न (:-) को प्रयोग हुनुपर्नेमा ( : ) चिह्नको प्रयोग भएको पाइएकाले उक्त प्रश्नको निर्देशक चिह्न त्रुटिपूर्ण देखिन्छन् किनभने अन्यत्र कहीँ पनि त्यो चिह्नको प्रयोग पाइँदैन । यी बाहेक अन्य प्रश्नहरूमा भने यस्तो प्रकारको कुनै त्रुटि भएको पाइँदैन ।

### ३.१.३ विकल्प–निर्देशन

कुनै प्रश्नको वैकल्पिक प्रश्नको रूपमा निर्मित प्रश्नहरू नै विकल्प प्रश्नहरू हुन् र यी प्रश्नहरूलाई छुट्याउन प्रयोग गरिएको निर्देशन नै विकल्प-निर्देशन हो । विकल्प निर्देशनले यो वा त्यो प्रश्नको उत्तर दिनुपर्ने भन्नेबारे जानकारी गराउँदछ । विकल्प निर्देशनले कुनै प्रश्नको विकल्प प्रश्नको उत्तर दिन निर्देशन गरेको हुन्छ । सैद्धान्तिक रूपमा विकल्प-निर्देशन उपयुक्त नठानिए पनि व्यावहारिक रूपमा प्रश्नपत्रका कतिपय जटीलताहरूमा कमी ल्याउन यो उपयोगी सिद्ध हुन सक्छ । विकल्प-निर्देशनले परीक्षार्थीलाई प्रश्नको उत्तर दिन सरल र सुगम बनाउँछ । तर विकल्प-निर्देशन दिँदा प्रश्नको समय तथा अङ्कभार, उद्देश्य तथा आशय र समान कठिनाइ स्तरआदिलाई ख्याल राख्नु अनिवार्य ठानिन्छ । समरूप प्रकृतिका प्रश्नहरूमा *वा, अथवा,* आदि जस्ता शब्दहरूको प्रयोग गरेर विकल्प निर्देशन दिइएको हुन्छ । यद्यपि कतिपय प्रश्नहरूमा *यतिवटा* प्रश्नको उत्तर दिने भन्ने निर्देशनसमेत गरिएको हुन्छ । यसरी दिइएका विकल्प वा कुनै एउटा प्रश्नको विकल्पको रूपमा अर्को प्रश्न तथा अर्को प्रश्नको पनि विकल्पको रूपमा अर्को प्रश्न रहेको हुन्छ । दिइएको सङ्ख्याले छोड्ने सङ्ख्याको विकल्प-निर्देशन गरेको हुन्छ अथवा मानौँ कुनै ७ वटा प्रश्नहरूमध्ये ५ वटा प्रश्नको उत्तर दिइएमा छोडिएका २ वटा प्रश्नहरू नै ती प्रश्नहरूका विकल्प हुन् । यस्तोमा विद्यार्थीले समग्रबाट इच्छाएको २ वटा प्रश्नको उत्तर छोड्ने काम हुन्छ ।

प्रतिनिधि प्रश्नहरूमध्ये ०६२ का प्रश्नहरूमा विकल्पको लागि *क, ख* जस्ता अक्षरहरूको प्रयोग गरिएको छ भने कतै *अथवा* शब्दको पनि प्रयोग भएको देखिन्छ । विकल्प-प्रश्नमा अक्षरको प्रयोग भएका प्रश्नहरूमा विवेचनात्मक प्रश्न ०६२, पाठगत प्रश्न ०६२, निबन्ध लेखन प्रश्न ०६२, रहेका छन् । तर निबन्ध लेखनकै विकल्प प्रश्नको रूपमा निर्माण गरिएका चिठी र दैनिकी लेखनका प्रश्नहरूमा भने *अथवा* शब्दको प्रयोग गरिएको छ । सप्रसङ्ग व्याख्या र व्याख्याका लागि निर्मित प्रश्नमा अक्षर निर्देशन छ भने निर्देशित रचनाका लागि निर्मित प्रश्नमा भने *अथवा* शब्दको प्रयोग गरिएको छ । यसरी हेर्दा ०६२ का सबै क्षेत्रका प्रश्न नं. २ मा *कुनै चार प्रश्नको उत्तर दिनुहोस् (प्रश्न नं. (क), अनिवार्य छ)* भनिएको छ तर अनिवार्य विकल्प भित्र पनि विकल्प दिनु नसुहाउँदो देखिन्छ । यसका साथै उक्त प्रश्नहरूमा विकल्प-निर्देशनका लागि प्रयोग गरिएको शब्दमा एकरूपता नपाइनु तथा अधिक विकल्प प्रश्नहरूको प्रयोग हुनु पनि नसुहाउँदो देखिन्छ । तर ०६३ का प्रतिनिधि प्रश्नपत्रमा भने विकल्प निर्देशनका रूपमा अक्षरको मात्र प्रयोग गरिनुले एकरूपता अपनाएको देखिन्छ ।

### ३.१.४ पृष्ठ–निर्देशन

प्रश्नपत्रको पृष्ठसम्बन्धी जानकारी नै पृष्ठ-निर्देशन हो । प्रश्नको प्रकृति, सङ्ख्या, परीक्षणीय उद्देश्य, कागजको आकार-प्रकार, अक्षरको आकार आदिका कारण प्रश्नपत्र लामो वा छोटो हुनसक्छ । प्रश्नपत्र एउटै पृष्ठमा समेटिने भएमा पृष्ठ-निर्देशन दिइनु आवश्यक पर्दैन तर प्रश्नपत्रको पृष्ठ सङ्ख्या एकभन्दा बढी भएमा पृष्ठ-निर्देशन दिनु अनिवार्य रहन्छ । पृष्ठ निर्देशन पृष्ठको सुरुमा वा अन्त्यमा *क्रमशः कृ.प.उ.* जस्ता शब्द तथा १, २, ३ जस्ता अङ्क तथा अन्य सङ्केतहरूको प्रयोग जस्ता विभिन्न तरिकाहरू अपनाएर दिइने गरिन्छ । पृष्ठ-निर्देशनमा जुन तरिका अपनाए पनि एकरूपतालाई ध्यान दिनु मुख्य कुरा हुन्छ ।

प्रतिनिधि प्रश्नमध्ये ०६२ का सबै प्रश्नले प्रथम पृष्ठमा शीर्ष-निर्देशन, पृष्ठ २, ३, ४, ५, ६ गरी अङ्कमार्फत र पृष्ठ ४ को अन्त्यमा *क्रमशः* समेतको प्रयोग गरी पृष्ठ-निर्देशन गरिएको छ भने ०६३ का सबै प्रश्नपत्रहरूमा प्रथम पृष्ठमा शीर्ष निर्देशनका साथै दोस्रोदेखि चौथो पृष्ठसम्म २, ३, ४ गरी अङ्कका साथै पृष्ठ एक र तीनको अन्त्यमा क्रमशः शब्दको प्रयोग गरी पृष्ठ निर्देशन दिइएको छ । यसैगरी प्रश्नहरूको समाप्तिको जानकारी दिन ०६२ का प्रश्नपत्रहरूमा (◆◆◆) र ०६३ का प्रश्नपत्रहरूमा ('–o–') को प्रयोग गरिएको छ ।

यसरी यी दुवै वर्षका प्रश्नपत्रहरूको अध्ययन गर्दा पृष्ठ निर्देशनमा एकरूपता पाइने भएकोले पृष्ठ-निर्देशनको स्वभाविक प्रयोग भएको छ भन्न सकिन्छ ।

### ३.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारण जुनसुकै प्रश्नपत्रमा पनि आवश्यक हुन्छ । प्रश्नको अङ्क र समयको असन्तुलन भएमा प्रश्नको बाह्य वैधताका साथै आन्तरिक वैधतामा समेत आँच आउन सक्छ । असन्तुलित प्रश्नले उत्तर दियाइमा कठिनाइ उत्पन्न गराउँदछ । लामो उत्तर दिनुपर्ने प्रश्नलाई बढी अङ्क र कम उत्तर दिनुपर्ने प्रश्नलाई कम अङ्कभार छुट्याइयो भने प्रश्नपत्र विरोधाभाषपूर्ण हुनबाट बच्न गई प्रश्नपत्रमा सरलता हुन जान्छ । प्रश्नको प्रकृति उत्तरको आकार, कठिनाइस्तर आदि कुराका आधारमा अङ्क र समय निर्धारण गर्नुपर्ने हुन्छ । तसर्थ प्रश्नमा अङ्क विभाजन र समय निर्धारण न्यायसङ्गत हुनुपर्दछ ।

यस दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न उप-आधारहरूमार्फत विश्लेषण गर्ने प्रयास गरिएको छ :

#### ३.२.१ पूर्णाङ्क र त्यसको वितरण

समग्र प्रश्नहरूको एकमुष्ट अङ्क नै पूर्णाङ्क हो । पूर्णाङ्कको रखाइ प्रश्नपत्रको दायाँपट्टि गरिएको हुन्छ । प्रश्नपत्रमा उल्लिखित पूर्णाङ्कलाई प्रश्नको

प्रकृतिअनुसार सानासाना भागमा टुक्र्याएर वितरण गरिएको हुनुपर्दछ । यसरी वितरण गरिएको अङ्क र पूर्णाङ्कका बीच उचित तालमेल मिल्नु आवश्यक हुन्छ ।

उक्त आधारमा विश्लेषण गर्दा प्रतिनिधि प्रश्नपत्रहरूमा देहायबमोजिमको अवस्था रहेको देखिन्छ :

## प्रश्न र पूर्णाङ्क वितरण
### तालिका नं – १

| क.सं. | प्रश्नपत्र | प्रश्न सङ्ख्या र अङ्क विभाजन | | | | | | | | | | | | | | | | | | जम्मा प्रश्न र पूर्णाङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | | |
| १ | २०६२ : मध्यमाञ्चल | १० | २० | ५ | ५ | १० | १० | ५ | ४ | ४ | २ | २ | ३ | ५ | ५ | ५ | ३ | २ | – | १७/१०० | |
| २ | २०६३ : मध्यमाञ्चल | ४ | ३ | ५ | ५ | २ | २ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १५ | १० | १८/१०० | |
| ३ | २०६२ : पश्चिमाञ्चल | १० | २० | ५ | ५ | १० | १० | ५ | ४ | ४ | २ | २ | ३ | ५ | ५ | ५ | ३ | २ | – | १७/१०० | |
| ४ | २०६३ : पश्चिमाञ्चल | ४ | ३ | ५ | ५ | २ | २ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १५ | १० | १८/१०० | |
| ५ | २०६२ : मध्यपश्चिमाञ्चल | १० | २० | ५ | ५ | १० | १० | ५ | ४ | ४ | २ | २ | ३ | ५ | ५ | ५ | ३ | २ | – | १७/१०० | |
| ६ | २०६३ : मध्यपश्चिमाञ्चल | ४ | ३ | ५ | ५ | २ | २ | ४ | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | १५ | १० | १८/१०० | |

माथि उल्लिखित तालिकाको आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा ०६२ र ०६३ का प्रतिनिधि प्रश्नपत्रमा यथास्थानमा पूर्णाङ्क उल्लेख गरिएको छ । यसरी उल्लेख गरिएको पूर्णाङ्कमा एकरूपता देखिन्छ । प्रत्येक प्रश्नका लागि दायाँपट्टिको किनारामा प्रश्नगत अङ्कभार पनि छुट्याइएको छ । प्रश्नहरूको रखाइमा भने ०६२ र ०६३ का प्रतिनिधि प्रश्नपत्रमा पूर्ण अन्तर देखिन्छ भने पूर्णाङ्क वितरणमा समेत आंशिक भिन्नता रहेको देखिन्छ ।

पूर्णाङ्क वितरणसँग समानता राख्ने ०६२ र ०६३ का प्रश्नहरूमा विवेचनात्मक प्रश्न, पाठगत प्रश्न, सारांश लेखन, बोध प्रश्न र वर्णविन्यासगत प्रश्नहरू (क्रमशः १०, १५, ५, ५, ५ अङ्क) र निर्देशित रचनागत प्रश्नहरू देखिन्छन् भने ०६२ र ०६३ का प्रश्नहरूको अङ्क वितरणसँग भिन्नता राख्ने प्रश्नहरूमा शब्दभण्डारगत प्रश्न, व्याकरणात्मक प्रश्न, स्वतन्त्र रचनागत प्रश्न र व्याख्यात्मक प्रश्नहरू रहेका देखिन्छन् । यस दृष्टिले ०६२ र ०६३ का प्रतिनिधिप्रश्नहरूलाई तुलना गर्दा ०६२ भन्दा ०६३ का प्रश्नहरूमा शब्दभण्डारगत प्रश्नमा २ अङ्क थप, व्याख्यात्मक प्रश्नमा ५ अङ्कले कटौती, स्वतन्त्र रचनाका लागि ५ अङ्क थप, व्याकरणात्मक प्रश्नका लागि २ अङ्कले कटौती गरेको देखिन्छ । यसरी दुवै वर्षका प्रतिनिधि प्रश्नहरूको पूर्णाङ्क वितरणमा आंशिक भिन्नता रहे पनि जम्मा पूर्णाङ्क भने १०० नै रहेको छ । यही १०० पूर्णाङ्कको परिधिभित्र रही दुवै वर्षका प्रश्नपत्रले अङ्क वितरण गरेका छन् । परिवर्तित पाठ्यक्रममा आधारित रही २०६३ का प्रतिनिधि प्रश्नहरूको निर्माण गरिएकाले यी प्रश्नपत्रमा गरिएको पूर्णाङ्कको वितरण पनि परिष्कृत र परिमार्जित छ भन्न सकिन्छ ।

### ३.२.२ उत्तीर्णाङ्क

कुनै कक्षा वा तह उत्तीर्ण गर्नका लागि निर्धारण गरिएको न्यूनतम् अङ्क नै उत्तीर्णाङ्क हो । यही उत्तीर्णाङ्कका आधारमा परीक्षार्थीलाई सफल वा असफल घोषणा गर्ने गरिन्छ । निर्धारित न्यूनतम् अङ्क वा सो अङ्कभन्दा माथि अङ्क प्राप्त गर्ने परीक्षार्थी सफल ठानिन्छ भने उक्त अङ्कभन्दा कम अङ्क प्राप्त गर्ने परीक्षार्थी असफल ठानिन्छ । उत्तीर्णाङ्कको निर्धारण उमेर, कक्षा वा तह, विषयवस्तु (सैद्धान्तिक/प्रायोगिक) संस्था आदिअनुसार गर्ने गरिएको हुन्छ । यसरी निर्धारण गरिएको उत्तीर्णाङ्कको उल्लेख पूर्णाङ्कको ठीक मुनिपट्टि गर्नुपर्दछ । नेपालको परिप्रेक्ष्यमा प्रवेशिका परीक्षा (सैद्धान्तिक विषय)का १०० पूर्णाङ्कका लागि ३२ अङ्क निर्धारण गर्ने प्रचलन रहेको छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरूको विश्लेषण र तुलना गर्दा माथि उल्लेख भएअनुसार नै राखिएको र दुवै वर्षको उत्तीर्णाङ्कमा समानता देखिने भएकोले उत्तीर्णाङ्कका दृष्टिले प्रतिनिधि प्रश्नहरू उपयुक्त देखिन्छन् ।

**३.२.३ भाषिक सीप र अङ्क विभाजन**

भाषिक विषयका सन्दर्भमा भाषिक सीप मह□वपूर्ण हुन आउँछ । भाषिक क्षमता अभिवृद्धि गर्न भाषिक सीप आवश्यक हुन्छ । शिक्षार्थीको भाषिक क्षमता अभिवृद्धि होस् भन्ने हेतुले पाठ्यक्रमले सीपगत आधारमा नै निश्चित् पाठ्यभार प्रदान गरेको हुन्छ । कुनै पनि भाषाको अध्ययन भनेको त्यसको भाषिक सीप हासिल गर्नु रहेकोले नेपाली भाषाका सन्दर्भमा पनि सुनाइ, बोलाइ पढाइ र लेखाइ जस्ता चारवटा भाषिक सीप हासिल गर्नुपर्ने हुन्छ । यी सीप मध्ये सुनाइ र पढाइ सीप ग्रहणात्मक र लेखाइ र बोलाइ सीप अभिव्यक्तिसम्बन्धी सीप मानिन्छन् । प्रश्नमा भाषा तार्□वक पक्षहरू अनुकूलको अङ्क विभाजन कार्य के कति मात्रामा प्रभावयोग्य छ, त्यसको अध्ययन जरुरी हुन आउँछ । भाषिक सीपको परीक्षण गर्न प्रारम्भिक तहमा सुनाइ र बोलाइ सीपको परीक्षण तथा माथिल्लो तहमा पढाइ र लेखाइ सीपको परीक्षण गर्नु सान्दर्भिक हुन्छ । प्रतिनिधि प्रश्नहरू पढाइ र लेखाइ सीपसँगसन्दर्भित भएकोले प्रस्तुत अध्ययन पनि सोहीअनुसार नै गरिएको छ ।

प्रतिनिधि प्रश्नपत्रमा भाषिक सीप परीक्षण कसरी गरिएको छ भन्ने सन्दर्भमा अध्ययन गर्नका लागि भाषिक सीपलाई अलगअलग रूपमा छुट्याएर हेर्ने प्रयास गरिएको छ :

### (क) विशुद्ध पढाइ सीप र अङ्क विभाजन

माध्यमिक नेपाली भाषा पाठ्यक्रमले विशुद्ध पढाइ सीपको परीक्षण गर्न पाठगत प्रश्न र बोध प्रश्नजस्ता प्रश्नको निर्माण गर्ने गरी पाठ्यक्रममा विभिन्न विधाहरू समावेश गरेको छ । प्रतिनिधि प्रश्नहरूको निर्माण गर्दा पाठ्यक्रमको उद्देश्यअनुरूप विशुद्ध पढाइ सीप परीक्षण भए नभएको हेर्न तलको तालिकाको उपयोग गरिएको छ :

## विशुद्ध पढाइसीप परीक्षण र अङ्क विभाजन
### तालिका नं. - २

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | सङ्क्षिप्त उत्तरात्मक (पाठगत) | पठनबोध प्रश्न | जम्मा प्रश्न | उत्तर दिनुपर्ने | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ञ | २०६२ : मध्यमाञ्चल | १०० | ३२ | १५ (६-३) | ५ (१) | १४ | ८ | २० | व्याख्या + स्नप्रसङ्ग व्याख्या (५×२) = १० |
| ट | २०६३ : मध्यमाञ्चल | १०० | ३२ | १५ (४-१) | ५(१) | १० | ७ | २० | |
| घ | २०६२ : पश्चिमाञ्चल | १०० | ३२ | १५ (६-३) | ५(१) | १४ | ८ | २० | व्याख्या + स्नप्रसङ्ग व्याख्या (५×२) = १० |
| द्ब | २०६३ : पश्चिमाञ्चल | १०० | ३२ | १५ (४-१) | ५(१) | १० | ७ | २० | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | १५ (६-३) | ५(१) | १४ | ८ | २० | व्याख्या + स्नप्रसङ्ग व्याख्या (५×२) = १० |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | १५ (४-१) | ५ (१) | १० | ७ | २० | |

सङ्केत

कोष्टकमा उल्लेखित अघिल्लो अङ्कले जम्मा प्रश्न जनाउँछ ।

कोष्टकमा उल्लेखित पछिल्लो अङ्कले जम्मा उत्तर दिनुपर्ने जनाउँछ ।

उल्लिखित तालिकाको आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशुद्ध पढाइ सीप परीक्षण गर्न पाठगत प्रश्न र बोध प्रश्नको निर्माण गरेको देखिन्छ । यसरी निर्मित प्रश्नहरूमध्ये पाठगत प्रश्नका लागि १५ र बोध प्रश्नका लागि ५ अङ्क गरी कूल २० अङ्क मार्फत विशुद्ध पढाइ सीप परीक्षण गर्न खोजेको पाइन्छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरू ०६२ र ०६३ का प्रश्नमा समानता भेटिन्छ ।

**(ख) विशुद्ध लेखाइ सीप र अङ्क विभाजन**

भाषिक सीपहरू मध्येको प्रमुख सीप लेखाइ सीप पनि हो । सुनाइ र पढाइबाट प्राप्त गरेको उपलब्धिलाई उचित समायोजन गरी लेखाइमा अभिव्यक्त गर्न सकिन्छ । विशुद्ध लेखाइ सीप परीक्षण गर्न स्वतन्त्र रचनाअन्तर्गतका निबन्ध चिठी, दैनिकी, संवाद, लेख्नेसम्बन्धी प्रश्न तथा निश्चित बुँदाहरू दिई सोही बुँदाका आधारमा कथा, जीवनी वा त्यस्तै कुनै रचना निर्माण गर्न लगाउने नियन्त्रित रचनामार्फत पनि गर्न सकिन्छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नपत्रमा विशुद्ध लेखाइ सीप परीक्षणको अध्ययन गर्न निम्नानुसारको तालिकाको निर्माण गरिएको छ :

**विशुद्ध लेखाइ सीप परीक्षण र अङ्क विभाजन**

**तालिका नं - ३**

| क.सं. | प्रश्नपत्र | नियन्त्रित रचना | स्वतन्त्र रचना | | | | | | | | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कथा/ जीवनी लेखन | निबन्धलेखन | चिठी | दैनिकी | विवाद | संवाद | मनोवाद | वक्तृता | निवेदन | | |
| ज्ञ | २०६२ : मध्यमाञ्चल | 5 | 10** | 5** | 5** | 5* | | 5* | | | 20 | |
| द्द | २०६३ : मध्यमाञ्चल | 5 | 10 | 5 | | 5* | | 5* | | | 25 | |
| घ | २०६२ : पश्चिमाञ्चल | 5 | 10** | 5** | 5** | | | 5* | 5* | | 20 | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ढ | २०६३ : पश्चिमाञ्चल | 5 | 10 | 5 | | 5* | | 5* | | | 25 | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | 5 | 10** | 5** | 5** | | 5* | | 5* | | 20 | |
| ६ | @)^# M dWoklZrdf~rn | ५ | १० | | | ५* | | ५* | | ५* | २५ | |

सङ्केत :

** दुईवटा विकल्प प्रश्न

* एउटा विकल्प प्रश्न

| चिह्नले निबन्धलेख्ने प्रश्नको विकल्पमा चिठी र दैनिकी लेख्ने प्रश्न भन्ने जनाउँछ ।

लेखाइ सीप परीक्षणका लागि प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ का प्रश्नले निबन्ध लेखनका लागि (१० अङ्क) र निबन्ध लेखनको विकल्पका रूपमा दैनिकी र चिठी लेखनका लागि क्रमशः ५/५ अङ्कका प्रश्न निर्माण गर्ने कार्य सबै प्रश्नपत्रले गरेका छन् । यसबाहेक मध्यमाञ्चलले विवाद वा संवाद, पश्चिमाञ्चलले वक्तृता वा मनोवाद र मध्यपश्चिमाञ्चलले वक्तृता वा संवादका लागि ५ अङ्क गरी स्वतन्त्र लेखनका लागि १५ अङ्कभार कायम गरेको देखिन्छ । यसैगरी ०६३ का प्रतिनिधि प्रश्नहरूले विशुद्ध लेखाइ सीप परीक्षण गर्न स्वतन्त्र लेखनसम्बन्धी निबन्ध लेखनका लागि १० अङ्क र चिठी/निवेदन लेखनका लागि ५ अङ्कभार छुट्याएको पाइनुका साथै विवाद र मनोवाद लेख्ने सम्वन्धी ५ अङ्भारका प्रश्नको पनि निर्माण गरेको देखिन्छ । साथै निर्देशित रचनाका लागि यस वर्षका प्रतिनिधि प्रश्नपत्रले कथा वा जीवनी लेख्ने (५ अङ्क) प्रश्नको व्यवस्था पनि गरेको देखिन्छ । यसरी यस वर्षका प्रतिनिधि प्रश्नपत्रले लेखाइ सीप परीक्षणका लागि स्वतन्त्र र निर्देशित (१५+५) गरी २० अङ्क कायम गरेको देखिन्छ ।

विशुद्ध लेखाइ सीप परीक्षणका दृष्टिले ०६२ र ०६३ का प्रतिनिधि प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा उक्त सीप परीक्षण गर्न २०६२ ले २० अङ्कभार र ०६३ ले २५ अङ्कभार कायम गरेको देखिन्छ। यस दृष्टिले ०६२ का प्रतिनिधि प्रश्नहरूले भन्दा ०६३ का प्रतिनिधि प्रश्नहरूले ५ अङ्कभार बढी छुट्याएको विशुद्ध लेखाइ सीप परीक्षण गर्न केही बढी जोड दिएको देखिन्छ।

**(ग) एकीकृत सीप परीक्षण (पढाइ र लेखाइ)**

यसका अतिरिक्त प्रतिनिधि प्रश्नपत्रहरूमा पढाइ र लेखाइ सीपका एकीकृत परीक्षण हुने खालका प्रश्नहरू पनि समावेश गरिएको देखिन्छ। त्यस्ता प्रश्नहरूको अध्ययन गर्न निम्नानुसारको तालिकाको उपयोग गर्न सकिन्छ :

## पढाइ र लेखाइ (एकीकृत) सीप परीक्षण

### तालिका नं. – ४

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | लामो उत्तरात्मक प्रश्न | सारांश लेखन | व्याख्यात्मक प्रश्न | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | २०६२ : मध्यमाञ्चल | १०० | ३२ | १० (२-१) | ५(१) | १० (४-२) | २५ | |
| द्द | २०६३ : मध्यमाञ्चल | १०० | ३२ | १० (२-१) | ५(१) | ५ (२-१) | २० | |
| घ | २०६२ : पश्चिमाञ्चल | १०० | ३२ | १० (२-१) | ५(१) | १० (४-२) | २५ | |
| द्ध | २०६३ : पश्चिमाञ्चल | १०० | ३२ | १० (२-१) | ५(१) | ५ (२-१) | २० | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | १० (२-१) | ५(१) | १० (४-२) | २५ | |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | १० (२-१) | ५(१) | ५ (२-१) | २० | |

कोष्टकमा लेखिएका पहिलो अङ्कले जम्मा प्रश्न र पछिल्लो अङ्कले जम्मा उत्तर भन्ने जनाउँछ ।

उल्लिखित तालिकाको आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा ०६२ का प्रतिनिधि प्रश्नहरूले पढाइ र लेखाइ सीपको एकीकृत परीक्षण गर्न विवेचनात्मक प्रश्नका लागि १० अङ्क; व्याख्या गर्ने सम्बन्धी प्रश्नका लागि ५ अङ्क; सप्रसङ्ग व्याख्या सम्बन्धी प्रश्नका लागि ५ अङ्क र सारांशलेखन सम्बन्धी प्रश्नका लागि ५ अङ्क गरी जम्मा २५ अङ्क छुट्याइएको देखिन्छ भने ०६३ का प्रश्नहरूले विवेचनात्मक प्रश्नका लागि १० अङ्क; सप्रसङ्ग व्याख्यासम्बन्धी प्रश्नका लागि ५ अङ्क र सारांशलेखनका लागि ५ अङ्क गरी कूल २० अङ्कभार कायम

गरेको

देखिन्छ ।

उक्त आधारमा ०६२ र ०६३ का प्रतिनिधि प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा ०६२ ले निर्माण गरेको व्याख्या गर्ने सम्बन्धी प्रश्नको निर्माण ०६२ मा भएको देखिदैन । पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्न ०६२ ले २५ अङ्कभार छुट्याएको देखिन्छ भने ०६३ ले २० अङ्क मात्र छुट्याएको देखिन्छ । यस दृष्टिले तुलनात्मक रूपमा ०६२ का प्रतिनिधि प्रश्नले भन्दा ०६३ का प्रश्नपत्रले पढाइ र लेखाइको एकिकृत परीक्षणलाई कम मह□व दिएको देखिन्छ ।

उल्लिखित आधारमा दुवै वर्षका प्रतिनिधि प्रश्नपत्रहरूमा विशुद्ध लेखाइ सीप परीक्षण गर्ने; विशुद्ध पढाइ सीप परीक्षण गर्ने र पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्ने खालका प्रश्नहरू दुवै वर्ष ०६२ र ०६३ मा निर्माण गरेको देखिन्छ ।

**(घ) शब्दभण्डार परीक्षण र अङ्क विभाजन**

भाषा परीक्षणको परीक्षणीय अङ्गमध्येको प्रमुख अङ्ग शब्दभण्डार परीक्षण पनि हो । माध्यमिक *नेपाली भाषा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* ले शब्दभण्डार परीक्षणका लागि १० अङ्कभारको व्यवस्था गरेको छ । उक्त पाठ्यक्रमले शब्दभण्डारअन्तर्गत विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, लघुतावाची, उखान तथा टुक्का आदि क्षेत्रसमेत निर्धारण गरेको छ । प्रश्नपत्रले शब्दभण्डार क्षमता परीक्षणका लागि कति अङ्कभारको व्यवस्था गर्ने भन्ने बारे यसो भनिएको छ : *पूर्णाङ्कको कम्तीमा पनि १० प्रतिशत अङ्क शब्दभण्डारलाई छुट्याउनु न्यायोचित हुन्छ ।* (पौडेल : २०५२ : ७८) उक्त शोधपत्रले १० प्रतिशत अङ्क छुट्याउनु पर्छ भनेको र माध्यमिक शिक्षा पाठ्यक्रमले पनि अनिवार्य नेपाली

विषयका लागि १० अङ्क शब्दभण्डार परीक्षणका लागि छुट्याएकाले यहाँ पनि सोहीअनुसार चर्चा गरिएको छ । शब्दभण्डार क्षमता परीक्षणका लागि प्रतिनिधि प्रश्नपत्रले छुट्याएको अङ्कलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ :

**शब्दभण्डार परीक्षण र अङ्क विभाजन**

**तालिका नं. – ५**

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | वाक्यमा प्रयोग | अर्थ लेखन | खाली ठाउँ भर्ने | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | २०६२ : मध्यमाञ्चल | ज्ञण्ण | ३२ | ५ | २ | ३ | १० | |
| द्द | २०६३ : मध्यमाञ्चल | ज्ञण्ण | ३२ | ५ | ४ | ३ | १२ | |
| घ | २०६२ : पश्चिमाञ्चल | ज्ञण्ण | ३२ | ५ | २ | ३ | १० | |
| द्ध | २०६३ : पश्चिमाञ्चल | ज्ञण्ण | ३२ | ५ | ४ | ३ | १२ | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | ज्ञण्ण | ३२ | ५ | २ | ३ | १० | |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | ज्ञण्ण | ३२ | ५ | ४ | ३ | १२ | |

उक्त तालिकाको आधारमा प्रतिनिधि प्रश्नको अध्ययन गर्दा ०६२ का प्रतिनिधि प्रश्नहरूले वाक्यमा प्रयोगअन्तर्गत ५ अङ्क, खाली ठाउँ भर्नका लागि ३ अङ्क र अर्थलेखनका लागि २ अङ्क गरी जम्मा १० अङ्क छुट्याएको पाइन्छ । यसै गरी प्रतिनिधि प्रश्नहरूमध्ये ०६३ का प्रश्नलाई हेर्दा अर्थ लेखनका लागि ४ अङ्क, खाली ठाउँ भर्नका लागि ३ अङ्क र वाक्यमा प्रयोगअन्तर्गत ५ अङ्क गरी जम्मा १२ अङ्क शब्दभण्डार परीक्षणका लागि छुट्याएको पाइन्छ । यसका अतिरिक्त बोध प्रश्नका लागि निर्मित दुवै वर्षका प्रश्नमा पनि अर्थलेखन सम्बन्धी प्रश्नहरूको निर्माण गरिएको भएपनि उक्त प्रश्नहरूलाई पढाइ सीपसँग सन्दर्भित गरी अध्ययन गरिसकिएकोले उक्त कुरा यहाँ समावेश गरिएको छैन ।

यसरी दुवै वर्षका प्रश्नपत्रको तुलना गर्दा ०६२ का प्रश्नपत्रले १० अङ्क (पूर्णाङ्कको १० प्रतिशत) र ०६३ का प्रश्नपत्रले १२ अङ्क (पूर्णाङ्कको १२ प्रतिशत) छुट्याएको पाइनुले ०६२ का प्रश्नपत्रले भन्दा ०६३ का प्रश्नपत्रले २ अङ्क बढी (२ प्रतिशत) छुट्याई तुलनात्मक रूपमा शब्दभण्डार क्षमतालाई बढी जोड दिएको पाइन्छ ।

**(ङ) व्याकरण र अङ्क विभाजन**

व्याकरण प्रयोगकुशलताको परीक्षण पनि परीक्षणका सन्दर्भमा मह[illegible]वपूर्ण नै हुन आउँछ । *माध्यमिक नेपाली भाषा पाठ्यक्रम २०५५ ( अनिवार्य नेपाली)* ले पदसङ्गति, काल र पक्ष, भाव, वाच्य, धातु आदि जस्ता क्षेत्रको निर्धारण गरेको छ । उक्त पाठ्यक्रमले व्याकरण परीक्षणका लागि २० अङ्क छुट्याएको पाइन्छ । *पूर्णाङ्कको कम्तिमा २० प्रतिशत अङ्क व्याकरणले प्रश्नपत्रमा पाउनु पर्छ ।* (पौडेल : २०५२ : ८०) ।

सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा व्याकरणको परीक्षणका लागि देहायबमोजिम अङ्कभार छुट्याएको पाइन्छ : **व्याकरण परीक्षण र अङ्क विभाजन**

**तालिका नं. – ६**

| क्र.सं. | प्रश्नपत्र | खाली ठाउँ भर्ने | वाक्य परिवर्तन गर्ने | पदवर्ग छुट्याउने | कारक ठम्याउने वा विभक्ति भर्ने | शब्द निर्माण गर्ने | शुद्धीकरण गर्ने | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | २०६२ : मध्यमाञ्चल | द्ध | द्धंछ . ढ | द्द | द्द | घ | छ | द्दछ | वाक्य परिवर्तनसम्बन्धी २ वटा प्रश्न |
| २ | २०६३ : मध्यमाञ्चल | ५ | ५ | २ | २ | ४ | ५ | २३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | २०६२ : पश्चिमाञ्चल | ४ | ४+५ = ९ | २ | २ | ३ | ५ | २५ | वाक्य परिवर्तनसम्बन्धी २ वटा प्रश्न |
| ४ | २०६३ : पश्चिमाञ्चल | ५ | ५ | २ | २ | ४ | ५ | २३ | |
| ५ | २०६२ : मध्यपश्चिमाञ्चल | ४ | ४+५ = ९ | २ | २ | ३ | ५ | २५ | वाक्य परिवर्तनसम्बन्धी २ वटा प्रश्न |
| ६ | २०६३ : मध्यपश्चिमाञ्चल | ५ | ५ | २ | २ | ४ | ५ | २३ | |

उल्लिखित तालिकाको आधारमा ०६२ का प्रश्नको अध्ययन गर्दा ०६२ का प्रश्नमा खाली ठाउँ भर्ने (४ अङ्क), वाक्य परिवर्तन गर्ने (९ अङ्क); पदवर्ग छुट्याउने (२ अङ्क), कारक वा विभक्तिगत प्रश्न (२ अङ्क); शब्दनिर्माणगत प्रश्न (३ अङ्क) र वर्णविन्यासगत प्रश्न (५ अङ्क) गरी कूल २५ अङ्कभारका लागि व्याकरणिक प्रश्नको निर्माण गरेको देखिन्छ । यसै गरी ०६३ का प्रतिनिधि प्रश्नमा व्याकरण परीक्षणका लागि वर्णविन्यासगत प्रश्न (५ अङ्क), शब्दवर्ग छुट्याउने प्रश्न (२ अङ्क) कारक छुट्याउने प्रश्न (२ अङ्क); शब्द निर्माणगत प्रश्न (४ अङ्क); वाक्यपरिवर्तन गर्ने प्रश्न (५ अङ्क) र खाली ठाउँ भर्ने प्रश्न (५ अङ्क) गरी कुल २३ अङ्क छुट्याएको पाइन्छ ।

यसरी २०६२ का प्रतिनिधि प्रश्नले व्याकरण परीक्षणका लागि २५ अङ्क छुट्याएको पाइन्छ भने ०६३ का प्रतिनिधि प्रश्नले २३ अङ्क छुट्याएको पाइन्छ । यी दुवै वर्षका प्रश्नमा व्याकरण परीक्षणका लागि छुट्याएको अङ्कमा ०६२ का प्रश्न भन्दा ०६३ का प्रश्नपत्रले २ अङ्कले कम छुट्याएको पाइन्छ । उक्त पाठ्यक्रमले व्याकरण परीक्षणका लागि २५ अङ्क छुट्याएकोले ०६२ का प्रश्नपत्रहरू सोही पाठ्यक्रमको उद्देश्यअनुरूप निर्माण गरिएको पाइन्छ । तर ०६३ देखि कक्षा १० को पाठ्यक्रमबाट मात्र प्रश्नपत्रको निर्माण (एस.एल.सी परीक्षाका लागि) गर्ने भन्ने निर्णय भएअनुसार ०६३ मै निर्मित विशिष्टीकरण तालिकाले २३ अङ्क छुट्याएकोले यस वर्षका प्रश्नमा छुट्याइएको अङ्कलाई असान्दर्भिक मान्ने स्थिति नरहेको प्रस्ट हुन्छ ।

### ३.२.४ समय निर्धारण

प्रश्न निर्माण गर्दा अत्यन्तै ध्यान पुऱ्याउनुपर्ने पक्ष समय निर्धारण पनि हो । प्रश्नको प्रकृति, विद्यार्थीको  लेख्न सक्ने औसत क्षमता, कठिनाइ स्तर र उत्तरमा समावेश गर्नुपर्ने आवश्यकीय कुराहरूसमेतलाई ध्यानमा राखी समय निर्धारण गर्नु पर्दछ ।

उक्त दृष्टिले प्रतिनिधि प्रश्नहरूलाई हेर्दा दुवै वर्षका प्रश्नपत्रले १०० पूर्णाङ्कका लागि ३ घण्टा समय निर्धारण गरेका छन् । उक्त समयलाई प्रश्नपत्रको

शिरको बायाँपट्टि स्पष्ट हुने गरी समावेश गरिएको छ । यसका अतिरिक्त ०६३ का प्रश्नपत्रको सन्दर्भमा ०६३ मै निर्मित विशिष्टीकरण तालिकाले प्रश्नको प्रकृतिअनुसार प्रत्येक प्रश्नका लागि समय विभाजन गरे पनि व्यावहारिकताका दृष्टिले अनुपयुक्त ठानी प्रश्नानुसार समय छुट्याउन काम नगरेको देखिन्छ ।

## ३.३ प्रस्तुति अनुक्रम

प्रश्नपत्रमा समावेश गरिएका प्रश्नहरूको प्रकृति फरकफरक हुन सक्छ, यिनै विभिन्न प्रकृतिका प्रश्नहरूलाई समूहीकरण गरी सरलता र जटिलताको अनुक्रम मिलाएर राख्नु नै प्रस्तुति अनुक्रम हो । विभिन्न प्रकृतिका प्रश्नहरू भन्नाले विषयगत वा वस्तुगत कुन प्रकृतिको प्रश्न हो, विषयगत प्रश्नअन्तर्गत पनि लामो उत्तर आउने वा छोटो उत्तर आउने तथा वस्तुगतमा बहुवैकल्पी जोडा मिलाउने आदि कस्तो खालको प्रश्न हो सो कुरा प्रश्नको प्रकृतिले सङ्केत गर्दछ । यसरी प्रश्नहरू कुन प्रकृतिका हुन्, सो को निर्क्योल गरेपश्चात् ती प्रश्नहरूलाई कुन क्रममा राख्ने भन्ने कुरा प्रस्तुति अनुक्रमले जनाउँछ । प्रश्नहरूको सही अनुक्रमले परीक्षणका समयमा विद्यार्थी हतोत्साही हुने, आत्तिने जस्ता कुराहरूबाट बचाउने काम गर्दछ ।

प्रस्तुति अनुक्रमका दृष्टिले प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा ०६२ का प्रतिनिधि प्रश्नपत्रले दिएको अनुक्रमअनुसार विवेचनात्मक प्रश्न, सङ्क्षिप्त उत्तरात्मक प्रश्न (नियन्त्रित रचना समेत); बोधप्रश्न सारांश लेखनसम्बन्धी प्रश्न; व्याख्यात्मक प्रश्न; स्वतन्त्र रचनासम्बन्धी प्रश्न, व्याकरणात्मक प्रश्न र शब्दभण्डारसम्बन्धी प्रश्न रहेका छन् । तर २०६३ का प्रतिनिधि प्रश्नपत्रहरूमा रहेको अनुक्रम शब्दभण्डारगत प्रश्न; व्याकरणात्मक प्रश्न; बोध प्रश्न; सारांशलेखन सम्बन्धी प्रश्न; निर्देशित रचनागत प्रश्न; स्वतन्त्र रचनागत प्रश्न; व्याख्यात्मक प्रश्न; सङ्क्षिप्त उत्तरात्मक प्रश्न र विवेचनात्मक प्रश्न रहेका देखिन्छन् । यसरी यी दुवै वर्षका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा ०६२ का प्रतिनिधि प्रश्न जटिलदेखि सरलताको क्रममा रहेको देखिन्छ भने ०६३ का प्रतिनिधि प्रश्न सरलदेखि जटिलताको क्रममा रहेका देखिन्छन् । प्रस्तुति

अनुक्रमका दृष्टिले ०६२ का प्रतिनिधि प्रश्नभन्दा ०६३ का प्रतिनिधि प्रश्नपत्रमा रहेको अनुक्रम उचित खालको देखिन्छ ।

### ३.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको समग्र आकृति वा मुहार नै प्रश्नपत्रको स्वरूप हो । कुनै पनि वस्तुको आदि, मध्य, अन्त्यावस्थाले नै त्यसको समग्र स्वरूपको निर्धारण गर्ने भएकोले प्रश्नपत्रको स्वरूपअन्तर्गत पनि आदि, मध्य र अन्त्यलाई नै लिइने गरिन्छ । *प्रश्नपत्रको स्वरूपभित्र प्रश्नपत्रको शीर्ष भाग, मध्यभाग र अन्त्य भाग पर्दछन् । त्यसै क्रममा पूर्णाङ्क र उत्तीर्णाङ्क र समय निर्देश, पृष्ठ- निर्देश, शीर्ष-निर्देश, प्रश्न-निर्देश, अङ्क विभाजन, प्रश्न-सङ्ख्या, उपप्रश्न, प्रश्न र पृष्ठ, प्रश्नको आकार, कागज, छपाइ, सफाइ, भाषा इत्यादिले प्रश्नपत्रको स्वरूप तयार गर्दछन् र त्यसको उत्कृष्टता र निकृष्टताको सङ्केत गर्दछन् ।* (पौडेल : २०५२ : ८७) । यी विविध कुराहरूमध्ये पूर्णाङ्क, उत्तीर्णाङ्क, समय-निर्देशन, शीर्ष-निर्देशन, प्रश्न-निर्देशन, पृष्ठ-निर्देशन जस्ता प्रसङ्गहरूको अगाडि चर्चा भैसकेको र भाषाका बारेमा पछि अलग्गै चर्चा गरिने भएकोले यहाँ शीर्ष-भाग, प्रश्न र पृष्ठ, कागजको स्तर छपाइ र सफाइ जस्ता आधारहरूमा आधारित रही प्रतिनिधि प्रश्नको अध्ययन विश्लेषण गर्ने जमर्को गरिएको छ :

#### (क) शीर्ष भाग

प्रश्न सुरु हुनु भन्दा अगाडिको भाग जहाँ प्रश्नसँग सम्बन्धित सूचनाहरूका बारेमा तथा प्रश्नको उत्तर दिने निर्देशनका बारेमा समष्टीमा केही भनिएको भाग नै शीर्ष भाग हो । प्रश्नपत्रको शीर्ष भागमा लेखिएको कुराहरू सूचनामूलक शुद्ध, स्पष्ट तथा आकर्षक हुनुपर्दछ । यही शीर्षभागबाट प्रश्नपत्रले आफ्नो पहिचान दिन सक्नुपर्दछ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रमा उल्लिखित शीर्षभागलाई हेर्दा यस्तो स्थिति देखिन्छ :

*२०६२ (2006)*

*अनिवार्य नेपाली*

*2063 (2007)*

*अनिवार्य नेपाली*

उल्लिखित प्रतिनिधि प्रश्नलाई हेर्दा ०६२ र ०६३ दुवै वर्षका प्रतिनिधि प्रश्नपत्रहरूले प्रवेशिका/एस.एल.सी परीक्षा भनी उल्लेख गरेको पाइँदैन । उक्त प्रश्नपत्रहरू झ्वाट्ट हेर्दा कुन कक्षा वा स्तरको हो भनी किटान गर्न गाह्रो भएको स्थिति देखिन्छ । यसका अतिरिक्त २०६३ का प्रश्नपत्रमा 2063 लेखिएको पाइन्छ । प्रतिनिधि प्रश्नपत्र अनिवार्य नेपालीको प्रश्नपत्र भएकाले २०६३ नलेखी 2063 लेख्नु अनुचित देखिन्छ । यी दुवै वर्षका प्रश्नपत्रमा प्रवेशिका परीक्षा वा एस.एल.सी. परीक्षा भनी उल्लेख गर्नु सान्दर्भिक हुने देखिन्छ ।

**(ख) आकार**

प्रश्नपत्रको लामो वा छोटो रूप नै आकार हो । प्रश्नपत्रको आकार यति नै हुनुपर्छ भन्ने सर्वमान्य मान्यता नभए पनि मध्यम खालको प्रश्नपत्र भएमा उपयुक्त मानिन्छ । *कक्षा १ मा ६०, कक्षा २ मा २४-३६, कक्षा ३ मा १६ प्वाइन्टका र कक्षा ४ र ५ मा १४ प्वाइन्टका अक्षरहरू उपर्युक्त ठानिन्छन् ।* (ढुङ्गेल र दाहाल : २०५६ : ७०) यही आधारमा माथिल्ला कक्षाहरूमा सामान्यतया १२ प्वाइन्टको अक्षर राखिनु उपयुक्त हुन्छ । प्रश्नपत्रको आकार लामो वा छोटो हुनुमा परीक्षणीय विषयवस्तुको प्रकृति, उद्देश्य, समय आदि कुराहरूले प्रभाव पार्ने भएपनि अति लामो वा छोटो, ठूलो वा सानो नभई सुहाउँदो आकारमा रहनु उचित मानिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा ०६२ का प्रश्नहरू ५-६ पृष्ठका देखिन्छन् भने ०६३ का प्रश्नहरू ४ पृष्ठका देखिन्छन् । किफायतीपनका दृष्टिले ०६३ का प्रश्नहरू उचित नै देखिन्छन् । मितव्ययिताका दृष्टिले पनि अस्वभाविक र अनुचित देखिदैनन् ।

**(ग) प्रश्न र पृष्ठ**

कुनै परीक्षणका लागि प्रश्नको निर्माण गर्दा कति र कस्ता प्रश्नहरूको निर्माण गर्ने भन्ने कुराको निर्क्योल प्रश्नको निर्माण पूर्व नै गरिसक्नुपर्दछ । यसका अतिरिक्त प्रश्नपत्रहरूमा प्रश्नहरूको समावेश गर्नुपर्दा कुनै एक प्रश्न प्रश्नपत्रको एकै पृष्ठमा राखेको हुनुपर्दछ । यसका साथै एउटा प्रश्न तथा उपप्रश्नको निर्देशनसमेत अलग-अलग पृष्ठमा हुनुहुँदैन । यदि यसो भयो भने प्रश्नको तालमेल बुझ्न विद्यार्थीलाई कठिन पर्न सक्छ ।

उल्लिखित आधारमा प्रतिनिधि प्रश्नको अध्ययन गर्दा ०६२ का प्रतिनिधि प्रश्नपत्रहरूमा प्रश्न सङ्ख्या १७ वटा (विकल्प प्रश्नबाहेक) रहेका छन् भने पृष्ठसङ्ख्या ५ देखि ६ सम्म रहेको छ । यसै गरी ०६३ का प्रतिनिधि प्रश्नपत्रहरूमा प्रश्न सङ्ख्या १८ र पृष्ठ सङ्ख्या ४ रहेको देखिन्छ । ०६२ र ०६३ का प्रतिनिधि प्रश्नपत्रहरूको प्रश्न सङ्ख्या र पृष्ठ सङ्ख्या दुवैमा फरक देखिन्छ । तुलनात्मक रूपमा ०६२ को प्रतिनिधि प्रश्नपत्र ०६३ को प्रतिनिधि प्रश्नपत्रका तुलनामा प्रश्नसङ्ख्यामा १ अङ्कले बढी देखिन्छ भने पृष्ठसङ्ख्या २ बढी देखिन्छ । दुवै वर्षका प्रश्नका प्रकृतिलाई हेर्दा उक्त कुरालाई खासै अस्वाभाविक मान्न सकिँदैन ।

**(घ) कागजको स्तर**

प्रश्नपत्रको निर्माण गर्न कागज चिल्लो र स्तरीय हुनुपर्दछ भन्ने मान्यता रही आएको छ । प्रश्नमै उत्तर दिन मिल्ने भएमा उक्त कागज नफुल्ने र एकापट्टिको छपाइले अर्कोपट्टि असर नपर्ने खालको हुनुपर्दछ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नको विश्लेषण गर्दा ०६२ का प्रतिनिधि प्रश्नपत्रमा रहेको कागज केही बाक्लो देखिन्छ भने ०६३ का प्रतिनिधि प्रश्नपत्रमा रहेको कागज केही कमसल खालको देखिन्छ । तुलनात्मक रूपमा ०६३ को प्रतिनिधि प्रश्नपत्रमा रहेको कागज भन्दा ०६२ का प्रतिनिधि प्रश्नपत्रहरूमा रहेको कागज उपयुक्त खालको देखिन्छ ।

**(ङ) छपाइ र सफाइ**

प्रश्नपत्रको छपाइ गर्दा प्रश्नहरूलाई दुवैपट्टि उपयोग गर्न सकिने नफुल्ने कागज, शुद्ध र स्पष्ट छपाइ हुनु आवश्यक छ । छपाइमा भद्धापन, अशुद्धता तथा केरमेट भएमा प्रश्नपत्रको स्तर खस्किने र यसको कारण प्रश्नपत्रको बाह्य वैधताका साथै आन्तरिक वैधतामा समेत प्रश्न चिह्न खडा हुन सक्छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा ०६२ का प्रतिनिधि प्रश्नपत्रहरूमा प्रत्येक मुख्य प्रश्नहरूलाई स्पष्ट बनाउन *बोल्ड* गरिएको छ भने अन्य प्रश्नहरूमा रहेको छपाइ पनि स्पष्ट देखिन्छ । यसरी हेर्दा ०६२ का प्रतिनिधि प्रश्नहरू छपाइ र सफाइका दृष्टिले उपयुक्त देखिन्छन् । यसैगरी ०६३ का प्रतिनिधि प्रश्नपत्रहरूमा रहेका प्रत्येक मुख्य प्रश्नहरूलाई *बोल्ड* गरिएको छैन । यस वर्षका प्रश्नपत्रको छपाइ कम गुणस्तरको देखिन्छ । ०६३ को मध्यमाञ्चल क्षेत्रको प्रश्न नं. १४ मा *rydls* र पश्चिमाञ्चल क्षेत्रको प्र.नं.(१४) मा *rydk* भन्ने अङ्ग्रेजी शब्द पर्न जानु छपाइका दृष्टिले त्रुटिपूर्ण देखिन्छ । छपाइ र सफाइका दृष्टिले ०६३ का प्रश्नहरूभन्दा ०६२ का प्रश्नहरू नै उत्कृष्ट रहेका छन् ।

**३.५ भाषा**

भाषाका प्रश्नपत्रमा हुनुपर्ने मह□वपूर्ण पक्ष हो । भाषाकै प्रभावले उल्लिखित प्रश्नले अर्थको अनर्थ दिन सक्छ । प्रश्नमा रहेको भाषाको स्थितिले स्वरूपगत वैधतामा सङ्कट देखा पर्न सक्छ । तसर्थ प्रश्नहरूमा वर्णविन्यास, पदयोग र पदवियोग, चिह्न प्रयोग र लोप, वर्ण वा अक्षर लोप, विभक्ति प्रयोग र लोप, शासन र सङ्गति आदिसम्बन्धी अर्थअघातक त्रुटिहरूको अध्ययन बाह्य आधारमा गर्न सकिन्छ । भाषामा रहेका अर्थघातक त्रुटिहरूबारे भने आन्तरिक आधारमा अध्ययन गरिन्छ र त्यसबारे अर्को परिच्छेदमा चर्चा गरिएको छ । यहाँ प्रतिनिधि प्रश्नहरूको अध्ययन र विश्लेषण निम्नलिखित आधारमा मात्र गरिएको छ :

### (क) वर्णविन्याससम्बन्धी त्रुटि

यसअन्तर्गत ह्रस्व दीर्घ, चन्द्रविन्दु- शिरविन्दु, हलन्त-अजन्त, व र ब, श, ष, स, य-ए, रेफ-रकार, पञ्चम वर्ण, विसर्गको प्रयोग आदिसम्बन्धी अर्थअघातक त्रुटिहरू यसअन्तर्गत हेर्ने प्रयास गरिएको छ ।

वर्णविन्यासगत त्रुटिलाई हेर्दा प्रतिनिधि प्रश्नहरूमा पञ्चमवर्णको प्रयोगमा एकरूपताको अभाव रहेको देखिन्छ । ०६२ का प्रतिनिधि प्रश्नपत्रको शीर्ष निर्देशनमा *ढङ्ग; अङ्ग; पूर्णाङ्क; उत्तीर्णाङ्क* को प्रयोग गरेको देखिन्छ भने यसै वर्षको अन्य लेखाइहरूमा मध्यमाञ्चलका प्रश्नहरूमा *ओखलढुङ्गा* (प्र.नं. २(क)), *जङ्गल* (प्रश्न नं. २(क)), *जङ्गल* (प्र.नं.२(क)), *सप्रसङ्ग* (प्र.नं. ५(अ)), *सङ्केत* (प्र.नं.८) *रेखाङ्कित* (प्र.नं. १०, ११), मध्यमाञ्चलको प्रश्नपत्रमा *विसङ्गति* (प्र.नं. २(क)), *अलङ्कार* (प्र.नं.२(क), *एकाङ्की* (प्र.नं. २ (ङ)), *जङ्गल* (प्र.नं. ३), *सप्रसङ्ग* (प्र.नं. ५) *सङ्केत* (प्र.नं. ८ र ९), *रेखाङ्कित* (प्र.नं. १०, ११, १३) र मध्यपश्चिमाञ्चलको प्रश्नपत्रमा *सङ्ग्रह* (प्र.नं. २ (क)) *जंगल* (प्र.नं. २) *एकाङ्की* (२ (ङ)) *लैङ्गिक* (प्र.नं. ३ (क)), *अङ्कित* (प्र.नं. ४), *सप्रसङ्ग* (प्र.नं.५(अ)) *सङ्केत* (प्र.नं. ८, ९, १३) जस्ता शब्दहरू उल्लेख छन् । ०६२ का वर्णविन्याससम्बन्धी अन्य त्रुटिहरूमा मध्यपश्चिमाञ्चलको *युबती* (हुनुपर्ने : युवती) पश्चिमाञ्चलको (प्रश्न नं. २ (क)) *दुबै* (हुनुपर्ने : दुवै), पश्चिमाञ्चल क्षेत्रको प्र.नं. ३ (क) मा *तर्कारी* (हुनुपर्ने : तरकारी) जस्ता त्रुटिहरू पाइन्छन् ।

यसै गरी प्रतिनिधि प्रश्नहरूमध्ये ०६३ का प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषणका सन्दर्भमा यस वर्षका प्रश्नहरूमा पनि केही त्रुटिहरू देखिन्छन् । ०६३ प्रश्नपत्रको शीर्ष निर्देशनमा रहेका शब्दहरूको लेखाइमा *ढंग, अंक, पूर्णाङ्क, उत्तीर्णाङ्क* रहेको देखिन्छ । अन्य यस्तै लेखाइहरूमा मध्यमाञ्चल क्षेत्रको प्रश्न नं. ५ र ६ मा *रेखाङ्कन,* प्र.नं. ८ मा *सङ्केत* प्र.नं. १० मा *कलङ्क,* प्र.नं. १२ मा *जङ्गल,* पश्चिमाञ्चल क्षेत्रको प्र.नं. ५ र ६ मा *रेखाङ्कन,* प्र.नं.८ *सङ्केत,* प्र.नं. १२ (क) मा *स⎿र्षशील;* मध्यपश्चिमाञ्चल क्षेत्रको प्र.नं. ५ र ६ मा *रेखाङ्कन,* प्र.नं. ५ मा *सङ्गठित,* प्र.नं. ८ मा *सङ्केत,* प्र.नं. १० मा *जनसङ्ख्या,* प्र.नं. १० मा *सङ्कट,* प्र.नं. ११ मा *मह⎿वकाङ्क्षी,* प्र.नं. १२ (क), *सङ्ग्रह,* प्र.नं. १२ (ख) *ढुङ्गो* र प्र.नं. १७ मा *सङ्क्षिप्त* रहेको देखिन्छ । यसरी हेर्दा ०६३ का प्रश्नपत्रहरूमा पनि पञ्चमवर्णको प्रयोगमा

एकरूपताको अभाव देखिएको छ । वर्णविन्यासगत अन्य त्रुटिहरू भने ०६३ का प्रश्नपत्रमा पाइँदैनन् ।

**(ख) पदयोग र वियोगसम्बन्धी त्रुटि**

यसअन्तर्गत एउटै शब्दमा लेख्नुपर्नेलाई अलग्याएर तथा अलगअलग लेख्नुपर्ने शब्दलाई जोडेर लेखेका त्रुटिहरू पर्दछन् । प्रतिनिधि प्रश्नपत्रहरूमा पदयोग र वियोगसम्बन्धी खासै त्रुटि गरेको नपाइएकाले यसभन्दा बढी चर्चा असान्दर्भिक ठानी अन्य चर्चा गरिएको छैन ।

**(ग) चिह्न प्रयोगसम्बन्धी त्रुटि**

यसअन्तर्गत प्रश्नमा आवश्यक चिह्न प्रयोग वा अप्रयोगको बारेमा अध्ययन गरिएको छ । चिह्नभित्र पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नचिह्न, उद्धरण चिह्न आदि चिह्नहरू पर्दछन् । यिनै विविध चिह्नहरूको सही प्रयोग भए/नभएको बारे यहाँ अध्ययन गर्न खोजिएको छ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरूलाई हेर्दा ०६२ का प्रश्नहरूमा निम्नानुसारको स्थिति देखिन्छ :

मध्यमाञ्चलक्षेत्र प्र.नं.२: *कुनै चार प्रश्नको उत्तर दिनुहोस् (प्र.नं. 'क' अनिवार्य छ ।):-* (कोष्टक भन्दा अगाडि निर्देशक चिह्न (:-) को प्रयोग हुनुपर्ने)

मध्यमाञ्चलक्षेत्र प्र.नं. ८: *कोष्टकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस्:-*

(क) *मेरो विद्यालयका सबै विद्यार्थीहरू एस.एल.सी. परीक्षामा उत्तीर्ण …………(हु; अज्ञातभूत)*

(ख) *गाउँघरका दिदीबहिनीहरू पनि महिला सचेतना अभियानमा …………………… (जुट्; अपूर्ण वर्तमान)*

(ग) *रामलखनले यसपालि धेरै गहुँ ………………… (भि[illegible]याउ; सामान्य भविष्यत्)*

(घ) *हामी पनि यसपालि पोखरा घुम्न ……………… (जा; पूर्णभूत)*

(यी ४ वटा उपप्रश्नमा खाली ठाउँ पछाडि पूर्णविराम (।) चिह्नको प्रयोग हुनुपर्ने ।)

पश्चिमाञ्चल क्षेत्र प्र.नं. १७ *तलका शब्दको अर्थ लेख्नुहोस् ।*

(अन्त्यमा निर्देशक चिह्न (:-) को प्रयोग हुनुपर्नेमा पूर्णविरामको प्रयोग) मध्यपश्चिमाञ्चल क्षेत्र प्र.नं. २ *कुनै चार प्रश्नको उत्तर दिनुहोस्: (प्र.नं. 'क' अनिवार्य छ) ।*

(दिनुहोस् पछि निर्देशक चिह्न (:-) को प्रयोग हुनुपर्नेमा यस्तो चिह्न (:) को प्रयोग र कोष्टकभित्र पूर्णविराम चिह्नको प्रयोग हुनुपर्ने)

मध्यपश्चिमाञ्चल क्षेत्र प्रश्न नं. ८: *कोष्टकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस्:-*

*(क) मीना प्रत्येक शनिबार मन्दिर .............. .(जा: अभ्यस्तभूत)*

*(ख) मैले "मुनामदन" दुईपटक ................ (पढ्: पूर्णभूत)*

*(ग) नेपालमा चाँडै शान्ति बहाली ........................... (हुँ: सामान्य भविष्यत)*

*(घ) उनीहरू दैनिक शारीरिक व्यायाम .................. (गर: सामान्य वर्तमान)*

माथि उल्लिखित उपप्रश्नमा खाली ठाउँ पछाडि पूर्णविराम चिह्न (।) को प्रयोग हुनुपर्ने ।

यस्तै ०६३ का प्रश्नपत्रहरूलाई हेर्दा यस्तो स्थिति देखिन्छ :

मध्यमाञ्चल क्षेत्र प्रश्न नं. ८: *कोष्टकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस्:-*

*(क) मेरो भाइ आज चाँडै ............................... (सुत्; अज्ञातभूत)*

*(ख) सुनीता नेपाली मिहिनेतसाथ ......................... (पढ्; अभ्यस्तभूत)*

*(ग) शैलेन्द्र सिंह पाल्पा ....................... (जा; अपूर्ण वर्तमान)*

*(घ) रामनिवास ठाकुरले मीठो गीत .................. (गाउ; पूर्ण भूत)*

*(ङ) पासाङ नोर्बु भोलि काठमाडौं .............. (पुग्; सामान्य भविष्यत्)*

मध्यपश्चिमाञ्चल क्षेत्र प्रश्न नं. ८ : *कोष्टकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :*

*(क) म खेल .......................... (जित्; सामान्य वर्तमान)*

*(ख) हिजो ऊ बजारतिर ............. (डुल्; अपूर्ण भूत)*

*(ग) शनिबार दाजु त्यहाँ ............. (पुग्; पूर्ण भविष्यत्)*

*(घ) रमा राम्ररी .................. (नाच्; अभ्यस्त भूत)*

*(ङ) हाम्रो कक्षामा सन्तोष प्रथम ................. (हु; अज्ञात भूत)*

उपर्युक्त प्रश्नमा कोष्टक सुरु हुनु अगावै पूर्णविराम चिह्नको प्रयोग हुनुपर्नेमा कुनै पनि चिह्नको प्रयोग नहुनु पनि चिह्न प्रयोगका दृष्टिले त्रुटिपूर्ण मान्न सकिन्छ ।

**(घ) अन्य पक्ष**

माथि उल्लेख भएभन्दा इतर किसिमका त्रुटिहरूलाई यहाँ अन्य पक्षहरू भनिएको हो । त्यस्ता इतर किसिमका त्रुटिहरूमध्ये वर्ण वा अक्षर लोप, अनावश्यक शब्दको प्रयोग, प्रश्न तयार गर्दा दोहोऱ्याएर नहेर्दा भएका त्रुटिहरू जस्ता त्रुटिहरू पर्दछन् ।

यस दृष्टिले उल्लिखित प्रश्नहरूमा यस्ता खालका त्रुटिहरू भेटिँदैन । प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ का प्रश्नहरू *माध्यमिक भाषा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* अनुसार निर्माण गरिएका पाइन्छन् । ०६३ का प्रश्नहरू उक्त पाठ्यक्रमलाई केही परिवर्तन गर्दै कुनै कुरा थप नगरी कक्षा १० को पाठ्यक्रममा आधारित वनाइएका देखिन्छन् । त्यसका लागि आवश्यक विशिष्टीकरण तालिकाको निर्माण गरी सोही तालिकाको आधारमा प्रश्नको निर्माण गरिएको हुनाले प्रश्नमा भाषागत बाह्य त्रुटिहरू कमै भेटिन्छन् ।

**३.६ सङ्क्षेप**

आकृतिगत वैधताका दृष्टिले प्रश्नहरू कति उचित वा अनुचित छन् भनी केलाउनु नै प्रश्नविश्लेषणको बाह्य आधार हो । यस आधारका विभिन्न उपआधारहरू रहेका छन् । ती हुन्: निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा (अर्थअघातक सम्बन्धी) । प्रतिनिधि प्रश्नहरूमध्ये दुवै वर्षका प्रश्नपत्रमा स्तर वा तह खुलाइएको पाइएन भने २०६३ का प्रतिनिधि प्रश्नहरूमा वर्ष खुलाउँदा २०६३ नलेखी 2063 (अङ्ग्रेजीमा) लेखिएको छ । प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ को प्रश्न २ मा कस्तो उत्तर दिने (लामो वा छोटो) भन्ने कुरा स्पष्ट भएको देखिँदैन । २०६३ का सबै क्षेत्रका प्रश्नहरू प्रश्न १२ (क) मा निर्देशक चिन्ह (:-) को प्रयोग हुनुपर्नेमा ( : ) को प्रयोग हुनु पनि कमजोरी नै देखिन्छ । किनभने उक्त चिन्ह

( : ) को अन्यत्र प्रयोग भएको पाइँदैन । विकल्प निर्देशन दिँदा २०६२ का प्रश्नहरूमा विकल्प प्रश्न सङ्ख्या अधिक रहेको देखिन्छ । विशेष गरेर स्वतन्त्र रचना सम्बन्धी प्रश्नमा र पाठगत प्रश्नमा यस्तो प्रयोग पाइन्छ भने निर्देशित रचनालाई अनिवार्य प्रश्न भनिए पनि अनिवार्य प्रश्नभित्र पनि विकल्पको प्रयोग नसुहाउँदो देखिन्छ । तर ०६३ का प्रश्नहरू भने यस दृष्टिले उपयुक्त नै देखिन्छन् । पृष्ठ-निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नहरूलाई हेर्दा प्रतिनिधि प्रश्नहरूमा दोस्रो पृष्ठदेखि अन्तिम पृष्ठसम्म अङ्कमा र अक्षरमा दिनुपर्नेलाई *क्रमशः* लेखी अक्षरमा पनि पृष्ठ-निर्देशन दिइएको छ र अन्त्यमा २०६२ को प्रश्नपत्रमा (◆◆◆) र ०६३ का प्रश्नपत्रहरूमा ('–०–') को प्रयोग भएको देखिन्छ । अङ्क विभाजन र समय निर्धारणका दृष्टिले प्रतिनिधि प्रश्नहरू उपयुक्त नै देखिन्छन् । भाषिक सीप र अङ्क विभाजनका दृष्टिले विशुद्ध पढाइ सीप, विशुद्ध लेखाइ सीप र पढाइ र लेखाइ एकिकृत सीप परीक्षण गर्ने गरी प्रश्नहरूको निर्माण दुवै वर्षका प्रश्नहरूले गरेको पाइन्छ । प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशुद्ध रूपमा पढाइ सीपको परीक्षण गर्न वरावरी अङ्क छुट्याइएको पाइन्छ तर विशुद्ध लेखाइ सीप परीक्षण गर्न ०६२ ले २० अङ्क र ०६३ ले २५ अङ्क छुट्याएको पाइन्छ भने पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्न क्रमशः २० र २५ अङ्क छुट्याएको पाइन्छ । शब्दभण्डार र व्याकरण परीक्षण गर्न ०६२ र ०६३का प्रतिनिधि प्रश्नहरूमा क्रमशः १० र १२ तथा व्याकरणात्मक परीक्षण गर्न क्रमशः २५ र २३ अङ्क निर्धारण गरेको देखिन्छ । प्रस्तुति अनुक्रमका दृष्टिले ०६२ का प्रतिनिधि प्रश्नहरू जटिलदेखि सरलताको क्रममा र ०६३ का प्रतिनिधि प्रश्नहरू सरलदेखि जटिलताको क्रममा रहेको देखिन्छ । आकारका दृष्टिले ०६२ का प्रश्नहरू ५-६ पृष्ठका र ०६३ का प्रश्नहरू ४ पृष्ठका देखिन्छन् भने कागजको स्तरका दृष्टिले ०६३ का तुलनामा ०६२ का प्रश्नपत्र उचित खालका देखिन्छन् । भाषाका दृष्टिले ०६२ का प्रश्नहरूमा अर्थअघातक त्रुटिहरू अधिक देखिन्छन् ।

# परिच्छेद - चार
# आन्तरिक आधारमा प्रश्नको तुलनात्मक अध्ययन

प्रश्नहरूलाई स्तरीय, वैध, विश्वसनीय र उद्देश्यपूर्ण बनाउनका लागि प्रश्नपत्रको आन्तरिक पक्षले सबैभन्दा ठूलो भूमिका खेलेको हुन्छ । प्रश्नपत्र निर्माणको बाह्य पक्षले आन्तरिक पक्षलाई प्रभाव पार्न सके तापनि असल प्रश्नपत्र निर्माणका लागि आन्तरिक पक्ष नभई नहुने त□व हो । प्रश्नपत्रको आन्तरिक पक्षले प्रश्नपत्रको वास्तविक गुण र स्तर निर्धारण गर्नमा मह□वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई विश्लेषणको अनिवार्य र मह□वपूर्ण पक्ष मानिन्छ । आन्तरिक पक्षहरूको अध्ययनबाट परीक्षणीय प्रश्नहरूको प्रभावकारिता, उपयुक्तता र स्तरयुक्तताको निर्क्योल गरी प्रश्नहरू औचित्यपूर्ण रहे नरहेको तथा भाषिक परीक्षणका प्रश्न निर्माणमा हुन सक्ने सम्भावित त्रुटिका क्षेत्रहरू पहिचान गरी उक्त त्रुटिहरू हटाउने सुझसमेत प्रश्न निर्माता र परीक्षकलाई हुने गर्छ । समग्रमा भन्नुपर्दा प्रश्नहरूको उद्देश्यपरकता, प्रभावकारिता, स्तरयुक्तता, भाषिका सीप आदिको लेखाजोखाको कार्य प्रश्नपत्रको आन्तरिक पक्षको अध्ययन गरेर मात्र गर्न सकिन्छ । प्रतिनिधि प्रश्नपत्रहरूको तल उल्लिखित आधारहरूको परिधिभित्र केन्द्रित रही अध्ययन विश्लेषण तथा तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ :

१. पाठ्यक्रमअनुरूपता
२. भाषिक पक्षहरूको संयोजन र सन्तुलन
३. प्रश्नमा हुनुपर्ने गुण
४. भाषा
५. प्रश्नका अन्य पक्षहरू

### ४.१ पाठ्यक्रमअनुरूपता

परीक्षणका लागि उपयोगमा ल्याउने प्रश्नहरूले पाठ्यक्रमको समग्रताको प्रतिनिधि□व गर्न सक्नुपर्छ । भाषा विषयका प्रश्नहरू पनि परीक्षणका दृष्टिले

प्रतिनिधिमूलक हुनुपर्दछ । यदि प्रश्नपत्रले पाठ्यक्रमको भावना र मर्मलाई आत्मसात् गर्न नसके सम्पूर्ण शैक्षिक प्रक्रिया नै अलमलमा पर्ने हुन्छ ।

प्रश्नको निर्माण गर्दा पाठ्यक्रमको उद्देश्य, विधा र क्षेत्र निर्धारित अङ्कभार आदिअनुसार प्रतिनिधि प्रश्नहरूको अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ :

**(क) विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न**

माध्यमिक तहको वर्तमान पाठ्यक्रममा कथा, कविता, निबन्ध, जीवनी, चिठी, रूपक, दैनिकी, भाषात□व, शब्दभण्डार तथा उखान र टुक्का जस्ता विधाहरूको समावेश गरिएको छ । पाठ्यक्रममा उल्लिखित कथा, जीवनी र कविता विधाको प्रयोजन पढाइ सीपको अभिवृद्धि गर्नु हो भने निबन्ध विधाको मुख्य प्रयोजन लेखाइ सीपको अभिवृद्धि गर्नु भए पनि आंशिक रूपमा पढाइ सीपको विकासमा सहयोग पुऱ्याउनु पनि हो । पाठ्यक्रममा समावेश गरिएका चिठी र दैनिकी विधाको प्रयोजन लेखाइ सीप अभिवृद्धि गर्नु हो । संवाद विवाद, मनोवाद, वक्तृता, एकाङ्की जस्ता रूपक विधाको उद्देश्य सुनाइ र बोलाइ सीपको अभिवृद्धि गर्नु रहे पनि मूल्याङ्कनीय दृष्टिकोणले यी विधाको समावेश लेखाइ सीपको परीक्षण गर्नु तथा एकाङ्की विधाको समावेश पढाइ सीप परीक्षण गर्नु नै हो । संवाद, विवाद, मनोवाद र वक्तृता आदिको मौखिक अभिव्यक्तिगत रचनालाई लिखित अभिव्यक्तिमार्फत पनि कुनै न कुनै रूपमा परीक्षण गर्न सकिने भएकाले यी विधालाई रचनात्मक सीप परीक्षण गर्नका लागि, भाषात□व, शब्दभण्डार तथा टुक्का र उखान जस्ता विधाहरूको समावेश व्याकरणात्मक धारणा र शब्दभण्डारको अभिवृद्धि तथा भाषिक सबलता प्रदान गर्नु रहेको देखिन्छ । मूल्याङ्कनीय दृष्टिकोणले माध्यमिक तहको पाठ्यक्रमको लेखाजोखा गर्दा कविता, जीवनी र एकाङ्की विधा पूर्ण रूपमा र आंशिक रूपमा निबन्ध विधाको उपयोग पढाइ सीप परीक्षणका लागि तथा निबन्ध, चिठी, संवाद विवाद, मनोवाद र वक्तृता विधाको उपयोग लेखाइ सीपको परीक्षणका लागि; व्याकरण (भाषात□व) विधा

भाषिक सबलताको परीक्षण गर्न तथा शब्दभण्डार, टुक्का र उखान विधाको उपयोग शब्दभण्डार क्षमता अभिवृद्धि गर्न समावेश गरिएका विधाहरू हुन् ।

उल्लिखित आधारमा प्रतिनिधि प्रश्नहरूमा विशुद्ध सीप परीक्षण र एकिकृत सीप परीक्षण गरी दुई किसिमबाट भाषिक सीपको परीक्षण गर्ने उद्देश्य रहेको देखिन्छ । विशुद्ध पढाइ सीपको परीक्षणगर्न पाठगत प्रश्न र बोधप्रश्न जस्ता प्रश्नहरूको समावेश गरिएको देखिन्छ भने विशुद्ध लेखाइसीपको परीक्षण गर्न निर्देशित रचनासम्बन्धी प्रश्नहरू र स्वतन्त्र लेखनसम्बन्धी प्रश्नहरू रहेका देखिन्छन् । यसैगरी पढाइ र लेखाइको एकिकृत परीक्षण गर्न विवेचनात्मक प्रश्न; व्याख्यासम्बन्धी प्रश्न, सारांशलेखनसम्बन्धी प्रश्नहरू जस्ता प्रश्नहरूको निर्माण भएको देखिन्छ । यस बाहेक प्रतिनिधि प्रश्नहरूमा भाषिक सबलता परीक्षण गर्न तथा आंशिक रूपमा लेखाइ सीपको परीक्षण गर्न व्याकरणात्मक  प्रश्न, शब्दभण्डारगत प्रश्न र शुद्धीकरण गर्ने प्रश्न जस्ता प्रश्नहरूको निर्माण भएको देखिन्छ । माथि उल्लेखित कुराहरू ०६२ र ०६३ का दुवै वर्षका प्रश्नहरूमा देखिन्छन् । यसका अतिरिक्त *माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५ (अनिवार्य नेपाली)* ले पाठगत प्रश्नहरूका लागि निर्दिष्ट गरेको २० अङ्कभारका निर्माण नगरी १५ अङ्कभारका प्रश्नको निर्माण गर्नु र उक्त पाठ्यक्रममा समावेश नगरिएको निर्देशित रचनाको समावेश गरी प्रश्न निर्माण गर्नु जस्ता कुराहरू उक्त पाठ्यक्रमको उद्देश्यसँग भिन्न देखिन्छ । यी कुराहरू २०६२ का प्रतिनिधि प्रश्नहरूमा पाइन्छ । तर २०६३ का प्रतिनिधि प्रश्नहरू २०६३ मै निर्मित गरिएको *विशिष्टीकरण तालिका*अनुसार निर्माण गरिएकोले उक्त कुराहरू भेटिदैंन ।

**(ख) विषयवस्तुको सीमा/क्षेत्र र प्रश्न**

वर्तमान *माध्यमिक शिक्षा पाठ्यक्रम (२०५५)* नेपाली विषयका लागि निबन्ध, कथा, जीवनी, चिठी, रूपक, दैनिकी, कविता, भाषात□व र शब्दभण्डार गरी नौवटा विधाको निर्धारण गरेको छ । यी नौवटा विधाहरूलाई विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरी सीमा निर्धारण गरेको छ ।

उल्लिखित विधा र यसको क्षेत्रगत सीमाका आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा ०६२ का प्रश्नहरू *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* अनुरूप नै निर्माण भएको देखिन्छ । तर ०६३ का प्रतिनिधि प्रश्नहरू भने ०६२ का प्रतिनिधि प्रश्नका तुलनामा केही भिन्न देखिन्छन् । ०६३ का प्रतिनिधि प्रश्नहरू कक्षा १० को पाठ्यक्रममा मात्र आधारित रहेका छन् । ०६३ का प्रतिनिधि प्रश्नहरूले माध्यमिक शिक्षा पाठ्यक्रमले तोकेको क्षेत्रलाई पूर्णरूपमा आत्मसात् गर्न सकेको देखिँदैन तर उक्त पाठ्यक्रममा कुनै फेरबदल नगरी कक्षा १० को पाठ्यपुस्तकमा आधारित रहेर निर्माण गरिएको विशिष्टीकरण तालिकासँग भने मेल खाएको देखिन्छ । यद्यपि विशिष्टीकरण तालिकाले कक्षा १० मा रहेको विषयवस्तुको सीमालाई ननाघेको र उक्त तालिकाअनुसार ०६३ का प्रश्नहरूको निर्माण भएको देखिन्छ ।

**(ग) विधाको अङ्कभार र प्रश्न सन्तुलन**

कुनै पनि प्रश्नपत्रमा रहेका प्रश्नहरूले पाठ्यक्रममा तोकिएको अङ्कभारलाई अवलम्बन गरी सन्तुलन समेत मिलाएको हुनुपर्छ । वर्तमान *'माध्यमिक शिक्षा पाठ्यक्रम २०५५'* ले विधाअनुसार अङ्कभार कायम गरी कुन प्रश्नलाई कति अङ्कभार दिने भन्ने कुराको आधार तयार गरेको छ । उक्त तालिकालाई तल उल्लेख गरिएको छ :

**मूल्याङ्कन अङ्कभार**

**तालिका नं. - ७**

| क्षेत्र | विधा | अङ्क |
|---|---|---|
| पढाइ र लेखाइ | | |
| ▪ विवेचनात्मक | कथा, कविता, निबन्ध र जीवनी | १० |
| ▪ पाठगत | कथा, कविता, निबन्ध, जीवनी, रूपक | २० |
| ▪ बोध | कथा,जीवनी, निबन्ध वा अन्य लेखरचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ▪ सारांश | कथा,जीवनी, निबन्ध वा अन्य लेखरचनाबाट दृष्टांश वा अदृष्टांश | ५ |
| ▪ व्याख्या | कथा, कविता, निबन्ध, जीवनी, रूपक | १० |
| ▪ स्वतन्त्र रचना | निबन्ध, चिठी, दैनिकी, निवेदन, मनोवाद, संवाद, वक्तृता | १५ |
| ▪ व्याकरण | (पाठमा प्रयुक्त शब्द, विशिष्ट शब्द, अनुकरणात्मक शब्द, | २५ |
| ▪ शब्दभण्डार | उखानटुक्का) | १० |

| | | |
|---|---|---|
| | | !)) |

उल्लिखित तालिकाको आधारमा प्रतिनिधि प्रश्नको अध्ययन गर्दा तालिकाले पाठगत प्रश्नका लागि २० अङ्कभार छुट्याए पनि ०६२ का प्रतिनिधि प्रश्नहरूले पाठगत प्रश्नमा नियन्त्रित रचनासमेत थप गरी क्रमशः १५ र ५ गरी २० अङ्कभार पुऱ्याउनु; बोध प्रश्नका लागि दृष्टांश र अदृष्टांशमार्फत ५ अङ्कभार छुट्याए पनि दृष्टांशबाट मात्र बोध प्रश्नको निर्माण गर्नु र सारांशलेखनका लागि दृष्टांश वा अदृष्टांशबाट ५ अङ्कभारका प्रश्नको निर्माण गर्ने भने पनि दृष्टांशबाट मात्र प्रश्नपत्रको निर्माण गर्नु जस्ता कमजोरीहरू ०६२ का प्रतिनिधि प्रश्नमा देखिन्छन् । यीबाहेक पाठ्यक्रमका दृष्टिले विवेचनात्मक प्रश्न, व्याख्या, स्वतन्त्र रचना, व्याकरण र शब्दभण्डारगत प्रश्न र अङ्क विभाजनका दृष्टिले पाठगत प्रश्नबाहेकका अन्य प्रश्नहरू उक्त तालिकाअनुसार निर्माण गर्ने प्रयास गरेको पाइन्छ ।

उक्त तालिकाको आधारमा ०६३ का प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा पाठगततर्फ उक्त तालिकाले छुट्याएको अङ्क (२०) मा ५ अङ्कले कटौती गरी १५ अङ्कभार कायम भएको देखिन्छ । व्याख्यात्मक प्रश्नतर्फ पनि उक्त तालिकाले छुट्याएको १० अङ्कभारमा ५ अङ्कले कटौती गरी ५ अङ्कभार कायम गर्नु तथा बोध प्रश्न निर्माण गर्न उक्त तालिकाले छुट्याएको दृष्टांश वा अदृष्टांश क्षेत्रमध्ये अदृष्टांश क्षेत्रबाट मात्र प्रश्नको निर्माण गर्नु जस्ता कार्य उल्लिखित तालिकासँग मेल नखाए पनि २०६३ मा निर्माण गरिएको विशिष्टीकरण तालिकासँग भने मेल खाएको देखिन्छ । (हेर्नु: तालिका नं. ८) यसरी हेर्दा उल्लिखित कुराहरूलाई कमजोरीका रूपमा लिन नसकिने देखिन्छ । उल्लिखित प्रश्नहरूबाहेक अन्य प्रश्नहरूले भने उक्त तालिकासँग मेल खाएको देखिन्छ ।

**(घ) विधागत समय र प्रश्न सापेक्षता**

वर्तमान *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५* ले विधागत आधारमा अङ्क विभाजन गरेको छ तर विधा स्पष्ट हुने गरी समय निर्धारण भने गरेको छैन । निर्धारित

अङ्कभारलाई कूल समयले भाग गरी आएको नतिजाका आधारमा समय निर्धारण गर्न सकिने देखिन्छ । पाठ्यपुस्तक शिक्षणका लागि पाठ्यभार निर्धारण गरेको पाइन्छ । विधागत हिसाबले समयको निर्धारण गर्ने काम उक्त पाठ्यक्रमले गरेको देखिँदैन ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूमध्ये ०६२ का प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा प्रश्नहरूमा विधागत रूपमा निर्मित प्रत्येक प्रश्न तथा उपप्रश्नहरूलाई अङ्क निर्धारण गरिए पनि विधागत प्रश्नलाई समय निर्धारण भने गरिएको छैन ।

प्रतिनिधि प्रश्नको अध्ययनकै क्रममा ०६३ का प्रश्नहरूको अध्ययन गर्दा ०६२ का प्रश्नहरूभन्दा केही भिन्नता भेटिन्छ । ०६३ का प्रश्नहरू कक्षा १० को पाठ्यवस्तुमा मात्र आधारित रहेको पाइन्छ । ०६३ का प्रश्ननिर्माण गर्दा देहायबमोजिमको विशिष्टीकरण तालिका निर्माण गरिएको पाइन्छ :

# विशिष्टीकरण तालिका

## तालिका नं. – ८

**विषय अनिवार्य नेपाली**

| क्र. सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा/परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहारिक सीप | उच्च दक्षता | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्नसङ्ख्या | अङ्कभार | समय (मिनेटमा) | |
| १ | शब्दभण्डार | अर्थलेखन | ज्ञ | | | | ज्ञ | ज्ञ | ढ्ढ | ठ | पाठमा प्रयोग भएका कुनै आठओटा (तत्सम, तद्भव र आगन्तुक) शब्दको अर्थलेख्न लगाउने । |
| | | शब्दज्ञान | ज्ञ | | | | ज्ञ | ज्ञ | घ | छ | विशेषतः पाठमा प्रयुक्त अनेकार्थीबाट ३, लघुतावाचीबाट १, समूहवाचक नामबाट १ र सङ्क्षिप्त शब्दबाट १ गरी जम्मा ६ ओटा शब्द निर्देश वा सङ्केतबमोजिम लेख्न लगाउने । |
| | | वाक्यमा प्रयोग | | | ज्ञ | | ज्ञ | ज्ञ | छ | ढ | पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द ( अनुकरणात्मक शब्द-१, पारिभाषिक शब्द-१, उखानटुक्का-१ समेत पर्ने गरी) पाँचओटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. | हिज्जे (वर्णविन्यास) र लेख्यचिह्न | शुद्धीकरण | | | ज्ञ | | ज्ञ | ज्ञ | छ | ढ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास आठओटा र लेख्यचिह्न दुईओटा पर्ने गरी दसओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने । |
| ३. | व्याकरण | शब्दवर्ग | | | ज्ञ | | ज्ञ | ज्ञ | द्द | ढ्ढ | चारओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाउने । |
| | | कारक र विभक्ति | | | ज्ञ | | ज्ञ | ज्ञ | द्द | ढ्ढ | दिइएको अनुच्छेद वा वाक्यबाट रेखाङ्कित पदहरूको कारक वा विभक्ति छुट्याउन लगाउने । |
| | | शब्दनिर्माण | | | ज्ञ | | ज्ञ | ज्ञ | ढ्ढ | ठ | चारओटा उपसर्ग र चारओटा प्रत्यय सोधी शब्द निर्माण गर्न लगाउने वा उपसर्ग लागेका चारओटा र प्रत्यय लागेका चारओटा शब्द दिई आधार पद छुट्याउन लगाउने । |
| | | काल र पक्ष | | | ज्ञ | | ज्ञ | ज्ञ | छ | ढ | काल र पक्षबाट पाँचओटा धातु सङ्केत गरी पाँचओटा वाक्यका खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यपरिवर्तन | | | ज्ञ | | ज्ञ | ज्ञ | छ | ढ | वाच्य (सामान्यार्थ मात्र) १, करण १, अकरण १ र कोटि (लिङ्ग, वचन, पुरुष) बाट २ प्रश्न सोधी परिवर्तन गर्न लगाउने । |
| ४. | बोध (अदृष्टांश) | बोध प्रश्नोत्तर | | ज्ञ | | | ज्ञ | ज्ञ | छ | ढ | विभिन्न लेखरचनाहरूबाट १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै पाँच प्रश्न सोध्ने । |
| ५. | सारांश (दृष्टांश) | सारांशलेखन | | | | ज्ञ | ज्ञ | ज्ञ | छ | ढ | गद्य विधाका पाठबाट १५० शब्दसम्मको गद्यांश दिई सारांश लेख्न लगाउने । |
| ६. | निर्देशित रचना | कथा वा जीवनी लेखन | | | | ज्ञ | ज्ञ | ज्ञ | छ | ढ | बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एक गर्न लगाउने । |
| ७. | व्यावहारिक लेखन | चिठी | | | ज्ञ | | ज्ञ | ज्ञ | छ | ढ | व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्र मध्येबाट चिठी लेख्न लगाउने । |
| ८. | स्वतन्त्र रचना | वादविवाद र मनोवाद | | | | द्द | द्द | ज्ञ | छ | ढ | वादविवाद र मनोवादमधयेबाट दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने । |
| | | निबन्ध | | | | ज्ञ | ज्ञ | ज्ञ | ज्ञण | ज्ञड | आत्मपरक एउटा र वस्तुपरक दुईओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने । |
| ९. | सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | द्द | द्द | ज्ञ | छ | ढ | निर्धारित विधाका दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको प्रसङ्गसहित व्याख्या गर्न लगाउने । ( यसमा कविताको प्रतिनिधित्व अनिवार्य हुनुपर्नेछ ।) |
| १०. | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | ज्ञ | द्द | | ज्ञ | ज्ञ | घ | ज्ञछ | द्दठ | निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा चारओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी तीन ओटाको उत्तर दिन लगाउने । |
| ११ | विवेचना | कथा, निबन्ध/प्रबन्ध, जीवनी | | | | द्द | द्द | ज्ञ | ज्ञण | ज्ञड | कथा, जीवनी र निबन्ध/प्रबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी एक प्रश्नको उत्तर दिन लगाउने । |
| | | | घ | घ | ड | ज्ञण | द्दढ्ढ | द्दण | ज्ञणण | घ घण्टा | |

उपर्युक्त तालिकाको परिधिभित्र रही ०६३ का प्रश्नहरूको निर्माण गरिएको छ । यस प्रणालीलाई विगतको प्रणालीभन्दा विकसित र सुधारउन्मुख प्रणालीका रूपमा विश्लेषण गर्न सकिन्छ ।

## ४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

सबै भाषिक पक्षहरूलाई समेट्ने भाषिक प्रश्न निर्माण गरिनु पर्दछ । भाषिक पक्षहरू सीपसँग सम्बन्धित हुन्छन् । माध्यमिक तहमा पढाइ र लेखाइ सीप बढी प्रभावकारी हुने भएकाले यी सीपहरूलाई प्राथमिकतामा राखी प्रश्नपत्रको निर्माण गरिनुपर्दछ । *सुनाइ र बोलाइ सीपका सन्दर्भमा 'सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत सिकाइका रूपमा हुनेछ (माध्यमिक शिक्षा पाठ्यक्रम : १४)* भनी स्पष्ट गरेबाट पनि प्रवेशिका परीक्षाले लेखाइ र पढाइ सीपको परीक्षण गर्नुपर्छ भन्ने कुराको आधार प्रदान गर्दछ ।

भाषिक पक्षहरूअन्तर्गत पढाइ सीप, लेखाइ सीप, शब्दभण्डार क्षमता तथा व्याकरणिक ज्ञान-प्रयोगसम्बन्धी सीपहरू पर्दछन् । यी पक्षहरूको संयोजन र सन्तुलन प्रवेशिका परीक्षा ०६२ र ०६३ मा के कसरी गरिएको छ भनी केलाउने प्रयास गरिएको छ :

### (क) विशुद्ध पढाइ सीप परीक्षण

परीक्षणीय दृष्टिले भाषिक सीप मध्येको प्रमुख एक सीप पढाइ सीप हो । प्रतिनिधि प्रश्नहरूमा पढाइ सीप परीक्षण गर्ने खालका केही प्रश्नहरू रहेका देखिन्छन् । त्यस्ता प्रश्नहरू विशुद्ध र एकिकृत सीप परीक्षण गरी दुई किसिमबाट पढाइ सीपको परीक्षण गर्ने उद्देश्य प्रतिनिधि प्रश्नहरूमा देखिन्छ । विशुद्ध पढाइ सीप परीक्षण गर्ने प्रश्नहरूमा पाठगत प्रश्न  र बोधप्रश्नहरू रहेका छन् । यसबारे विस्तृत अध्ययन विश्लेषण गर्न निम्नलिखित तालिकाको प्रयोग गरिएको छ :

## विशुद्ध पढाइ सीप परीक्षण

**तालिका नं. – ९**

| क्र.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | सङ्क्षिप्त उत्तरात्मक | पठनबोध प्रश्न | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | ज.प्र/ज.उ | ज.प्र/ज.उ | | |
| ज्ञ | २०६२ : मध्यमाञ्चल | १०० | ३२ | ६/३ | ५/५ | २० | |
| द्द | २०६३ : मध्यमाञ्चल | १०० | ३२ | ४/३ | ५/५ | २० | |
| घ | २०६२ : पश्चिमाञ्चल | १०० | ३२ | ६/३ | ५/५ | २० | |
| द्ध | २०६३ : पश्चिमाञ्चल | १०० | ३२ | ४/३ | ५/५ | २० | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | ६/३ | ५/५ | २० | |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | ४/३ | ५/५ | २० | |

सङ्केत :

ज.प्र. ☐ जम्मा प्रश्न

ज.उ. ☐ जम्मा उत्तर दिनुपर्ने

(तालिकामा उल्लेखित अघिल्लो अङ्कले जम्मा प्रश्न र पहिलो अङ्कले जम्मा उत्तर दिनुपर्ने भन्ने जनाउँछ)

उक्त तालिकाको आधारमा २०६२ प्रतिनिधि प्रश्नमा विशुद्ध पढाइ सीप परीक्षण गर्न ३/३ वैकल्पिक प्रश्न सहितका ६/६ वटा पाठगत प्रश्न र अनुच्छेदसहितका ५/५ वटा बोधप्रश्नको निर्माण गरेको देखिन्छ । यसैगरी ०६३ का प्रतिनिधि प्रश्नहरूमा विशुद्ध पढाइ सीप परीक्षण गर्न १/१ वटा वैकल्पिक प्रश्नसहितका ४/४ वटा पाठगतप्रश्न र अनुच्छेदसहितका ५/५ वटा बोधप्रश्नहरूको निर्माण गरेको देखिन्छ ।

विशुद्ध पढाइ सीप परीक्षणका दृष्टिले ०६२ का पाठगत प्रश्नहरू ०६३ का तुलनामा विकल्पप्रश्नहरू धेरै मात्रामा निर्माण गरिएको भए पनि प्रश्नको प्रकृति र अङ्कभारमा समानता पाइने भएकोले यी दुवै वर्षका प्रश्नहरू विशुद्ध पढाइ सीप परीक्षणका दृष्टिले समान देखिन्छन् ।

### (ख) विशुद्ध लेखाइ सीप परीक्षण

परीक्षणीय दृष्टिले भाषिक सीप मध्येको प्रमुत्व सीप लेखाइ सीप पनि हो । प्रतिनिधि प्रश्नहरूमा लेखाइ सीपको परीक्षण गर्न पढाइ सीप परीक्षणको जस्तै २ किसिमका प्रश्नहरूको निर्माण भएको देखन्छ । ती किसिमका हुनः विशुद्ध लेखाइ सीप र एकिकृत पढाइ र लेखाइ सीप । विशुद्ध लेखाइ सीप गर्न निम्नलिखित तालिकाको प्रयोग गरिएको छ :

# विशुद्ध लेखाइ सीप परीक्षण

## तालिका नं. - १०

| क्र.सं. | प्रश्नपत्र | नियन्त्रित रचना | निबन्धलेखन | चिठी | दैनिकी | विवाद | संवाद | मनोवाद | वक्तृता | निवेदन | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | | |
| ज्ञ | २०६२ : मध्यमाञ्चल | २/१ | २/१८८ | १/१ ८८ | १/१८८ | १ ८ | १ ८ | | | | २० | |
| द्द | २०६३ : मध्यमाञ्चल | २/१ | ३/१ | १/१ | | १ | | १ | | | २५ | |
| घ | २०६२ : पश्चिमाञ्चल | २/१ | २/१८८ | १/१ ८८ | १/१ ८८ | | | १८ | १८ | | २० | |
| द्ध | २०६३ : पश्चिमाञ्चल | २/१ | ३/१ | १/१ | | १ ८ | | १ ८ | | | २५ | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | २/१ | २/१८८ | १/१ ८८ | १/१ ८८ | | १ ८ | | १ ८ | | २० | |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | २/१ | ३/१ | | | १ ८ | | १ ८ | | १/१ | २५ | |

सङ्केत :

८८ : विकल्प प्रश्न २

८ : विकल्प प्रश्न १

| चिह्नले निबन्धलेखनका दुईवटा विकल्प चिठी र दैनिकी लेख्ने प्रश्न भन्ने जनाउँछ।

माथि उल्लिखित तालिकाको आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा ०६२ का प्रतिनिधि प्रश्नहरूमा विशुद्ध लेखाइ सीप परीक्षणका लागि स्वतन्त्र रचनाअन्तर्गतका निबन्ध लेखन वा यसको विकल्प प्रश्नका रूपमा दैनिकी र चिठी लेखनका प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यसका अतिरिक्त अन्य प्रश्नहरूमा मध्यमाञ्चलले विवाद वा संवाद, पश्चिमाञ्चल वक्तृता वा मनोवाद र मध्यमाञ्चलले वक्तृता वा संवाद लेखनसम्बन्धी प्रश्नहरू निर्माण गरेको देखिन्छ । ०६२ का हरेक प्रश्नपत्रमा निश्चित बुँदाहरू दिई सोही बुँदाका आधारमा कथा वा जीवनी लेखनसम्बन्धी प्रश्न (निर्देशित रचना) को पनि निर्माण गरेको देखिन्छ ।

०६३ का प्रतिनिधि प्रश्नहरूमा विशुद्ध लेखाइ सीप परीक्षणका लागि स्वतन्त्र लेखनअन्तर्गतका निबन्ध लेखन, चिठी लेखन/निवेदन लेखन र विवाद वा मनोवाद लेखनसम्बन्धी प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यसैगरी निश्चित बुँदाहरू दिई सोही बुँदाका आधारमा कथा वा जीवनी लेखनसम्बन्धी प्रश्न (निर्देशित रचना) को पनि निर्माण भएको देखिन्छ ।

यस दृष्टिले ०६२ र ०६३ का प्रतिनिधि प्रश्नहरूमा विशुद्ध लेखाइ सीप परीक्षण गर्न एउटै प्रकृतिका प्रश्नहरूको निर्माण गरिएको भए पनि अङ्कभारमा असमानता पाइन्छ ।

**(ग) पढाइ र लेखाइ (एकीकृत) सीप परीक्षण**

प्रतिनिधि प्रश्नहरूमा विशुद्ध पढाइ सीप परीक्षण र विशुद्ध लेखाइ सीप परीक्षणका यसका अतिरिक्त पढाइ र लेखाइसीपको एकिकृत परीक्षण गर्ने उद्देश्य पनि प्रतिनिधि प्रश्नहरूमा पाइन्छ । यस्तो प्रकृतिको सीप परीक्षण गर्न निम्नलिखित तालिकाको उपयोग गरिएको छ :

## पढाइ र लेखाइ (एकीकृत) सीप परीक्षण

**तालिका नं. – ११**

| क.सं. | प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | लामो उत्तरात्मक प्रश्न | सारांश लेखन | व्याख्यात्मक प्रश्न | जम्मा अंक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ज.प्र/ज.उ | ज.प्र/ज.उ | ज.प्र/ज.उ | | |
| ज्ञ | २०६२ : मध्यमाञ्चल | १०० | ३२ | २/१ | १/१ | ४/२ | २५ | व्याख्या र सप्रसङ्ग व्याख्यासम्बन्धी १/१ वटा प्रश्न |
| ड्ड | २०६३ : मध्यमाञ्चल | १०० | ३२ | २/१ | १/१ | २/१ | २० | |
| घ | २०६२ : पश्चिमाञ्चल | १०० | ३२ | २/१ | १/१ | ४/२ | २५ | व्याख्या र सप्रसङ्ग व्याख्यासम्बन्धी १/१ वटा प्रश्न |
| ढ्ढ | २०६३ : पश्चिमाञ्चल | १०० | ३२ | २/१ | १/१ | २/१ | २० | |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | २/१ | १/१ | ४/२ | २५ | व्याख्या र सप्रसङ्ग व्याख्यासम्बन्धी १/१ वटा प्रश्न |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | १०० | ३२ | २/१ | १/१ | २/१ | २० | |

उल्लिखित तालिकाअनुसार प्रतिनिधि प्रश्नहरूमा पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्ने प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यसरी एकिकृत परीक्षण गर्ने प्रश्नहरूमा ०६२ मा प्रतिनिधि प्रश्नहरूमा विवेचनात्मक प्रश्न; सारांश लेखनसम्बन्धी र व्याख्यासम्बन्धी प्रश्न रहेको देखिन्छ । तर व्याख्यासम्बन्धी प्रश्नहरूलाई *व्याख्या गर्ने* र *सप्रसङ्ग व्याख्या गर्ने* गरी दुई खण्डमा खण्डीकृत गरिएको पाइन्छ । यसरी ०६२ का प्रतिनिधि प्रश्नहरूले पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्न २५ अङ्कमा कायम गरेको देखिन्छ ।

०६३ का प्रतिनिधि प्रश्नहरूले पनि पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्न विवेचनात्मक प्रश्न; सारांश लेखनसम्बन्धी प्रश्न र सप्रसङ्ग व्याख्या गर्ने प्रश्नको निर्माण गरिएको देखिन्छ । ०६३ का प्रतिनिधि प्रश्नहरूले व्याख्या गर्ने प्रश्नको निर्माण नगरी सप्रसङ्ग व्याख्यासम्बन्धी प्रश्नको मात्र निर्माण गरी पढाइ र लेखाइ सीप परीक्षणका लागि जम्मा २० अङ्कभार कायम गरेको देखिन्छ ।

यसरी ०६२ र ०६३ दुवै वर्षहरूले पढाइ र लेखाइ सीपको एकिकृत परीक्षण गर्न निर्माण गरेको अन्य प्रश्नको प्रकृति एउटै देखिए पनि व्याख्यात्मक प्रश्नको प्रकृति र अङ्कभारमा असमानता देखिन्छ ।

**(घ) शब्दभण्डार क्षमता परीक्षण**

भाषिक सीप परीक्षणका सन्दर्भमा शब्दभण्डार पनि एक महत्त्वपूर्ण पक्ष हो । माध्यमिक तहमा शब्दभण्डार क्षमतालाई प्राथमिक तहमा राखेर मूल्याङ्कन र परीक्षण गर्नु सान्दर्भिक हुन्छ । *माध्यमिक शिक्षा पाठ्यक्रम-२०५५ (अनिवार्य नेपाली)* ले पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, लघुतावाची, सिङ्गो शब्द, पारिभाषिक शब्द, सङ्क्षिप्त शब्द अनुकरणात्मक शब्द उखान आदि जस्ता शब्दहरूमार्फत १० अङ्कभारको परीक्षण गर्ने ध्येय राखेको पाइन्छ ।

माथि उल्लिखित आधारमा प्रतिनिधि प्रश्नको अध्ययन देहायबमोजिमको तालिकाको आधारमा गर्ने प्रयास गरिएको छ :

## शब्दभण्डार क्षमता परीक्षण

### तालिका नं. - १२

| क्र.सं. | प्रश्न पत्र | पर्यायवाची शब्द | अनुकरणात्मक शब्द | अनेकार्थक शब्द | सिङ्गो शब्द | सङ्क्षिप्त शब्द | विपरीतार्थी शब्द | श्रुतिसमभिन्नार्थक शब्द | लघुवाचक शब्द | पारिभााषिक शब्द | टुक्का | उखान | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्ञ | २०६२ : मध्यमाञ्चल | खा$_{१}$ | वा$_{१}$ | खा$_{१}$ | | | खा$_{१}$ | खा$_{१}$ | खा$_{१}$ | खा$_{१}$ | वा$_{१}$ | वा$_{१}$ | वा$_{२}$, अ$_{४}$ |
| ट्ट | २०६३ : मध्यमाञ्चल | खा$_{१}$ | वा$_{१}$ | खा$_{२}$ | खा$_{१}$ | खा$_{१}$ | | | खा$_{१}$ | | वा$_{१}$ | वा$_{१}$ | वा$_{२}$, अ$_{८}$ |
| घ | २०६२ : पश्चिमाञ्चल | खा$_{१}$ | वा$_{१}$ | खा$_{१}$ | | | खा$_{१}$ | खा$_{१}$ | खा$_{१}$ | खा$_{१}$ | वा$_{१}$ | वा$_{१}$ | वा$_{२}$, अ$_{४}$ |
| द्ध | २०६३ : पश्चिमाञ्चल | खा$_{१}$ | वा$_{१}$ | खा$_{२}$ | खा$_{१}$ | खा$_{१}$ | | | खा$_{१}$ | | | वा$_{१}$ | वा$_{२}$, अ$_{८}$ |
| छ | २०६२ : मध्यपश्चिमाञ्चल | खा$_{१}$ | वा$_{१}$ | खा$_{१}$ | | | खा$_{१}$ | खा$_{१}$ | खा$_{१}$ | खा$_{१}$ | वा$_{१}$ | वा$_{१}$ | वा$_{२}$, अ$_{४}$ |
| ट | २०६३ : मध्यपश्चिमाञ्चल | खा$_{१}$ | वा$_{१}$ | | खा$_{१}$ | खा$_{१}$ | | | खा$_{१}$ | | वा$_{१}$ | वा$_{१}$ | वा$_{२}$, अ$_{८}$ |

;ªकेत :

खा$_{१}$ : खाली ठाउँ भर्ने प्रश्न एउटा
खा$_{२}$ : खाली ठाउँ भर्ने प्रश्न दुईवटा
वा$_{१}$ : वाक्यमा प्रयोग गर्ने प्रश्न एउटा
वा$_{२}$ : वाक्यमा प्रयोग २ वटा शब्द
अ$_{४}$ : अर्थलेखन ४ वटा शब्द
अ$_{८}$ : अर्थलेखन ८ वटा शब्द

उपर्युक्त तालिकाबमोजिम ०६२ का प्रतिनिधि प्रश्नहरूलाई हेर्दा *अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्* भन्ने शीर्षकमा अनुकरणात्मक शब्द-१, उखान-१, टुक्का-१ र अन्य-२ शब्दको समावेश गरी जम्मा ५ शब्दहरू; *खाली ठाउँ भर्नुहोस्* शीर्षकमा विपरीतार्थी, अनेकार्थी, समूहवाचक, लघुतावाची आदि विभिन्न ६ वटा शब्द र *अर्थ लेख्नुहोस्* शीर्षकमा ४ विभिन्न शब्दहरू विभिन्न प्रश्नहरूको निर्माण गरी शब्दभण्डार क्षमताको परीक्षण गरेको पाइन्छ जुन पाठ्यक्रमले छुट्याएको अङ्कभारसँग मेल खाएको देखिन्छ ।

उल्लिखित तालिकाको आधारमा २०६३ का प्रश्नहरूको अध्ययन गर्दा उक्त प्रश्नहरूमा शब्दभण्डार क्षमताको परीक्षण गर्न *अर्थ लेख्नुहोस्* भन्ने शीर्षकमा विभिन्न आठवटा शब्द समावेश गरिएका प्रश्नहरू; *खाली ठाउँ भर्नुहोस्* शीर्षकमा अनुकरणात्मक लघुवाची अनेकार्थी आदि जस्ता विभिन्न ६ वटा शब्दहरू समावेश गरिएका प्रश्नहरू र *वाक्यमा प्रयोग गर्नुहोस्* भन्ने शीर्षकमा अनुकरणात्मक शब्द-१, उखान-१, टुक्का-१ र अन्य दुई गरी ५ विभिन्न शब्दहरू समावेश गरिएका प्रश्नहरू गरी कूल १२ अङ्कभारमार्फत शब्दभण्डार क्षमताको परीक्षण गर्न खोजेको पाइन्छ । *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५* ले शब्दभण्डार क्षमता परीक्षणका लागि छुट्याएको १० अङ्कभार भन्दा ०६३ का प्रश्नहरूमा शब्दभण्डार क्षमता परीक्षणका प्रश्नमा २ अङ्कभार अतिरिक्त निर्धारण गर्नु उक्त पाठ्यक्रमअनुरूप नदेखिए पनि ०६३ निर्मित विशिष्टीकरण तालिकाअनुरूप नै भएको देखिन्छ ।

**(ङ) व्याकरणात्मक सीप परीक्षण**

भाषा परीक्षणको एक सशक्त माध्यम व्याकरण पनि हो । व्याकरणलाई भाषाबाट अलग राखेर हेर्न नसकिने भएकाले भाषिक सीपसँग सम्बद्ध बनाउँदै व्याकरण शिक्षण गरिनुपर्दछ । व्याकरणले भाषालाई समृद्ध बनाई राख्न अहम् भूमिका खेलेको हुन्छ । भाषिक सीपको स्तरीयता र शुद्धता प्रदान गर्ने प्रमुख त□व नै

व्याकरण हो । वर्तमान *माध्यमिक शिक्षा पाठ्यक्रम* २०५५ ले अनिवार्य नेपाली विषयको व्याकरणका निमित्त २५ अङ्कभार छुट्याएको छ ।

व्याकरणात्मक परीक्षणका दृष्टिले २०६२ का प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा *खाली ठाउँ भर्नुहोस्* शीर्षकमा विभिन्न धातुहरूको सङ्केत दिई काल र पक्षका लागि विभिन्न ४/४ प्रश्न; *वाक्य परिवर्तन गर्नुहोस्* शीर्षकमा भाव र वाच्य समावेश भएका विभिन्न ४/४ प्रश्न; *पदवर्ग छुट्याउनुहोस्* शीर्षकमा विभिन्न ४/४ प्रश्न; *कारक ठम्याउने/कारक अनुसारको विभक्ति भर्नुहोस्* शीर्षकमा चार विभिन्न कारक/विभक्तिका लागि ४/४ प्रश्न; उक्त पाठ्यक्रमले निर्दिष्ट गरेका उपसर्ग र प्रत्यय तथा समास वा विग्रह गर्ने शीर्षकमा विभिन्न ६ शब्दका लागि १/१ प्रश्न, *वाक्य परिवर्तन गर्नुहोस्* शीर्षकमा करण, अकरण, सरल, संयुक्त र मिश्र वाक्य समावेश भएका विभिन्न ५/५ प्रश्न र *शुद्धीकरण गर्नुहोस्* शीर्षकमा विभिन्न चिह्न र वर्णविन्यास समावेश भएका १/१ प्रश्नको निर्माण गरेको देखिन्छ ।

यसैगरी प्रतिनिधि प्रश्नहरूमध्ये ०६३ का प्रश्नहरूले *शुद्ध गरी लेख्ने* शीर्षकमा चिह्न र वर्णविन्यासगत त्रुटिहरूलाई समावेश गरी १/१ प्रश्न; *शब्दवर्ग छुट्याउने* शीर्षकमा विभिन्न चार शब्दहरूको समावेश गरी १/१ प्रश्न; *कारक छुट्याउनुहोस्* शीर्षकमा विभिन्न चार कारकका लागि १/१ प्रश्न; *शब्द निर्माण गर्नुहोस्/आधारपद छुट्याउनुहोस्* शीर्षकमा चारवटा उपसर्ग र चारवटा प्रत्यय/आधारपद समावेश गरिएको प्रश्नका लागि १/१ प्रश्न; *खाली ठाउँ भर्नुहोस्* शीर्षकमा काल र पक्षलाई समेट्ने विभिन्न ५/५ प्रश्न र *वाक्यपरिवर्तन गर्नुहोस्* शीर्षकमा करण/अकरण, वाच्य, लिङ्ग, वचन, पुरुष आदिलाई समेट्ने विभिन्न ५/५ प्रश्नको निर्माण सबै क्षेत्रले गरेको देखिन्छ । (हेर्नु : तालिका नं. ६)

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको तुलना गर्दा २०६२ का प्रश्नहरू *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* ले निर्दिष्ट गरेको व्याकरणात्मक पक्षसँग सन्तुलन मिलाएको देखिन्छ । यसैगरी ०६३ का प्रतिनिधि प्रश्नहरूले उक्त

पाठ्यक्रमले निर्दिष्ट गरेको व्याकरणात्मक पक्षको समग्रतासँग सन्तुलन मिलाएको नदेखिए पनि कक्षा १० को पाठ्यक्रममा आधारित रही ०६३ मा निर्माण गरिएको विशिष्टीकरण तालिकाले निर्दिष्ट गरेको व्याकरणात्मक पक्षसँग भने सन्तुलन मिलाएको देखिन्छ । यी दुवै वर्षका प्रश्नहरूको व्याकरणात्मक प्रश्नहरूमा आंशिक भिन्नता रहेपनि तात्त्विक भिन्नता नरहेको देखिन्छ ।

## ४.३ प्रश्नमा हुनुपर्ने गुण

प्रश्नपत्रको आन्तरिक पक्ष सबल या दुर्बल हुनुमा प्रश्नमा हुनुपर्ने गुणहरूको स्तरले नै सर्वाधिक भूमिका खेलेको हुन्छ । प्रश्नमा रहने कठिनाइस्तरलाई ख्याल राख्ने काम प्रश्नमा हुनुपर्ने असल गुणहरूले मात्र गर्दछन् । प्रश्नमा असल गुणको समायोजन उचित तवरले हुन सकेमा मात्र प्रश्नको गुणस्तरमा वृद्धि हुन्छ । प्रश्नमा हुनुपर्ने गुणहरूमा वैधता, विश्वसनीयता, विभेदकारिता तथा व्यावहारिकता पर्दछन् । यिनै गुणहरूमा आधारित रही प्रतिनिधि प्रश्नको अध्ययन विश्लेषण गरिएको छ :

### (क) विश्वसनीयता

विश्वसनीयता प्रश्नमा पाइने त्यस्तो गुण हो, जसले कुनै प्रश्नद्वारा गरिएको परीक्षणको शुद्धताबारे जानकारी दिन्छ । तयार गरिएका प्रश्नहरूका उत्तरहरूलाई फरकफरक परीक्षकबाट जाँच्दा पनि नतिजा समान आउनु नै प्रश्नको विश्वसनीयता हो । विश्वसनीयताले मापनमा हुने एकरूपतालाई जनाउँछ । एउटा परीक्षणलाई पटकपटक जाँच्दा समान अङ्क प्राप्त हुने गुण नै विश्वसनीयता हो । विश्वसनीयताले मापनद्वारा प्राप्त जानकारीको स्थिरता, भर पर्न सकिने गुण, एकरूपता, भविष्यवाणी गर्न सकिने क्षमता र शुद्धताबारे जानकारी गराउँछ । यद्यपि विद्यार्थीको स्थिति वातावरण आदिले भने विश्वसनीयतालाई प्रभावित तुल्याउन सक्छन् । अष्पष्ट प्रश्न, अत्यधिक विकल्प भएको प्रश्न, पुच्छ्रे प्रश्न, सुराक दिने प्रश्न आदिले विश्वसनीयतामा ह्रास ल्याउन सक्छन् । **परीक्षण, पुनः परीक्षण विधि; समानान्तर प्रारूप विधि; आन्तरिक एकरूपता विधि** जस्ता विधिहरूको उचित प्रयोग गर्न सकेमा विश्वसनीयता

प्रभावकारी हुन सक्छ । *विश्वसनीयताले मापनद्वारा प्राप्त जानकारीको स्थिति, भरपर्न सकिने गुण, एकरूपता, भविष्यवाणी  गर्न सक्ने क्षमता र शुद्धताबारे जानकारी गराउँदछ ।* (जबरा, स्वयंप्रकाशक र अन्य: २०६२ : १७२)

उल्लिखित आधारहरूमा प्रतिनिधि प्रश्नहरूमध्ये निबन्धलेखनसम्बन्धी प्रश्न बाहेकका स्वतन्त्र रचनासम्बन्धी अन्य प्रश्नहरू र निर्देशित रचनासम्बन्धी प्रश्नमा उत्तरको सीमाङ्कन नगरिएकोले उक्त प्रश्नहरू विश्वसनीयताका दृष्टिले कमजोर प्रकृतिका देखिन्छन् ।

यस बाहेक प्रतिनिधि प्रश्नहरूमा निम्नलिखित अस्पष्टताहरू देखिन्छन् :

*२. प्र.नं. ६ (ख) आफ्नो विद्यालयको खेलकुददिवसमा आयोजित खेलकुद प्रतियोगितामा सहभागिता दर्साइ एक दिनको दैनिकी लेख्नुहोस् ?* (कसको सहभागिता दर्साउने भन्ने अस्पष्टता)

*७ (ख) जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम हुँदा मनमा खेलेका तर्कनाहरूलाई समावेश गरी मनोवाद तयार गर्नुहोस् ।* (को प्रथम हुँदा भन्ने अस्पष्टता)

यस दृष्टिले ०६२ र ०६३ का प्रश्नहरूमध्ये निबन्धलेखन बाहेकका अन्य प्रश्नहरू र निर्देशित रचनासम्बन्धी प्रश्नहरू तथा माथि उल्लेखित भएका अन्य दुई प्रश्नहरू पनि विश्वसनीयताका दृष्टिले कमजोर देखिन्छन् ।

**(ख) वैधता**

वैधता कुनै पनि जाँचको साधनमा हुनुपर्ने आवश्यक गुण हो । वैधता प्रश्नमा हुनुपर्ने त्यो गुण हो, जसले प्रश्नको औचित्यलाई प्रस्ट गर्दछ । *वैधता भनेको जाँचको साधनमा पाइने त्यो गुण हो जसको आधारमा कुनै परीक्षणले ती गुण नै परीक्षण गरेको कुरा सुनिश्चित गरिन्छ, जुन गुण परीक्षण गर्न यसलाई तयार गरिएको हुन्छ ।* (स्वयंप्रकाशक र अन्य , २०६२ : १८८) । प्रश्नलाई वैध बनाउन पाठ्यक्रम, राष्ट्रिय वा तहगत उद्देश्य र विषयगत उद्देश्यलाई पनि उचित ख्याल गरिनुपर्दछ । प्रश्नमा

सोधिएको कुरालाई त्रुटिरहित र पारदर्शी ढङ्गबाट परीक्षण गर्ने गुण नै प्रश्नको वैधतामा रहने उदाहरण हो । माध्यमिक तहको नेपाली भाषाका सन्दर्भमा नेपाली विषयको पाठ्यक्रमअनुरूप तह र स्तरलाई ख्याल गरी भाषिक सीप परीक्षण गर्ने प्रश्नको निर्माण गरिनुपर्दछ, जुन प्रश्न भाषिक दृष्टिकोणले सरल होऊन् । यसरी निर्माण गरिएका प्रश्नहरू कक्षा वा तहका कमजोर मानिने विद्यार्थीहरूले पनि बुझ्न सक्ने हुनुपर्दछ । प्रश्नहरू वैद्य हुनका लागि आन्तरिक वा बाह्य दुवै रूपबाट त्रुटिरहित हुनुपर्दछ ।

शिक्षाविदहरूले गरेको वर्गीकरणअनुसार विषयगत वैधता, अनुमानात्मक वैधता रचनात्मक वैधता र समवर्ती वैधता गरी वैधताका चार आधार रहेका छन् । प्रतिनिधि प्रश्नहरूको पनि यिनै आधारमा आधारित रही अध्ययन गरिएको छ :

**(अ) विषयगत वैधता**

पाठ्यक्रमका उद्देश्यहरू, विषयवस्तु र यसका सीमालाई समग्र रूपमा ढाक्ने र परीक्षार्थीका उपलब्धिहरूलाई परीक्षण गर्न सक्षम प्रश्नहरूलाई नै विषयगत वैधता प्राप्त भएको मानिन्छ । विषयगत वैधता हुनका लागि प्रश्न  स्तरअनुसारका छन्, छैनन्; भाषामा शुद्धता र उपयुक्त निर्देशनहरू छन् या छैनन्; पाठ्यांश र अङ्कभारअनुकूल छन् या छैनन् आदि जस्ता सवालहरूमा निर्भर रहनुपर्ने हुन्छ । यदि कुनै प्रश्नमा विषयगत वैधता भएन भने प्रश्नहरू अनुपयुक्त र त्रुटिपूर्ण मानिन्छन् । पाठ्यक्रमले *सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत सिकाइका रूपमा हुनेछ ( माध्यमिक शिक्षा पाठ्यक्रम २०५५)* भनी कक्षा कार्यकलापका रूपमा सुनाइ र बोलाइलाई सीमित गर्दै पढाइ र लेखाइलाई परीक्षणको केन्द्र मानेको हुनाले प्रतिनिधि प्रश्नहरूलाई पनि यिनैसँग सन्दर्भित गर्दै अध्ययन विश्लेषण गरिएको छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा २०६२ मा निर्देशित रचना बाहेकका अन्य प्रतिनिधि प्रश्नहरू *माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५ (अनिवार्य नेपाली)* अनुरूप निर्माण गरिएको पाइन्छ तर निर्देशित रचनालाई उक्त पाठ्यक्रमले

कहीँ उल्लेख नगरेको हुनाले उक्त प्रश्न विषययत वैधताका दृष्टिले कमजोर प्रकृतिको देखिन्छ । यसैगरी उक्त पाठ्यक्रमले पाठगत प्रश्नको लागि २० अङ्कभारको व्यवस्था गरेको भए पनि उक्त अङ्कबाट ५ अङ्कभार कटौती गरी प्रश्नको निर्माण गर्नु पनि २०६२ का प्रश्नपत्रमा देखिने कमजोरी हो जुन कुरा विषयगत वैधताका दृष्टिले त्रुटिपूर्ण देखिन्छ । यसैगरी बोधप्रश्नको निर्माण गर्दा अदृष्टांश पक्षलाई समेट्न नसक्नु; व्याख्यासम्बन्धी प्रश्नको निर्माण गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेको रूपक विधालाई समेट्न नसक्नु र स्वतन्त्ररचनासम्बन्धी प्रश्नको निर्माण गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेको निवेदन विधालाई समेट्न नसक्नु जस्ता कुराहरू पनि विषयगत वैधतामा आँच पुऱ्याउने खालका देखिन्छन् ।

०६३ का प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा यस वर्षका सबै प्रश्नहरू विशिष्टीकरण तालिकाअनुरूप तयार भएका देखिन्छन् ।

उल्लेखित आधारमा ०६२ र ०६३ का प्रश्नहरूको तुलना गर्दा ०६२ का प्रश्नहरूको निर्माण *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५* अनुसार तयार भएको देखिन्छ तर ०६३ का प्रश्नहरू भने परिवर्तित पाठ्यक्रमअनुरूप तयार गरिएको *विशिष्टीकरण तालिका*अनुरूप तयार भएका देखिन्छन् । *विशिष्टीकरण तालिका*ले समावेश गरेका विषयहरू जस्तैः निर्देशित रचनाको समावेश, पाठगत प्रश्नको लागि उक्त पाठ्यक्रमले छुट्याएको २० अङ्कभारबाट ५ अङ्कले कटौती गरी १५ अङ्कभारको व्यवस्था गर्नु; व्याख्यासम्बन्धी प्रश्नलाई १० अङ्कबाट ५ अङ्कमात्र कायम गर्नु; व्याकरणात्मक प्रश्नका लागि २५ अङ्कभारबाट २ अङ्कभारले कटौती गरी २३ अङ्कभार बनाइनु र शब्दभण्डारका लागि १० अङ्कभारबाट २ अङ्कभारले थप गरी १० अङ्कभार बनाइनु तथा लेखाइ सीप परीक्षणका लागि २० अङ्कभारबाट ५ अङ्कभारले थप गरी २५ अङ्कभार पुऱ्याइनु जस्ता कुराहरू उक्त पाठ्यक्रमसँग भिन्न देखिने कुराहरू भए पनि ०६३ मा निर्माण गरिएको विशिष्टीकरण तालिकाअनुरूप नै देखिन्छन् । यसकारण यी कुरालाई कमजोरीका रूपमा लिन नसकिने देखिन्छ ।

**(आ) रचनात्मक वैधता**

परीक्षणीय प्रश्नले सम्बन्धित विषयको ज्ञान र प्रयोग दक्षताको परीक्षण गर्नुका साथै अन्तर्निहित भावना एवम् प्रस्तुतिगत अभिक्षमताको पनि परीक्षण गर्न सक्नुपर्दछ । विद्यार्थीको अन्तरमनसँग सम्बद्ध तार्किक, सांवेगिक, बौद्धिक, मौलिक एवम् सिर्जनात्मक कुशलताको जाँच गर्न सक्ने प्रश्नहरू नै रचनात्मक वैधतायुक्त ठहरिन्छन् । प्रश्नपत्रले केवल कण्ठस्थ गर्ने, चोरी गर्ने वा नक्कल गर्ने प्रवृत्तिका प्रश्नमार्फत दिइएको जवाफका आधारमा परीक्षण सम्भव नहुने भएकाले विद्यार्थीको तार्किक क्षमता बौद्धिकता तथा मौलिक एवम् सिर्जनात्मक परीक्षण जस्ता प्रश्नहरूमार्फत लिइएको परीक्षणले मात्र रचनात्मक वैधता प्राप्त गर्दछ र सोही परीक्षणले मात्र विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुने भएकाले भविष्यका लागि समेत योजना बनाउन सहयोगी साबित हुन्छ ।

रचनात्मक वैधताको परीक्षण गर्न प्रतिनिधि प्रश्नमा निर्देशित र नियन्त्रित रचना गरी दुई प्रकृतिका प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यसरी निर्माण गरिएको प्रश्नहरूमा निर्देशित रचना तर्फ कथा वा जीवनी लेख्ने प्रश्नहरू रहेका छन् भने स्वतन्त्र रचनातर्फ निबन्ध वा चिठी र दैनिकी लेख्नेसम्बन्धी प्रश्न; विवाद, मनोवाद, संवाद वक्तृता आदि लेख्नेसम्बन्धी प्रश्नहरू रहेका छन् । उपर्युक्त प्रश्नहरूमध्ये निबन्ध लेख्न बाहेकका अन्य प्रश्नहरूमा उत्तरको सीमाङ्कन गरिएको देखिदैन । उक्त प्रश्नहरू मापनीयताका दृष्टिले कमजोर प्रकृतिका देखिने भएकाले रचनात्मक वैधताका दृष्टिले त्रुटिपूर्ण देखिन्छन् ।

यस आधारमा ०६२ र ०६३ का प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा उक्त प्रश्नहरू रचनात्मक वैधताका दृष्टिले कमजोर देखिन्छन् तर निबन्ध लेखनका ०६२ र ०६३ का दुवै वर्षका प्रश्नहरू उपयोगी रहेका देखिन्छन् ।

**(इ) अनुमानात्मक वैधता**

जब कुनै परीक्षणको प्राप्ताङ्कका आधारमा भविष्यका कुराहरूलाई पूर्वानुमान वा भविष्यवाणी गर्न सकिन्छ भने त्यस्तो परीक्षणलाई अनुमानात्मक वैधता भएको

परीक्षण भनिन्छ । प्रत्येक जाँचको प्राप्ताङ्क व्यक्ति-विशेषको सम्बन्धित क्षेत्रमा भविष्यको सफलता वा असफलताबारे जानकारी वा अड्कल गर्न सक्ने गुण नै अनुमानात्मक वैधता हो । वास्तवमा कुनै पनि परीक्षार्थीद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यबारे कुनै न कुनै अनुमान गर्न सकिँदैन भने त्यस्ता प्रकृतिका प्रश्न अनुमानात्मक वैधताका दृष्टिले अवैध मानिन्छन् । कण्ठस्थीकरण र अनुमानीकरण अनुमानात्मक वैधतामा समस्या उत्पन्न गर्ने कारक त□वहरू हुन् । यी दुवैले अनुमानात्मक वैधतालाई कमजोर पार्ने काम गर्दछन् । तसर्थ विद्यार्थीले अनुमान गरी उत्तरदिन सक्ने, कण्ठस्थीकरण गरी उत्तर दिन सक्ने, प्रश्न तथा पाठ्यपुस्तकबाट हुबहु उतार हुने जस्ता प्रश्नहरूको निर्माण गरिनु हुँदैन । यदि यसो भएमा विद्यार्थी चोरी गर्न सक्ने, कण्ठस्थीकरण गरी उत्तर दिन सक्ने भई विद्यार्थीले दिएको उत्तरबाट उसको भविष्यबारे अनुमान गर्न सकिँदैन ।

प्रतिनिधि प्रश्नहरूमा अनुमानात्मक वैधताको अध्ययन गर्न कक्षा ९ को अन्तिम परीक्षाका प्रश्नहरू तथा कक्षा १० को ल्याकत परीक्षाका प्रश्नहरूको सहयोग लिन सकिए पनि प्रस्तुत शोधकार्यमा अनुमानात्मक वैधतालाई अध्ययनीय विषय नवनाइएकोले यसबारे चर्चा गरिएको छैन ।

**(ई) समवर्ती वैधता**

वैधता परीक्षण गर्न खोजिएका परीक्षाका निकटवर्ती वा समस्तरीय परीक्षामार्फत लिएको परीक्षणको नतिजा तुलना गरी समानता वा निकटता पहिचान गर्ने कार्य समवर्ती वैधताअन्तर्गत गरिन्छ । यदि पहिले गरेको परीक्षण र पछि गरेको परीक्षण दुवै परीक्षणमार्फत प्राप्त नतिजामा निकटवर्ती समानता भयो भने त्यस्तो प्रश्नपत्रमा समवर्ती वैधता हुन्छ । सैद्धान्तिक रूपमा समवर्ती वैधताको सामान्य चर्चा गरिए पनि प्रस्तुत शोधकार्यमा सङ्कलित प्रतिनिधि प्रश्नहरूको परीक्षण नतिजा र पूर्वपरीक्षण नतिजासमेत नभएको कारणले प्रतिनिधि प्रश्नहरूको समवर्ती वैधता जाँच गर्न असम्भव प्राय: भएकाले यसबारे अध्ययन विश्लेषण गरिएको छैन ।

**(ग) विभेदकारिता**

विभेदकारिता पनि प्रश्नपत्रमा रहनुपर्ने एक मह□वपूर्ण गुण नै हो । विभिन्न उपलब्धिस्तर भएका विद्यार्थीहरूमध्ये कसको क्षमता कति छ भनी मापन गर्न सकिने क्षमता विभेदकारितामा रहन्छ । प्रश्नले विद्यार्थीको बौद्धिक, तार्किक, सीपगत कुशलता, शैलीगत सिर्जनशीलता जस्ता पक्षहरूको समेत परीक्षणबाट उच्च, मध्यम र निम्नस्तर निर्धारण गरी भिन्नता छुट्याउन सक्छ भने त्यस्तो प्रश्नलाई विभेदकारिता युक्त प्रश्न भन्न सकिन्छ । विद्यार्थीमा विभिन्न किसिमका विविधता भेटिनु अस्वाभाविक नभएकाले कुनै पनि परीक्षणमा निर्मित प्रश्नहरू विभिन्न क्षमता भएका विद्यार्थीहरूको उपलब्धि स्तरको जाँच गर्नसक्ने गरी निर्माण गरिनुपर्छ । यसका साथै विद्यार्थीको स्थान निर्धारण गर्नसक्ने गुणसमेत प्रश्नले बोकेको हुनुपर्दछ । प्रश्नमा विभेदकारिताको गुण उच्च राख्न मौलिकता झल्कने खालका रचनात्मक गुण भएका प्रश्नहरू मह□वपूर्ण हुन्छन् । पाठ्यपुस्तकबाट हुबहु उतार हुने खालका अनि स्मरणात्मक र कण्ठस्थीकरणलाई उँचाइमा पुऱ्याउने खालका प्रश्नहरूले विभेदकारिताको गुणमा स्वतः ह्रास ल्याउँछन् ।

प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ मा दृष्टांश वा अदृष्टांश लेख रचनाबाट बोध प्रश्नका लागि ५ अङ्क; सारांश लेखनका लागि ५ अङ्क र व्याख्याका लागि १० अङ्क स्वतन्त्र रचनाका लागि १५ अङ्क छुट्याएकोले विभेदकारिताका दृष्टिकोणले सामान्य देखिन्छन् ।

प्रतिनिधि प्रश्नहरूमध्ये २०६३ का प्रश्नपत्रहरूमा अदृष्टांशबाट बोध प्रश्नका लागि ५ अङ्क, दृष्टांशबाट सारांश लेखनका लागि ५ अङ्क, स्वतन्त्र रचनाका लागि १५ अङ्क, चिठी लेखनका लागि ५ अङ्क र निर्देशित रचनाका लागि ५ अङ्क छुट्याएकाले विभेदकारिताका दृष्टिकोणले यस वर्षका प्रश्नहरू पनि सामान्य नै देखिन्छन् ।

यसरी दुवै वर्षका प्रश्नपत्रहरूले पहिचानात्मक र उत्पादनात्मक दुवै प्रकृतिका प्रश्नहरूको निर्माण गर्नु र विशुद्ध पढाइ सीप, विशुद्ध लेखाइ सीप, पढाइ र लेखाइको

एकीकृत सीप, शब्दभण्डारगत सीप तथा व्याकणात्मक सीप परीक्षण गर्नेजस्ता प्रश्नहरूको निर्माण गरी विभेदकारितासम्बन्धी गुणको परीक्षण गर्न खोजेको पाइन्छ ।

**(घ) व्यावहारिकता**

परीक्षणीय प्रश्नहरू सैद्धान्तिक मात्र नभई व्यावहारिक पनि हुनुपर्दछ । व्यावहारिकताले लक्ष्यितवर्गको भाषिक क्षमताको परीक्षण गर्ने स्तरीय र उपयुक्त प्रश्नहरूलाई दर्साउँछ । प्रश्नपत्रलाई व्यावहारिक बनाउन परीक्षा सञ्चालनयुक्तता मितव्ययिता, नतिजा विश्लेषण, अङ्कन जस्ता पक्षहरूले मह□वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले उक्त कुराहरूमा ध्यान दिनुपर्छ । सञ्चालनयुक्तता भित्र स्पष्ट-निर्देशन, स्पष्ट र उचित समयावधि, सरलता, परिवेशात्मक अनुकूलता जस्ता कुराहरू पर्दछन् भने समय सापेक्षताअन्तर्गत अङ्कभार र समय सन्तुलन पर्दछन् । मितव्ययीपनअन्तर्गत कम खर्चमै स्तरीय कागज र उचित तथा स्पष्ट आकारका अक्षरहरू भएका प्रश्नका साथै कम खर्चमा परीक्षण सम्पन्न हुन सक्ने गुणहरू पर्दछन् । विश्वसनीयता र वैधताका बारेमा यसै अध्यायमा चर्चा भैसकेको छ भने निर्देशन, समय सन्तुलन, कागज, छपाइ, अङ्क विभाजन जस्ता पक्षहरूको सम्बन्धमा अध्याय तीनमा चर्चा भैसकेको छ ।

खर्चको दृष्टिकोणबाट दुवै वर्षका प्रश्नपत्रहरू मितव्ययी नै देखिन्छ । कागजको स्तर ०६३ का प्रश्नपत्रको भन्दा ०६२ का प्रश्नपत्रको उच्च देखिन्छ साथै अक्षरका आधारमा पनि ०६२ का प्रश्नपत्र नै उत्तम देखिन्छन् । प्रतिनिधि प्रश्नपत्रको कागजमा दुवैपट्टि  छपाइ गरिएको र २/२ वटा पानामा छपाइ गरिएको छ । यस बाहेक प्रतिनिधि प्रश्नहरूमा निर्देशित रचना परीक्षणका लागि निर्माण गरिएका प्रश्नहरूमा जीवनी लेख्ने प्रश्नको समावेश गरिनु व्यावहारिकता दृष्टिले अनुपयुक्त देखिन्छन् किनभने यस तहका विद्यार्थीहरूमा जीवनी लेख्नेसम्बन्धी क्षमताको विकास भइसकेको हुँदैन ।

यसरी दुवै वर्षका प्रतिनिधि प्रश्नहरूका अन्य प्रश्नहरूमा व्यावहारिकता अपनाउन खोजिएको देखिए पनि निर्देशित रचना अन्तर्गतका जीवनीलेखनसम्बन्धी

प्रश्नहरू त्यति देखिँदैनन् किनभने यस उमेर समूहका विद्यार्थीहरूमा जीवनी लेख्नेसम्बन्धी मानसिक क्षमताको विकास राम्ररी भइसकेको हुँदैन ।

## ४.४ भाषा

प्रश्नपत्रलाई प्रमाणित पार्ने काम प्रश्नपत्रमा प्रयोग गरिएको भाषा प्रयोगको शुद्धता-अशुद्धता, स्पष्टता-अस्पष्टता तथा सरलता-जटिलताले गर्ने गर्दछ । यसर्थ प्रश्नपत्रमा प्रयोग गर्ने भाषा शुद्ध, स्पष्ट र एकार्थी हुनुपर्दछ । प्रश्नपत्रमा प्रयोग भएको भाषा बहुअर्थी भयो भने प्रश्नको विश्वसनीयता र वैधतामा नै आघात पर्दछ ।

प्रतिनिधि प्रश्नहरूमा अर्धअघातक त्रुटिहरूका बारे अघिल्लो अध्यायमा चर्चा भैसकेको छ । अर्थघातक त्रुटिसँग सम्बन्धित भई प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा २०६२ र ०६३ हुँदै वर्षका कुनै पनि प्रश्नपत्रमा अर्थघातक त्रुटि गरेको पाइएन ।

## ४.५ प्रश्नका विविध पक्षहरू

प्रयोगात्मक परीक्षा असम्भव प्रायः भएको अवस्थामा लिखित परीक्षाको विकल्प रहँदैन । लिखित परीक्षामार्फत परीक्षण गर्दा परीक्षणका साधनहरूले पाठ्यक्रमको समग्रतालाई प्रतिनिधि□व गर्नसक्नु पर्दछ । लिखित परीक्षाका दुई वटा साधनहरू छन् : विषयगत प्रश्न र वस्तुगत प्रश्न । विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् भने वस्तुगत प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् । दिइएका उत्तरहरूमध्येबाट पहिचान गरी उत्तर दिन सकिने खालका प्रश्नहरूको समावेश पहिचानात्मक वा वस्तुगत प्रश्नमा गरिन्छ । यस्तो मूल्याङ्कन मौखिक र लिखित दुवै हुन सक्छ । केही यस्ता प्रश्नहरूको समावेश गरिएको हुन्छ जुन प्रश्नहरूद्वारा परीक्षार्थीको उत्पादनात्मक क्षमताको परीक्षण गरिएको हुन्छ । त्यस्ता प्रकृतिका प्रश्नहरूलाई विषयगत प्रश्न मानिन्छ । विषयगत प्रश्न व्यक्तिनिष्ठ हुन्छन् त्यसैले यस्ता प्रश्नहरूद्वारा गरिएको परीक्षाबाट प्राप्त हुने प्राप्ताङ्कमा एकरूपता नहुन सक्छ । विद्यार्थीमा भाषिक विषयको क्षेत्र र गहिराइ तथा त्यसको प्रस्तुति तथा प्रयोग गर्ने क्षमताको सीप र शैलीको कुन स्तर रहेको छ, विषयवस्तुको सङ्गठन परीक्षार्थीले कसरी गरेको छ जस्ता कुराका साथै

स्वतन्त्र र सिर्जनात्मक एवम् मौलिक पक्षको स्तर र क्षमता पहिचानका गर्न विषयगत प्रश्नको उपयोग गरिन्छ । वर्णनात्मक, व्याख्यात्मक, विवेचनात्मक समीक्षात्मक, तुलनात्मक, संश्लेषणात्मक, तार्किक आदि प्रकृतिका प्रश्नहरू विषयगत प्रकृतिका प्रश्नहरू हुन् । तर एकपटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका प्रश्नहरू वस्तुगत प्रश्नहरू हुन् । उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरण त□वहरूको पहिचानात्मक परीक्षण गर्न वस्तुगत प्रश्नहरू उपयोगी साबित हुन्छन् । विषयगत प्रश्नहरू मात्र निर्माण गर्नाले सीमित समयमा पाठ्यक्रमका सम्पूर्ण विषयवस्तु ढाँक्ने खालका प्रश्न बनाई परीक्षण गर्न गाह्रो मात्र होइन अव्यावहारिक पनि हुन जान्छ । विषयगत वैधतामा आघात पर्न नदिन तथा विश्वसनीय र वैधताको उच्च सन्तुलन मिलाई राख्न दुवै प्रकृतिका प्रश्नहरूको निर्माण गरिनुपर्दछ ।

यस दृष्टिले प्रतिनिधि प्रश्नहरूलाई हेर्दा ०६२का प्रश्नहरूमा विषयगत प्रकृतिका प्रश्नहरूमा विवेचनात्मक प्रश्नका लागि १० अङ्क; सङ्क्षिप्त प्रश्नका लागि १५ अङ्क; सारांश लेखनका लागि ५ अङ्क; व्याख्या र सप्रसङ्ग व्याख्याका लागि १० अङ्क; निर्देशित रचनाका लागि ५ अङ्क र स्वतन्त्र लेखनका लागि १५ अङ्क गरी कूल ६० अङ्कका प्रश्नहरू समावेश गरिएको छ भने वस्तुगत प्रकृतिका प्रश्नहरूमा बोध प्रश्नका लागि ५ अङ्क; खाली ठाउँ भर्नेका लागि ४+३ गरी ७ अङ्क; वाक्य परिवर्तनका लागि ४+५ गरी ९ अङ्क, पदवर्ग छुट्याउनका लागि २ अङ्क; कारक पहिल्याउन वा कारकअनुसारको विभक्ति प्रयोग गर्नका लागि २ अङ्क; उपसर्ग वा प्रत्ययबाट शब्दनिर्माण तथा समास वा विग्रहका लागि ३ अङ्क; शुद्ध गरी सार्ने प्रश्नका लागि ५ अङ्क; वाक्यमा प्रयोगका लागि ५ अङकभार र अर्थ लेखनका लागि २ अङ्क गरी कूल ४० अङ्कभारका प्रश्नको निर्माण भएको देखिन्छ । यसरी हेर्दा वस्तुगत प्रश्नको तुलनामा विषयगत प्रश्नकै अधिक्य रहेको देखिन्छ ।

यसै गरी उल्लिखित सन्दर्भमा प्रतिनिधि प्रश्नहरूकै अध्ययनका क्रममा ०६३ का प्रश्नको अध्ययन गर्दा विषयगत प्रकृतिका प्रश्नहरूमा विवेचनात्मक प्रश्नका लागि १० अङ्क; सङ्क्षिप्त उत्तर दिने प्रश्नका लागि १५ अङ्क, सारांश लेखनका लागि ५ अङ्क;

सप्रसङ्‌ग व्याख्याका लागि ५ अङ्क; निर्देशित रचनाका लागि ५ अङ्क; स्वतन्त्र लेखनका लागि १५ अङ्क र व्यावहारिक लेखनअन्तर्गत चिठी लेखनका लागि ५ अङ्क गरी कूल ६० अङ्कभारका प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यो अङ्कभार २०६२ का प्रतिनिधि प्रश्नहरूको अङ्कभारसँग मिलेको देखिन्छ । तर २०६३ का प्रतिनिधि प्रश्नहरूले चिठी लेखनलाई अनिवार्य प्रश्नका रूपमा राखेको देखिन्छ भने व्याख्याका लागि सप्रसङ्‌ग व्याख्या शीर्षकमा ५ अङ्क मात्र निर्धारित गरेको देखिन्छ । वस्तुगत प्रकृतिका प्रश्नहरूमा ०६३ का प्रतिनिधि प्रश्नहरूमा बोध प्रश्नका लागि ५ अङ्कको निर्धारण गरिएको छ । शब्दभण्डारतर्फ अर्थलेखन शीर्षकमा ४ अङ्क; खाली ठाउँ भर्ने प्रश्नका लागि ३ अङ्क र वाक्यमा प्रयोगका लागि ५ अङ्क गरी कूल १२ अङ्कभार निर्धारण गरेको पाइन्छ, जुन अङ्कभार २०६२ को अङ्कभार भन्दा २ अङ्कभारले बढी हुन आउँछ । व्याकरणलाई शुद्ध गर्ने शीर्षकमा ५ अङ्क; शब्दवर्ग छुट्याउनका लागि २ अङ्क; कारक छुट्याउने वा कारकअनुसारको विभक्ति भर्ने शीर्षकमा २ अङ्क; शब्दनिर्माणका लागि ४ अङ्क; खाली ठाउँ भर्ने प्रश्नका लागि ५ अङ्क र वाक्य परिवर्तनका लागि ५ अङ्क छुट्याएको पाइन्छ । यसरी २०६३ का प्रतिनिधि प्रश्नपत्रहरूले पनि वस्तुगत प्रकृतिका प्रश्नका लागि ४० अङ्कभार नै निर्धारण गरेको पाइन्छ । जुन अङ्क २०६३ को अङ्कभारसँग मेल खाएको देखिन्छ । २०६३ का प्रश्नपत्रहरूले पनि विषयगत प्रश्नलाई बढी जोड दिएको पाइन्छ ।

भाषिक प्रश्नहरूले भाषिक सीपको समग्रताको परीक्षण गर्नुपर्दछ । तर प्रवेशिका परीक्षा लिखित परीक्षणमा मात्र पूर्ण रूपले आधारित रहेको र लिखित परीक्षाका लागि निर्मित प्रश्नहरूले भाषिक सीपका कतिपय पक्ष समेट्न नसक्ने भएकोले यस दृष्टिले प्रवेशिका परीक्षा २०६२ र ०६३ का सबै प्रश्नहरूले कमजोरी देखाएका छन् । प्रवेशिका परीक्षालाई लिखित परीक्षामा पूर्ण आधारित गर्नु भन्दा केही मात्रामा प्रयोगात्मक परीक्षातर्फ मोड्न सके उचित हुने देखिन्छ । जे होस् यस परीक्षाले विषयगत प्रकृतिकै हाराहारीमा वस्तुगत प्रकृतिका प्रश्नहरू निर्माण गर्नु सकारात्मक मान्न सकिन्छ ।

## ४.६ सङ्क्षेप

प्रश्नहरूको उद्देश्यपरकता, प्रभावकारिता, स्तरयुक्तता, भाषिक सीप आदिको लेखाजोखाको कार्य प्रश्नपत्रको आन्तरिक पक्षको अध्ययन गरेर मात्र गर्न सकिन्छ । आन्तरिक आधारमा प्रश्नहरूको अध्ययन गर्दा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, भाषा र प्रश्नका अन्य पक्षहरू जस्ता कुराहरूमा आधारित रहनुपर्दछ ।

प्रतिनिधि प्रश्नहरूका अन्य प्रश्नहरू पाठ्यक्रमअनुरूप देखिए पनि २०६२ का प्रतिनिधि प्रश्नहरूमा समावेश गरिएका निर्देशित रचना लेख्नेसम्बन्धी प्रश्नहरू पाठ्यक्रमअनुरूप देखिँदैनन् । भाषिक पक्षहरूको संयोजन र सन्तुलन मिलाउन विशुद्ध पढाइ सीप, विशुद्ध लेखाइ सीप तथा पढाइ र लेखाइको एकीकृत सीप परीक्षणका प्रश्नहरूको निर्माण गरिनुका साथै शब्दभण्डार क्षमता परीक्षण र व्याकरणात्मक सीप परीक्षणका प्रश्नहरूको निर्माण गरेको देखिन्छ । तर विशुद्ध पढाइ सीप परीक्षणक लागि ०६२ र ०६३ का प्रतिनिधि प्रश्नहरूले समान लेखाइ सीप परीक्षण गर्न २०६२ का प्रतिनिधि प्रश्नहरूले भन्दा ०६३ का प्रतिनिधि प्रश्नहरूले ५ अङ्कभारका अतिरिक्त प्रश्न (चिठी लेख्नेसम्बन्धी अनिवार्य प्रश्न) को निर्माण गरेको देखिन्छ । यसैगरी शब्दभण्डार क्षमता परीक्षण र व्याकरणात्मक क्षमता परीक्षण गर्न २०६२ का प्रतिनिधि प्रश्न भन्दा ०६३ का प्रतिनिधि प्रश्नहरूले क्रमशः २ अङ्कभारका अतिरिक्त प्रश्न र २ अङ्कभारका कम प्रश्नको निर्माण गरेको देखिन्छ । यद्यपि उल्लेखित प्रश्नहरूमध्ये ०६२ का प्रतिनिधि प्रश्नहरूको निर्माण गर्दा *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* ले निर्दिष्ट गरेअनुसार र २०६३ का प्रतिनिधि प्रश्नहरूको निर्माण *विशिष्टीकरण तालिका २०६३* अनुसार निर्माण गरिएकोले उक्त असमानता देखिएको प्रष्ट देखिन्छ । प्रतिनिधि प्रश्नहरूमध्ये स्वतन्त्र रचनाअन्तर्गतका निबन्ध लेख्नेसम्बन्धी प्रश्न बाहेकका अन्य प्रश्नहरू र निर्देशित रचना लेखनसम्बन्धी प्रश्नहरू विश्वसनीयता र वैधता (विषयगत र रचनात्मक) का दृष्टिले कमजोर प्रकृतिका देखिन्छन् । साथै व्यावहारिकता दृष्टिले निर्देशित रचनाअन्तर्गत जीवनी लेखनसम्बन्धी प्रश्नहरू

अनुपयुक्त देखिन्छन् तर प्रतिनिधि प्रश्नहरूमा विशुद्ध पढाइ सीप र व्याकरणात्मक सीप परीक्षणका प्रश्न निर्माण गरी विभेदकारिता अपनाउन खोजेको पाइन्छ । भाषागत दृष्टिले पनि प्रतिनिधि प्रश्नहरू उपयुक्त नै देखिन्छन् किनभने प्रतिनिधि प्रश्नमा अर्थघातकसम्बन्धी भाषिक त्रुटिहरू देखिँदैन । प्रतिनिधि प्रश्नहरूमा उत्पादनात्मक र पहिचानात्मक दुवै प्रकृतिका प्रश्नहरूको निर्माण गरिएको भएपनि पहिचानात्मक भन्दा उत्पादनात्मक प्रकृतिका प्रश्नहरू नै अधिक देखिन्छन् ।

# परिच्छेद-पाँच
# उपसंहार

## ५.१ निष्कर्ष

*प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन* नामक शोधकार्य गर्नका लागि प्रश्न विश्लेषणका प्रमुख दुई आधार (आन्तरिक र बाह्य आधार) हरूमा आधारित रहेको यो शोधपत्र लिइएको छ । निष्कर्षसहितको पाँच विभिन्न परिच्छेदहरूमा संरचित छ ।

प्रतिनिधि प्रश्नहरूमा देखिएका अवस्थावारे प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारहरूको सीमाभित्र रही निम्नानुसार निष्कर्ष निकालिएको छ :

### (क) बाह्य आधारमा निष्कर्ष

- ०६२ का प्रश्नपत्रमा *२०६२ (2006) अनिवार्य नेपाली* मात्र लेखी तह नखुलाई त्रुटि गरेको देखिन्छ भने ०६३ का प्रश्नपत्रमा 2063 (2007) दुवै अङ्ग्रेजीमा उल्लेख गरिनु र तह पनि खुलाएको पाइँदैन । उल्लिखित कुराहरू नै प्रतिनिधि प्रश्नपत्रको शीर्ष निर्देशनमा पाइने कमजोरीहरू हुन् ।
- प्रश्न सङकेतको दृष्टिले प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ प्र.न. २ मा कुनै चार प्रश्नको *सङक्षिप्त उत्तर* दिनुहोस् हुनुपर्नेमा *कुनै चार प्रश्नको मात्र उत्तर दिनुहोस्* भन्ने प्रश्न-निर्देशन दिई त्रुटि गरेको देखिन्छ ।
- निर्देशक चिह्न प्रयोगका दृष्टिले प्रतिनिधि प्रश्नहरुमध्ये २०६२ को पश्चिमाञ्चल क्षेत्रको प्रश्न नं (१७) र मध्यपश्चिमाञ्चल क्षेत्रको प्रश्न नं (५) मा निर्देशक चिह्नको प्रयोग हुनुपर्नेमा पूर्णविराम चिह्नको प्रयोग हुनु र ०६३ का प्रतिनिधि प्रश्नहरूको प्रं.नं १२ (क) मा अन्य प्रश्नहरूमा झैँ निर्देशक चिह्न :- प्रयोग हुनुपर्नेमा यस्तो (:) चिह्नको प्रयोग हुनु पनि त्रुटिपूर्ण देखिन्छ ।
- विकल्प निर्देशनका दृष्टिले प्रतिनिधि प्रश्नहरूमध्ये ०६२ का प्रश्नहरूमा एकरूपताको अभाव देखिन्छ; विकल्पमाथि विकल्पको प्रयोग नसुहाउँदो भएको छ ।

- प्रतिनिधि प्रश्नहरूमध्ये व्याख्यात्मक प्रश्न, शब्दभण्डारगत प्रश्न, व्याकरणात्मक प्रश्न, स्वतन्त्र रचनासम्बन्धी प्रश्नहरू २०६२ र २०६३ मा गरिएको पूर्णाङ्क वितरणमा भिन्नता देखिए पनि २०६२ का प्रतिनिधि प्रश्नहरू *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* अनुरूप र २०६३ क प्रतिनिधि प्रश्नहरू *विशिष्टीकरण तालिका (२०६३)* अनुरूप निर्माण गरिएको देखिने भएकोले उक्त प्रश्नहरूलाई त्रुटिपूर्ण मान्न नसकिने देखिन्छ ।

- प्रतिनिधि प्रश्नहरूमध्ये विशुद्ध पढाइ सीप परीक्षण गर्नका लागि २०६२ र २०६३ का प्रतिनिधि प्रश्नहरूमा छुट्याइएको अङ्कभारमा समानता देखिने भए पनि विशुद्ध लेखाइ सीप परीक्षण पढाइ र लेखाइको एकीकृत सीप, परीक्षण शब्दभण्डार क्षमता परीक्षण र व्याकरणात्मक क्षमता परीक्षण गर्ने २०६२ र २०६३ का प्रतिनिधि प्रश्नहरूमा छुट्याइएको अङ्कभारमा असमानता देखिन्छ ।

- ०६२ का प्रतिनिधि प्रश्नहरू जटिल देखि सरलतर्फ र ०६३ का प्रतिनिधि प्रश्नहरू सरलदेखि जटीलको अनुक्रममा रहेको देखिन्छ । यसरी ०६२ का प्रतिनिधि प्रश्नहरू भन्दा ०६३ का प्रतिनिधि प्रश्नहरू नै उपयुक्त देखिन्छन् ।

- यस दृष्टिले ०६२ का प्रश्नपत्रहरू ५-६ पृष्ठका देखिनुका साथै एकै वर्षका लागि निर्माण गरिएका विभिन्न क्षेत्रका प्रश्नपत्रहरूको पृष्ठ सङ्ख्या एउटै हुनुपर्नेमा त्यसो नभएको देखिन्छ भने ०६३का प्रश्नपत्रहरू ४ पेजका देखिन्छन् । अन्य आकारहरू ठीकै छन् ।

- ०६३ का प्रतिनिधि प्रश्नहरूमा रहेको कागज तुलनात्मक रूपमा कम स्तरीय र कमसल खालको देखिएकोले ०६३ का प्रतिनिधि प्रश्नहरूभन्दा ०६२ का प्रश्नपत्रहरू नै उत्तम देखिन्छन् ।

- प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ का मुख्य प्रश्नहरूलाई **बोल्ड** गरिएको देखिन्छ तर ०६३ का मुख्य प्रश्नहरूलाई **बोल्ड** गरिएको देखिँदैन । यसका साथै ०६३ का प्रतिनिधि मध्ये कतिपय प्रश्नहरूमा अङ्ग्रेजी शब्दको अनावश्यक प्रयोग भएको

तथा ०६२ प्रश्नहरूको पृष्ठ सङ्ख्यामा एकरूपता नभएको देखिन्छ । उल्लिखित कुराहरूले प्रतिनिधि प्रश्नपत्रको स्वरूपलाई बिगारेको देखिन्छ ।

- प्रतिनिधि प्रश्नहरूमध्ये ०६३ का प्रतिनिधि प्रश्नहरूमा *अङ्क, पूर्णाङ्क, उत्तीर्णाङ्क, जंगल, जङ्गल, जङ्गल* आदि जस्ता शब्दहरू र ०६३ का प्रतिनिधि प्रश्नहरूमा *सप्रसङ्ग, सप्रसङ्ग, एकाङ्की, एकाङ्की* आदि जस्ता शब्दहरूको प्रयोग भएको पाइएकोले प्रतिनिधि प्रश्नहरूमा पञ्चमवर्ण प्रयोग एकरूपता अपनाएको देखिदैन ।

- प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ को मध्यमाञ्चल क्षेत्रको प्रश्न २ मा देखिएको त्रुटि, (कोष्टक सुरु हुनुभन्दा अगाडि निर्देशक चिन्हको (:-) प्रयोग हुनुपर्नेमा कोष्टक भन्दा पछाडि उक्त चिह्नको प्रयोग हुनु) प्रश्न नं. ८ मा देखिएको त्रुटि (प्रत्येक उपप्रश्नको खाली ठाउँ भर्ने स्थानपछि पूर्णविराम चिह्नको प्रयोग हुनुपर्नेमा कुनै पनि चिन्हको प्रयोग नहुनु) आदि र ०६३ का प्रतिनिधि प्रश्नहरूमध्ये मध्यमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रको प्रश्न नं. १२ मा देखिएको त्रुटि (निर्देशक चिह्न (:-) को प्रयोग हुनुपर्नेमा (:) चिह्नको प्रयोग हुनु) आदि जस्ता त्रुटिहरू देखिएकोले प्रतिनिधि प्रश्नहरू चिन्ह प्रयोगका दृष्टिले कमजोर प्रकृतिका देखिन्छन् ।

- प्रतिनिधि प्रश्नहरूमध्ये केही प्रश्नहरूमा *युबती,* (हुनुपर्ने : युवती), *हसियाँ* (हुनुपर्नेः हँसिया), *तर्कारी* (हुनुपर्ने : तरकारी) जस्ता शब्दहरूको प्रयोग भएको पाइएकोले भाषिक दृष्टिकोणले (अर्थअघातक भाषा) कमजोर प्रकृतिका देखिन्छन् ।

**(ख) आन्तरिक आधारमा निष्कर्ष**

- सङ्कलित प्रतिनिधि प्रश्नहरू पाठ्यक्रमले तोकेको परिधिभित्र रही निर्माण गरेको पाइएकाले पाठ्यक्रमअनुरूप नै देखिन्छन् तर ०६२ का प्रतिनिधि प्रश्नपत्रमा निर्देशित रचनाको समावेश गरिनु पाठ्यक्रमअनुरूप देखिँदैन ।

- प्रतिनिधि प्रश्नहरूले विशुद्ध पढाइ सीप, विशुद्ध लेखाइ सीप, पढाइ र लेखाइको एकीकृत सीप, शब्दभण्डारगत सीप र व्याकरणात्मक सीप जस्ता सीप परीक्षण

गर्ने प्रश्नहरू निर्माण गरेको देखिएकोले भाषिक पक्षहरूको संयोजन र सन्तुलन मिलाउन खोजेको पाइन्छ ।

- निर्देशित रचना परीक्षणका लागि निर्मित प्रश्नहरू र स्वतन्त्र रचना लेखन परीक्षणका लागि निर्मित निबन्ध लेखनबाहेकका प्रतिनिधि प्रश्नहरू र ०६२ का प्रश्न नं. २ (क) का सबै क्षेत्रका प्रश्नहरूमा उत्तरको सीमाङ्कन नगरिएकोले विश्वसनीयता र रचनात्मक वैधताका दृष्टिले कमजोर प्रकृतिका देखिन्छन् ।
- विषयगत वैधताका दृष्टिले ०६२ का प्रतिनिधि प्रश्नहरूमा पाठ्यक्रमले निर्दिष्ट नगरेको निर्देशित रचनाको समवेश गर्नु; बोधप्रश्नको निर्माण गर्दा अदृष्टांश पक्षलाई समेट्न नसक्नु; व्याख्यात्मक प्रश्नको लागि निर्दिष्ट रूपक विधालाई नसमेट्नु; निर्दिष्ट निवेदन विधालाई समेट्न नसक्नु, पाठगत प्रश्नका लागि निर्दिष्ट २० अङ्कभारका प्रश्नको निर्माण नगर्नु जस्ता कुराहरूले विषयगत वैधतामा आँच पुऱ्याएको देखिन्छ । ०६३ का प्रतिनिधि प्रश्नहरूका सन्दर्भमा *माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ (अनिवार्य नेपाली)* ले छुट्याएको अङ्कभार मेल खाएको नदेखिए पनि ०६३ मा निर्मित *विशिष्टीकरण तालिका*सँग मेल खाएको देखिन्छ ।
- विभेदकारिताका दृष्टिले ०६२ र ०६३ का प्रतिनिधि प्रश्नहरूमा विशुद्ध पढाइ, विशुद्ध लेखाइसीप, पढाइ र लेखाइको एकिकृत सीप परीक्षण तथा शब्दभण्डारगत परीक्षण र व्याकरणात्मक परीक्षण गर्ने प्रश्नहरूको निर्माण गरिएकाले विभेदकारिता ल्याउन खोजिएको पाइन्छ ।
- प्रतिनिधि प्रश्नहरूमा निर्देशित रचनाका लागि निर्माण गरिएको जीवनी लेखनसम्बन्धी प्रश्नको समावेश गर्नु व्यावहारिकताका दृष्टिले अनुपयुक्त देखिन्छ किनभने यस उमेर समूहका विद्यार्थीहरुमा जीवनी लेख्नेसम्बन्धी क्षमताको विकास भइसकेका हुँदैन । अन्य प्रश्नहरू ठीकै देखिन्छन् ।
- प्रतिनिधि प्रश्नहरूमा अर्थघातक त्रुटिहरू प्रयोग भएको देखिदैन ।

- प्रतिनिधि प्रश्नहरूमा पहिचानात्मक र उत्पादनात्मक दुवै प्रकृतिका प्रश्नहरु रहेका देखिए पनि उत्पादनात्मक प्रकृतिका प्रश्नहरूका लागि ६५ अङ्कभार र पहिचानात्मक प्रकृतिका प्रश्नहरूलई ३५ अङ्कभार छुट्याएको पाइएकोले पहिचानात्मकभन्दा उत्पादनात्मक प्रकृतिका प्रश्नपत्रहरूलाई बढी मह□व दिएको प्रष्ट देखिन्छ ।

**५.२ सुझावहरू**

- प्रतिनिधि प्रश्नहरूको शीर्षनिर्देशन दिँदा स्तर वा तह खुलाइएको छैन । प्रश्न निर्माण गर्दा स्तर वा तह खुलाउनु आवश्यक देखिन्छ ।
- प्रतिनिधि प्रश्नहरूमा शीर्ष निर्देशन दिदा ०६३ का प्रश्नपत्रमा 063 अङ्ग्रेजीमा लेखिएको छ । अनिवार्य नेपालीका प्रश्नपत्र निर्माण गर्दा नेपाली भाषामा शीर्ष, निर्देशन दिइनु आवश्यक देखिन्छ ।
- प्रतिनिधि प्रश्नहरूको प्रश्न-सङ्केत दिँदा कस्तो उत्तर दिने भन्ने कुरा सबै क्षेत्रका २०६२ को प्रश्न नं. २ मा खुलाइएको छैन; प्रश्नपत्र निर्माण  गर्दा के कति उत्तर दिने भन्ने कुरा प्रश्न(सङ्केतमा खुलाउनुपर्ने देखिन्छ ।
- प्रतिनिधि प्रश्नहरूमध्ये कतिपय प्रश्नहरूमा निर्देशन चिह्नको प्रयोगमा एकरूपता पाइँदैन । प्रश्नपत्र निर्माण गर्दा प्रयोग गरिने निर्देशक चिह्नमा एकरूपता ल्याउनु आवश्यक देखिन्छ । यससम्बन्धी त्रुटिहरू ०६२ का प्रश्नहरूमा अधिक देखिन्छन् ।
- विकल्प-निर्देशनका दृष्टिले ०६२ का प्रतिनिधि प्रश्नपत्रहरूमा एकरूपताको अभाव देखिन्छ । प्रश्नपत्रको विकल्प निर्देशनमा प्रयोग हुने शब्द वा अक्षर प्रयोगमा एकरूपता हुनुपर्छ ।
- भाषिक सीपमध्ये लेखाइ र पढाइ सीप परीक्षण गर्न बराबरी अङ्क विभाजन गर्नु राम्रो हुने देखिन्छ ।
- प्रस्तुति अनुक्रमको दृष्टिमा ०६२ का प्रश्नहरू जटिलबाट सरल तर्फ र ०६३का प्रश्नहरू सरलबाट जटिलतर्फको स्थिति रहेको देखिनुले ०६३का पश्नपत्रहरू नै उपयुक्त देखिन्छन् ।

- प्रश्नपत्रका स्वरूप बिगार्ने कुराहरू प्रतिनिधि प्रश्नहरूमा पाइएकाले आकार र पृष्ठमा एकरूपता, छपाइमा स्पष्टता र विशुद्धता तथा कागजमा स्तरीयताको उपयोग हुनु आवश्यक छ । यसका साथै अनावश्यक शब्द परे/नपरेको बारे दृष्टि पुऱ्याउन पनि आवश्यक देखिन्छ ।
- चिह्न प्रयोगका दृष्टिले प्रतिनिधि प्रश्नहरूमध्ये २०६२ का केही प्रश्नहरू एकरूपताको अभाव देखिन्छ र पञ्चम वर्णको प्रयोगमा पनि ०६२ र ०६३ मा एकरूपताको अभाव देखिन्छ । उक्त कुराहरूमा सुधार गर्नु आवश्यक देखिन्छ ।
- विश्वसनीयताका दृष्टिले प्रतिनिधि प्रश्नहरूमध्ये निर्देशित रचना परीक्षणका प्रश्नहरू र स्वतन्त्र  लेखनसम्बन्धी निबन्ध लेखनबाहेकका अन्य प्रश्नहरू कमजोर प्रकृतिका देखिन्छन् । प्रश्नपत्र निर्माण गर्दा विश्वसनीयतामा पूर्ण ख्याल गरिनु आवश्यक देखिन्छ ।
- विषयगत वैधता र रचनात्मक वैधताका दृष्टिले निबन्धलेखनबाहेकका स्वतन्त्र रचना परीक्षणका प्रश्नहरू र निर्देशित रचना परीक्षणका प्रश्नहरू त्रुटिपूर्ण देखिएकाले यस्ता प्रकृतिका प्रश्नहरूमा सुधार ल्याउनु आवश्यक देखिन्छ ।
- प्रतिनिधि प्रश्नहरूले निर्देशित रचना लेख्नेसम्बन्धी प्रश्नहरूको निर्माण गर्दा जीवनी लेख्ने कुराको निर्माण गरेको देखिन्छ तर यस तहका विद्यार्थीका जीवनी लेख्ने क्षमताको विकास भइनसकेको हुनाले यस्ता प्रकृतिका प्रश्नहरू निर्माण नगर्नु उपयुक्त हुने देखिन्छ ।
- निर्देशित रचना र निबन्धलेखनबाहेकका स्वतन्त्र लेखनसम्बन्धी प्रतिनिधि प्रश्नहरू भाषिक दृष्टिले कमजोर प्रकृतिका देखिन्छन् । त्यसैले प्रश्नहरूमा प्रयोग भएको भाषामा सचेततापूर्वक सुधार ल्याउनु आवश्यक देखिन्छ ।

प्रस्तुत शोधमा सम्पूर्ण क्षेत्रका प्रश्नपत्रहरूको अभाव तथा अन्य कतिपय कारणले पूर्णरूपमा अनुसन्धेय खुराक प्राप्त नहुनु स्वभाविक हुनसक्छ । फेरि परिवर्तित पाठ्यक्रमअनुरूप निर्माण गरिएको विशिष्टीकरण तालिकाले समेटिनुपर्ने सबै पक्ष समेट्न नसकेको हुनसक्ने भएकोले पनि प्रश्नहरूमा प्रयुक्त सूचनाहरू पर्याप्त नहुन सक्छ । त्यसैले प्रश्नको अध्ययनमा अझ व्यापकता अपनाई वस्तुपरक र वैज्ञानिक अध्ययन गर्न पाठ्यक्रम र विशिष्टीकरण तालिकाको समेत थप अध्ययन हुनुपर्ने देखिन्छ ।

**भावी अध्ययनका लागि संभावित अध्ययन शीर्षकहरू**

- मूल्याङ्कनीय दृष्टिले अनिवार्य नेपाली, कक्षा १० को पाठयक्रमको विश्लेषणात्मक अध्ययन,
- मूल्याङ्कनीय दृष्टिले कक्षा ९ र १० को वर्तमान पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन,
- मूल्याङ्कनीय दृष्टिले माध्यमिक शिक्षा पाठ्यक्रम२०५५ (अनिवार्य नेपाली) अघि र पछिको तुलनात्मक अध्ययन,
- प्रवेशिका परीक्षाका नेपाली भाषाका प्रश्नहरूको तथ्याङ्कशास्त्रीय आधारमा अध्ययन,
- विद्यालयीय तहमा निर्माणात्मक मूल्याङ्कनको उपयोगिताको अध्ययन आदि ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज, (२०५२) **भाषा शिक्षण, केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

________ (२०५३) **नेपाली भाषा शिक्षण**, काठमाडौं : कुञ्जल प्रकाशन ।

________ (२०५८) **समसामयिक नेपाली व्याकरण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जबरा, स्वयंप्रकाश र अन्य (२०६२), **शिक्षाका मापन तथा मूल्याङ्कन**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५६) **भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौं : एम्.के. पब्लिसर्स ।

पाठ्यक्रम विकास केन्द्र, **माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५**, सानोठिमी, भक्तपुर ।

________ (२०६३) **विशिष्टीकरण तालिका (भाग-१)**, सानोठिमी, भक्तपुर ।

________ (२०६३) **प्रकाशन तथा सम्पादन शैली**, सानोठिमी, भक्तपुर ।

पौडेल, माधवप्रसाद (२०५२) **जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नपत्रको विश्लेषण (शोधपत्र)**, काठमाडौं : त्रि.वि. शिक्षाशास्त्र सङ्काय ।

शर्मा एन्ड शर्मा, (२०५५) **शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार**, काठमाडौं : एमे.के. पब्लिसर्स ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

श्रेष्ठ, दयाराम र अन्य, **अनिवार्य नेपाली (कक्षा ९ र १०)**, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

## कृतज्ञता ज्ञापन

कुनै पनि विषयमा नयाँ सत्यतथ्यको वस्तुपरक र वैज्ञानिक तवरले खोजी गरी अध्ययन विश्लेषण गर्ने कार्यलाई शोधकार्यका रूपमा लिन सकिन्छ । कुनै पनि शोधमा नयाँ सत्य-तथ्यको खोजी गर्ने कार्यले मह□वपूर्ण स्थान ओगटेको हुन्छ । शोधकार्य जस्तो गहन कार्य गर्दा नवीन विषय र क्षेत्रको अपेक्षा गरिन्छ । प्रस्तुत शोधलाई आजसम्म तुलनात्मक अध्ययन नगरिएको दुई वर्षका प्रवेशिका परीक्षाका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययनमा केन्द्रित गरिएकोले यस शोधले मह□वपूर्ण स्थान ओगट्ने छ भन्ने शोधकर्ताको अपेक्षा रहेको छ । परिवर्तित प्रक्रियाअनुरूप ०६३ मा कक्षा १० को पाठ्यक्रममा मात्र आधारित रही प्रश्नहरूको निर्माण गरेकाले ०६२ का प्रश्नहरू भन्दा ०६३ का प्रश्नहरूमा के, कति पृथकता देखियो भन्ने बारे यथासक्य तथ्यपरक र वस्तुपरक अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास यस शोधले गरेको छ । कक्षा ९ र १० वा कक्षा १० को मात्र पाठ्यक्रममा आधारित रही प्रश्नहरूको निर्माण गर्दा देखा परेका कमजोरीहरूमा समुचित ध्यान दिई आगामी परीक्षाका भाषिक प्रश्नहरूको निर्माण गर्न आधार प्रदान गर्न सकेमा र भविष्यमा हुन सक्ने यस क्षेत्रको थप अध्ययन अनुसन्धान कार्यमा यस शोधकार्यले थप मार्गदर्शन गर्न सकेमा शोधकर्तालाई सन्तोष लाग्ने छ ।

प्रस्तुत शोधकार्य यस विभागका श्रद्धेय गुरु माधवप्रसाद पौडेलको निर्देशनमा तयार पारिएको हो । शीर्षकको छनोटदेखि हालसम्म नै आफ्नो वैयक्तिक व्यस्तता रहँदा रहँदै पनि यस शोधलाई परिष्कृत र परिमार्जन गर्ने कार्यमा सदा सहयोग गर्नुहुने शोधनिर्देशकज्यूप्रति अत्यन्तै आभारी छु । यस शोधकार्यमा सल्लाह दिने विश्वविद्यालय क्याम्पसका मेरा श्रद्धेय गुरुहरू, प्रा.डा. रामचन्द्र लम्साल, प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. केदारप्रसाद शर्मा प्रति आभारी छु साथै यस शोधकार्यमा सदैव हौसला र सहयोग प्रदान गर्ने सह.प्रा.डा. पारसमणि भण्डारी, विभागीय प्रमुख सह प्रा.

श्री भोजराज ढुङ्गेलप्रति पनि कृतज्ञ छु । त्यस्तै यस शोधकार्यमा सहयोग गर्ने अन्य गुरु तथा गुरुआमाप्रति पनि आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोध कार्य गर्दा सामग्री सङ्कलन गर्न सघाउने श्री दीपेन्द्र पोखेल र नारायण खनाललाई हार्दिक धन्यवाद दिन आवश्यक ठान्दछु । त्यस्तै अन्य सम्पूर्ण आवश्यकीय सहयोग गर्ने पूज्यनीय बुबा हिमलाल पन्थी र आमा रोमकला पन्थीप्रति ऋणी छु । साथै भाइ प्रमेश्वर, बहिनीहरू दुर्गा, जमुना र मीना, श्रीमती प्रमिला र छोरी वर्षा र अन्य सहयोगी साथीहरू नवराज न्यौपाने, हेमन्त खड्का, इन्द्र बम, दिनेश घिमिरे, मोहन र यमन भट्टराई, पुष्पराज पोखरेल लगायत सम्पूर्ण शुभेच्छुक साथीहरू समेत धन्यवादका पात्र बनेका छन् ।

अन्त्यमा यस शोधकार्यको प्रारम्भदेखि नै कम्प्युटर सज्जामा सहयोग गर्ने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जन र विवेक महर्जन तथा यस शोधकार्यमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्नुहुने विद्वान्वर्गहरू, सन्दर्भ ग्रन्थका लेखकहरू, प्रश्ननिर्माताहरू सबैप्रति सदैव पुनः एकपटक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधार्थी

**महेश्वर पन्थी**

# शोधसार

| | |
|---|---|
| शोधशीर्षक : | प्रवेशिका परीक्षा ०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन |
| शोधार्थी : | महेश्वर पन्थी |
| शोधनिर्देशक : | माधवप्रसाद पौडेल |
| शैक्षिक सत्रः | २०६१/०६३ पृष्ठ सङ्ख्या : १०३ + परिच्छेद पाँच |

शोधप्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार गरिएको हो ।

प्रवेशिका परीक्षा २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको सैद्धान्तिक आधारमा अध्ययन गर्ने; २०६२ र ०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्ने; उक्त प्रश्नपत्रमा रहेका कमजोरीहरू पहिल्याउने; प्रवेशिका परीक्षाका अनिवार्य नेपाली विषयका प्रश्नपत्र सुधारका लागि सुझावहरू दिने जस्ता प्रमुख उद्देश्यमा यो शोधकार्य केन्द्रित रहेको छ ।

मुख्य रूपमा पुस्तकालीय विधिलाई नै प्रमुख रूपमा अवलम्बन गरिएको प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतको रूपमा नेपालका मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल गरी तीन विकास क्षेत्रका प्रवेशिका परीक्षाका अनिवार्य नेपाली विषयका प्रश्नहरू सामग्रीको रूपमा सङ्कलन गरी उक्त सामग्रीको अध्ययन विश्लेषणका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धति अँगालिएको छ । यस शोधमा प्रतिनिधि प्रश्नपत्रमा स्तर वा तह नखुलाइएको; ०६२ का पाठगत प्रश्नमा प्रश्न-सङ्केत नखुलेको; ०६२ का प्रश्नहरूमा अधिक विकल्पहरू दिइएको र विकल्प प्रश्नभित्र पनि विकल्पप्रश्न दिनु नसुहाउँदो भएको; पूर्णाङ्क वितरण गर्दा ०६२ र ०६३ का प्रश्नमा भिन्नता देखिएको; ०६२ मा निर्देशित रचनाको समावेश गर्नु पाठ्यक्रमअनुरूप नभएको; स्वतन्त्र लेखनका निबन्ध लेखनसम्बन्धी प्रश्न बाहेकका अन्य

प्रश्नहरू र निर्देशित रचनाका लागि निर्माण गरिएका प्रश्नहरू विश्वसनीयता र वैधताका दृष्टिले कमजोर प्रकृतिका रहेको विभेदकारिताका दृष्टिले प्रतिनिधि प्रश्नहरू उपयुक्त देखिएपनि जीवन निर्देशित रचना अन्तर्गतका जीवनी लेख्ने सम्बन्धी प्रश्नहरू व्यवहारिकताका दृष्टिले अनुपयोगी रहेका जस्ता कुराहरू निष्कर्षको रूपमा देखाइएको छ ।

पाँच परिच्छेदमा सङ्गठित गरिएको यस शोधकार्यमा क्रमशः शोधको परिचय, भाषिक प्रश्न निर्माणका विविध पक्षहरूको सैद्धान्तिक विश्लेषण; बाह्य आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन; आन्तरिक आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन र निष्कर्ष/उपसंहार खण्डमा विभाजित गरिएको छ ।

## व्यक्तिगत विवरण

**नाम** : **महेश्वर पन्थी**

**ठेगाना** : बल्कोट-४, दुन्द्रुक, अर्घाखाँची

**जन्म मिति** : २०३४-०९-२९

**बुबाआमाको नाम** : हिमलाल पन्थी र रोमकला पन्थी

**शैक्षिक योग्यता** : एम.एड. (नेपाली)

**पेसा** :

**शिक्षा**

१. **एस.एल.सी** : महेन्द्र विद्या बोध माध्यमिक विद्यालय, बल्कोट, अ.खा.

२. १०+२ : रेसुङ्गा बहुमुखी  क्याम्पस, तम्घास, गुल्मी

३. **बी.एड.** (**तीन वर्षे**) : बुटवल बहुमुखी क्याम्पस, बुटवल (रूपन्देही)

४. **एम.एड.** : विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं, २०६४ ।

**संस्थागत संलग्नता**

१. **सम्पादक** : सम्प्रेषण अङ्क ३, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

**पेशागत संलग्नता**

१. शिक्षक : हिमालयन इङ्लिस बोर्डिङ स्कुल, बल्कोट, अ.खा. (१ वर्ष)

२. शिक्षक : एक्स आर्मी इङ्लिस स्कुल, मोतिपुर, कपिलवस्तु (२ वर्ष)

**तालिम**

१. रेडियो कार्यक्रम उत्पादन तथा आधारभूत पत्रकारिता तालिम

२. आधारभूत कम्प्युटर तालिम